सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२० जेठ २०८०, शनिबार (3 June 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ५१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

जटिलता आउने आशंकाबीच परिणाममुखी भ्रमण : प्रधानमन्त्री



प्रधानमन्त्रीको बुझाइमा तीन कारणले भ्रमण सफल

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका अनुसार तीन कारणले भ्रमण ऐतिहासिक भएको छ। पहिलो, दीर्घकालीन ऊर्जा व्यापार सम्झौता धेरै नेपालीको चाहना थियो, यो दुई देशको सम्बन्धमा पछिल्लो ब्रेक थ्रु हो। बंगलादेश-भारत-नेपाल त्रिपक्षीय विद्युत् व्यापारमा भएको समझदारी पनि महत्त्वपूर्ण उपलब्धि हो। दोस्रो, भारतले नेपाललाई हवाई प्रवेश रुट (नेपालगन्ज) दिन सकारात्मक जवाफ दिएको छ। र, तेस्रो, सीमा समस्या समाधान गर्नुपर्छ भन्नेमा प्रधानमन्त्री मोदीले नै जोड दिए। 'यसकारण मेरा लागि यो भ्रमण ऐतिहासिक रह्यो,' प्रचण्डको भनाइ थियो।

प्रधानमन्त्री मध्यप्रदेशमा, आज स्वदेश फर्किँदै

सीमाबारे मोदीकै प्रस्ताव, विकल्पमा छलफल

नयाँदिल्लीमा **पर्शुराम काफ्ले**

चार दिवसीय भारतको औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले समझदारीहरूमा जटिलता आउन सक्ने आशंकाबीच भ्रमण सफल र ऐतिहासिक भएको बताएका छन्। भारतीय प्रधानमन्त्री मोदीले नै अग्रसरता लिएपछि परिस्थिति सहज भएको र समग्रमा भ्रमण परिणाममुखी भएको उनले सुनाए।

भारतीय समकक्षी नरेन्द्र मोदीसँगको भेटवार्ताको भोलिपल्ट शुक्रबार मध्यप्रदेश प्रस्थान गर्नुअघि होटेल आइसिटी मौर्यमा प्रधानमन्त्री प्रचण्डले पत्रकारमाझ भने, 'नेपालमा अलिकति नकारात्मक सोच हाबी छ। नेता, पाठक, श्रोता सबै उस्तै भएर हो कि ! तर, यहाँ धेरै नै महत्त्वपूर्ण कुराकानी भयो। धेरै राम्रो सुरुवात भयो। प्रधानमन्त्रीले भ्रमण धेरै नै महत्त्वपूर्ण र धेरै राम्रो सुरुवात भएको सुनाए, जुन विषय उनले बिहीबार हैदराबाद हाउस र नेपाल-भारत व्यापार सम्मेलनमा पनि भनेका थिए।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका अनुसार तीन कारणले भ्रमण ऐतिहासिक भएको छ। पहिलो, दीर्घकालीन ऊर्जा व्यापार सम्झौता धेरै नेपालीको चाहना थियो, यो दुई देशको सम्बन्धमा पछिल्लो ब्रेक थ्रु हो। बंगलादेश-भारत-नेपाल त्रिपक्षीय विद्युत् व्यापारमा भएको समझदारी पनि महत्त्वपूर्ण उपलब्धि हो। दोस्रो, भारतले नेपाललाई हवाई प्रवेश रुट (नेपालगन्ज) दिन सकारात्मक जवाफ दिएको छ। र, तेस्रो, सीमा समस्या समाधान गर्नुपर्छ भन्नेमा प्रधानमन्त्री मोदीले नै जोड दिए। 'यसकारण मेरा लागि यो भ्रमण ऐतिहासिक रह्यो,' प्रचण्डको भनाइ थियो।

प्रचण्डले तल्लो अरुण र फुकोट कर्णाली जलविद्युत् आयोजना निर्माणमा भएको सहमति पनि महत्त्वपूर्ण भएको सुनाए। भारतसँग ऊर्जा व्यापार सम्झौताले नेपालमा ऊर्जा क्षेत्रमा लगानीका लागि विगतको डर हटेको उनको विश्लेषण थियो।

'भारतमा ऊर्जा व्यापार गर्ने अवस्था विगतमा थिएन। बजार छैन भनेर नेपालमा ऊर्जा क्षेत्रमा लगानी गर्न लगानीकर्ता विगतमा डराए। अब लगानीकर्ताको डर

» पृष्ठ २ मा क्रमशः

कांग्रेसका भ्रातृ संस्था भद्रगोल

न नेतृत्व हस्तान्तरण, न संघीयताअनुसार संरचना



● **जीवन परियार**
सहमहामन्त्री, कांग्रेस

भ्रातृ संगठनको विषयमा पार्टीको जे भूमिका रहनुपर्ने हो त्यो लामो समयसम्म रहेन। यसले पार्टीको आन्तरिक जीवनमा नकारात्मक प्रभाव पारेको छ। यसको व्यवस्थापनमा नेतृत्व चुकेको छ। पार्टीका संरचना अपूरो र ठप्प बनाउँदा कांग्रेसलाई ठूलो क्षति पुऱ्याएको छ। चुनावमा पनि असर देखिएको छ।

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

पार्टी नेतृत्वको टकराव र आन्तरिक विवादका कारण देशको जेठो दल कांग्रेसका भ्रातृ र शुभेच्छुक संस्था भद्रगोल भएका छन्। कतिपयको वर्षौंदेखि न नेतृत्व हस्तान्तरण हुन सकेको छ, न संघीय संरचनाअनुसारको संगठन छ। लोकतान्त्रिक पद्धतिबाट नेतृत्व चयन गर्न लगाउनेतिर नभई पार्टी नेतृत्व गोजीबाट नेता तोक्ने परम्पराउन्मुख छन्। भ्रातृ र शुभेच्छुक संस्थाका नेता-कार्यकर्ता पनि नेताकै दैलो गुहार्न उद्यत् छन्।

विधानअनुसार समयमै अधिवेशन नहुँदा एकातिर कांग्रेसको नेतृत्व विकासमा बाधा पुगेको छ भने अर्कोतर्फ युवा पुस्ता नयाँ दलतर्फ आकर्षित भएका छन्। भ्रातृ संस्थालाई नै भऱ्याङ बनाएर पार्टीको केन्द्रीय तहमा पुगेका नेताले अधिवेशनको विषयलाई नजरअन्दाज गर्दै आएका छन्। कैयौं संस्थाका केन्द्रीय समिति अपूरा छन्।

मेरुदण्डका रूपमा रहेका भ्रातृ संस्था चलायमान नहुँदा नेतृत्व विकासमा ठूलो खाडल देखिएको नेताहरू नै स्वीकार गर्छन्। पार्टीभित्रको असन्तुष्टि र एक-अर्को समूहमा रहेको असहयोगको भावनाले मिति तोकिएका भ्रातृ संस्थाको पनि अधिवेशन रोक्नुपर्ने बाध्यता छ।

२ साउन ०७९ मा कांग्रेस केन्द्रीय कार्यसमितिले महासंघमा आबद्ध गर्ने र

» पृष्ठ २ मा क्रमशः



शुभेच्छुक संस्थाको पनि हालत उस्तै

समय गुज्रेपछि अधिवेशन, नयाँ मान्यता पाएकाको अधिवेशनको टुंगो छैन

कांग्रेस केन्द्रीय कार्यालयको विवरणअनुसार अधिकांश शुभेच्छुक संस्थाको समयमा महाधिवेशन हुन सकेको छैन। लामो समयदेखि महाधिवेशन नहुँदा यी संस्थाको हालत पनि भ्रातृ संस्थाकै जस्तो छ। कांग्रेसमा हाल २६ शुभेच्छुक संस्था अस्तित्वमा छन्।

कांग्रेसको लिडरसिपमा क्राइसिस आइसक्यो, झन् ठूलो असर देखिँदै छ



पुरञ्जन आचार्य
राजनीतिक विश्लेषक

इतिहासको गरिमा कायम गर्दै वर्तमान र भविष्यको चुनौती सामना गर्न सक्ने संगठन बनाउनुपर्ने हो। तर, कांग्रेसमा भ्रातृ संस्थाहरूको उपादेयताबारे लेखाजोखा नै छैन। महत्त्वपूर्ण राजनीतिक परिवर्तन भएका समयमा ०४६ अघि या ०५० सम्म ती संस्थाहरूको एउटा भूमिका थियो। पछि मातृ संस्थाको नोटिस नै हुन छाड्यो, रूपान्तरण हुन सकेन। भ्रातृ संस्थाबाट राजनीति गरेर आएका नेता पार्टी र सरकारका भूमिकामा छन्। तर, उनीहरूले नै के बनाउन चाहे भन्ने स्पष्ट छैन। अन्योलबीच भ्रातृ संस्थाहरू निष्क्रिय बने। यी संस्थाहरूको जिम्मा नेताको खल्तीमा पुग्यो। नेतालाई इच्छा लाग्दा 'एसम्यान'लाई बनाउने र भागबन्डा नमिल्दा अलपत्र छाडिदिने गरे। भ्रातृ संस्थामा राजनीति गर्नेहरू पनि नेताकै मुख ताक्न पुगे। अहिले कांग्रेसमा नेतृत्व विकास रोकिएको छ। लिडरसिपमा क्राइसिस आई नै सक्यो। कांग्रेसको बेथितिले युवाहरूको इन्गेजमेन्ट अन्तै भएको छ। नयाँ दलमा युवाहरूको आकर्षण भयो। यसको असर कांग्रेसलाई मात्र होइन देशलाई नै परेको छ। निर्वाचन र उपनिर्वाचनको परिणामले स्पष्ट पारेको छ। अब आउने चुनावमा अझै स्पष्ट हुनेछ।

एमालेका २३ वटै जनसंगठनमा महाधिवेशन

अखिलमा निर्वाचन, अरूमा सर्वसम्मत

पहिलो ठूलो दल कांग्रेसमा भद्रगोल रहे पनि दोस्रो ठूलो दल एमालेमा भने जनवर्गीय संगठन व्यवस्थित छन्। ०७८ मंसिरमा पार्टीको दशौं महाधिवेशन सकिएपछि भ्रातृ संगठनलाई पुनर्व्यवस्थित गर्ने अभियान चलाएको एमालेले एक वर्षभित्र सबैको महाधिवेशन-सम्मेलन गराएको हो। एमालेमा सामुदायिक र पेसागत क्षेत्रमा क्रियाशील २३ जनवर्गीय संगठन छन्, जसमा अनेरास्वियुको नेतृत्व मात्र चुनावी प्रतिस्पर्धाबाट भएको छ।

१४ फागुन ०७८ मा प्रगतिशील तथा पेसागत कानुन व्यवसायी संगठनको दोस्रो राष्ट्रिय सम्मेलनबाट सुरु भएको एमाले भ्रातृ संगठनहरूको सम्मेलन पछिल्लोपटक ३० चैत ०७९ मा अखिल नेपाल किसान महासंघको सातौं राष्ट्रिय महासम्मेलनसँगै सकिएको छ। सबै जनवर्गीय संगठनहरूको महाधिवेशन/सम्मेलनको उद्घाटन अध्यक्ष केपी ओलीले गरेका थिए।

एक वर्षकै बीचमा १० वर्षभन्दा लामो समयदेखि महाधिवेशन नभएका राष्ट्रिय युवा संघ, आदिवासी-जनजाति महासंघ, अनेमसंघजस्ता भ्रातृ संगठनहरूमा पनि नयाँ नेतृत्व छानिएका छन्। सबै जनसंगठनको महाधिवेशन सकिएसँगै तत्कालीन नेकपा एकता हुँदै पार्टी विभाजनसम्मको चारवर्षे कार्यकालमा भद्रगोल बनेका जनसंगठनको कमिटी छरितो र पुनर्व्यवस्थित भएको एमालेले जनाएको छ।

सिटिइभिटीको गाडी सुनकोसीमा खस्दा सहसचिवसहित तीन कर्मचारी बेपत्ता

सिन्धुलीमा **विदुर पौडेल**

मध्यपहाडी लोकमार्गअन्तर्गत घुर्मी-खुर्कोट सडकखण्डको लौकुनमा प्राविधिक तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)को स्कारपियो गाडी सुनकोसी नदीमा खस्दा तीन कर्मचारी बेपत्ता भएका छन्।

भक्तपुरको सानोठिमीबाट खोटाङतर्फ जाँदै गरेको बिएबी ७४६७ नम्बरको स्कारपियो गोलन्जोर गाउँपालिका- ७ को लौकुनबाट सुनकोसी नदीमा खसेको र तीनजना कर्मचारी बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रहरी नायव उपरीक्षक चिरञ्जीवी दाहालले बताए।

तनहुँ भानु नगरपालिका- ९ स्थायी ठेगाना भई सिटिइभिटीका सहसचिव कृष्णबहादुर केसी, पूर्वी नवलपरासी प्रगति नगरपालिका- ७ स्थायी ठेगाना भएका योजना महाशाखाका निर्देशक यमप्रसाद भुर्तेल र इलाम घर भई विद्युत् प्रशिक्षक पदमा कार्यरत भानु पौडेल बेपत्ता भएका हुन्। चालक कृष्णबहादुर चौधरी पौडिएर निस्कन सफल भएका थिए।

चालकको भनाइ उद्धृत गर्दै दाहालले बताएअनुसार गाडीको ब्रेक फेल भई भित्तातर्फ लगेको भए पनि भित्ताबाट पुनः गाडी अनियन्त्रित भई नदीमा खस्न पुगेको हो। गाडी र बेपत्ताको खोजीका लागि शुक्रबार काठमाडौंबाट गोताखोरको टोली परिचालन भएको छ। शुक्रबार साँझसम्ममा सवारीसाधन र गाडीमा सवार व्यक्तिको अवस्था पत्ता नलागेपछि खोजबिन स्थगित गरिएको र शनिबार फेरि खोजी हुने उनले बताए।



बेपत्ताको खोजी गर्दै गोताखोरको टोली

नक्कली भुटानी शरणार्थी मुद्दा

१८ प्रतिवादीकै इन्कारी बयान, आइतबारदेखि बहस

नवराज मैनाली/नयाँ पत्रिका

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने प्रलोभनमा भएको ठगी मुद्दामा सबै प्रतिवादीले अदालतमा इन्कारी बयान दिएका छन्। प्रहरी तथा सरकारी वकिलसँग भन्दा अदालतमा उनीहरूको बयान फरक छ।

पक्राउ परेका १८ जना प्रतिवादीको जिल्ला अदालत काठमाडौंमा बयान सकिएको छ। पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल र बिहीबार अदालतमा उपस्थित भएका हरिभक्त महर्जनको शुक्रबार अदालतमा बयानसँगै सबैको बयान सकिएको हो।

यो मुद्दामा ३० मध्ये १८ जना न्यायिक हिरासतमा छन्। उनीहरू सबैले अदालतमा यसमा आफ्नो संलग्नता नरहेको भन्दै इन्कारी बयान दिएका छन्। पक्राउ परेका केहीले प्रहरी र सरकारी वकिल कार्यालयमा दिएको बयानमा घटनामा संलग्न रहेको स्वीकार गरेका थिए। यो प्रकरणमा उच्चपदस्थको पोल खोल्ने व्यक्ति सानु भण्डारी र केशव दुलाल हुन्। उनीहरूले कसलाई कहिले र कहाँ कति पैसा दिएको सबै खुलाएका थिए। तर, अदालतमा भने फरक बयान दिएका छन्। मुद्दामा सरकारी वकिल र अदालतमा हरेकजसो मुद्दामा फरक-फरक बयान हुने गरेको प्रहरी अधिकारी बताउँछन्।

पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाण, पूर्वसांसद आङटावा शेर्पा, सचिव टेकनारायण पाण्डे, हज कमिटीका अध्यक्ष शमशेर मियाँ, तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलका सल्लाहकार इन्द्रजित राईलगायतलाई प्रहरीले पक्राउ गरेर अभियोजन गरेको थियो।

अब आइतबारदेखि थुनछेक बहस सुरु हुनेछ। जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंका प्रमुख अच्युतमणि न्यौपानेका अनुसार आइतबारदेखि सरकारी वकिलले बहस गर्नेछन्। त्यसपछि प्रतिवादीका वकिलले बहस गर्नेछन्। अन्तिममा सरकारी वकिलको जवाफी बहस भएपछि अदालतबाट थुनछेक आदेश हुनेछ। प्रक्रिया टुंगिन अझै करिब एक साता लाग्ने अदालतका कर्मचारी बताउँछन्।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

उक्साहटमा मविरुद्ध बयान भएको हुन सक्छ

● **टोपबहादुर रायमाझी**



मेरो राजनीतिक छवि धुमिल्याउन कसैको उक्साहटमा आएर निज (केशव दुलाल)ले यस्तो बयान दिएको हुन सक्छ। म ऊर्जामन्त्री भएको समयभन्दा अगाडि संसद् सदस्य रहेको अवस्थामा भुटानी शरणार्थीको समस्या समाधानका लागि विभागीय मन्त्रालयले कार्यदल बनाएको भन्ने कुरा पत्रपत्रिकाबाट थाहा पाएको थिएँ, तर नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाई अमेरिका पठाइदिने विषयमा भने मलाई केही जानकारी छैन।

प्रहरीले दबाब दिएर बयान गरायो

● **टेकनारायण पाण्डे**



मैले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानको व्यहोरा दबाबमा गराइएको हो। मध्यरातमा निद्रामा भएको अवस्थामा मेट्रो प्रहरीमा पटक-पटक लगी मानसिक रूपमा दबाब दिइएको थियो। बयान पनि प्रहरी घेरामा राखी गराएर अन्तिममा सरकारी वकिलको सहीछाप गराइएको हो। अनुसन्धानमा भएको बयान व्यहोरा केही मैले लेखाएबमोजिमको सत्य हो भनेर गराइएको हो।

सचिवलाई पैसा दिएको झुट कुरा हो

● **इन्द्रजित राई**



सचिवको गाडीमा ड्राइभरको सहमतिविना कसरी पैसा राखिदिन सक्छ ? पैसा राखिदिएको भए सोको जानकारी ड्राइभरलाई समेत हुनुपर्ने हो। गृहसचिवको कार्यकक्षमा प्रवेश हुनुभन्दा पहिला सिसिटिभी तथा सुरक्षा गार्डको समेत अनुमति हुनुपर्छ। सोसमेत रेकर्डमा चेक होस्। गृहसचिवको गाडीमा पैसा पठाएको भन्ने काल्पनिक हो।

तराई-मधेसमा चल्यो लु

तराई-मधेसका विद्यालयमा गर्मी बिदा

झापामा **चिरञ्जीवी घिमिरे**, जनकपुरधाममा **हदिश खुदार**, वीरगन्जमा **तिवारी यादव**, रौतहटमा **अशोक पहाडी**, भरतपुरमा **विवेक पोखेल**, बुटवलमा **विष्णु घिमिरे** र बाँकेमा **विश्वराज पछ्लडङ्गया**

तराई-मधेसमा अत्यधिक गर्मी बढेको छ। प्रिमनसुनको उत्तरार्द्धमा वर्षा गराउने जलवायुजन्य गतिविधि निष्क्रियप्रायः बनिदिएपछि मुलुकभर अधिकतम र न्यूनतम तापक्रम उकालो लागेर गर्मी बढेको हो।

मध्यतराईमा अधिकतम तापक्रम ४२ डिग्री सेल्सियससम्म पुगेपछि तातो हावा (लु) पनि चल्न थालेको छ, जसकारण दैनिक जनजीवन प्रभावित भएको छ। लु चल्न थालेपछि झापा, पर्सा, सप्तरी, रौतहट, सिराहा, बाँकेका कतिपय पालिकाले विद्यालयको पठनपाठन दुई दिनदेखि एक सातासम्मका लागि बन्द गरेका हुन्।


जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार यस वर्ष वैशाख पहिलो साता लु चलेकामा फेरि पछिल्लो पाँच दिनदेखि लु चल्न थालेको हो। तराई क्षेत्रमा तत्काल वर्षाको सम्भावना नरहेको, हावाहुरी पनि खासै नचलेको र बदली पनि नभएकाले अझै पाँच दिन तापक्रम उच्च नै रहने आकलन मौसमविद्ले गरेका छन्। पहाडी क्षेत्रमा साँझ-बिहान हल्का बदली र फाट्टफुट्ट वर्षा भए पनि काठमाडौंसहितका पहाडी भूभागका उपत्यका तथा खोँचमा समेत तापक्रम उच्च छ।

मौसमविद् विनु महर्जनका अनुसार पश्चिमी र स्थानीय वायु रहे पनि सक्रिय हुन सकेको छैन, वर्षा

» पृष्ठ २ मा क्रमशः

लुबाट कसरी जोगिने ?

तातो हावा अर्थात् लुबाट हुने सम्भावित असर थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्तालगायत हुन्। लुबाट बच्न बढी गर्मीयाममा घरभित्र वा अनुकूल मौसम रहेको स्थानमा रहने, दिउँसो बाहिर नजाने, जाने परेमा छाता ओढ्ने, टाउको छोप्ने, टोपी लगाउने, घाममा बढी नबस्ने, हल्का तथा सुतीका लुगा लगाउने, पटकपटक पानी तथा झोल पदार्थ (जुस, सर्वत) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रहनुपर्छ।



स्रोत : जल तथा मौसम विज्ञान विभाग

जटिलता आउने...

पृष्ठ १ बाट क्रमशः

हराउने भयो । अब ऊर्जा क्षेत्रमा उत्साहजनक रूपमा लगानी आउँछ,' प्रधानमन्त्री प्रचण्डको भनाइ थियो । नेपालले ऊर्जा व्यापारभन्दा ऊर्जा खपतमा पनि जोड दिने प्रचण्डको भनाइ छ ।

भारतले नेपालमा विदेशी (चिनियाँ) लगानीकर्ता तथा ठेक्का प्रक्रियामा चिनियाँ सामेल भएर उत्पादित बिजुली खरिद गर्न अरुचि देखाउँदै आएको छ । यस विषयमा पनि प्रचण्डले मोदीसँग एकान्त वार्तामा कुराकानी गरेका छन् । उनका अनुसार ग्लोबल टेन्डरबाट बन्ने विद्युत् खरिदमा भारत तयार भएको छ ।

'मैले औपचारिक र एकान्त वार्तामा पनि भनेँ कि ग्लोबल टेन्डरका क्रममा जोसुकैले पनि ठेक्का पाउने अवस्थामा उत्पादित बिजुली लिन्न भन्न भएन । विदेशी (चिनियाँ) लगानीबाट उत्पादित बिजुली नकिन्ने भन्ने त छ, तर ग्लोबल टेन्डरबाट आएका विदेशी कम्पनी सामेल भएर उत्पादित बिजुली लिनुपर्छ भन्ने कुरा हुँदा यसमा हाम्रो सहमति भयो,' प्रचण्डले भने, 'अब विदेशी ठेकेदार कम्पनीहरू सामेल भएर उत्पादित बिजुली व्यापारका लागि बाटो खुल्यो । हिजोको वार्तापछि अब बाटो खुल्यो ।'

असहज भएको त्यो भेटवार्ता

दिल्ली आएको साँझ भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल र विदेशसचिव विनयमोहन क्वात्रासँगको भेटवार्तामा सहज अनुभूति नभएको उनले संकेत गरे । डोभाल र क्वात्राले प्रधानमन्त्रीसँग बुधबार साँझ ६ बजे प्रधानमन्त्रीसँग पहिलो शिष्टाचार भेट गरेका थिए ।

स्रोतका अनुसार डोभालसँग भेट तय भए पनि उनीसँगै विदेशसचिव आउँछन् भन्ने प्रचण्डको अनुमान थिएन । एकान्त संवाद तय भएकोमा क्वात्रा पनि आएपछि प्रधानमन्त्रीले मुख्यसचिव शंकरदास बैरागी र परराष्ट्रसचिव भरतराज पौड्यालालाई पनि साथमा राखेका थिए । तर, मुख्यसचिव र परराष्ट्रमन्त्री साथमा नहुँदा उनीहरूलाई प्रधानमन्त्रीको सचिवालय टिमले खोज्नुपरेको थियो ।

'प्रधानमन्त्रीकहाँ डोभाल र क्वात्रा आइसक्दा मुख्यसचिव शंकरदास बैरागी र परराष्ट्रसचिव भरतराज पौड्याल होटेल परिसरमा हुनुहुन्थ्यो, प्रधानमन्त्रीकहाँ छोरीबाहेक कोही थिएन,' प्रधानमन्त्रीका एक टिम सदस्यले सुनाए, 'प्रधानमन्त्रीले खोजेपछि उहाँहरूलाई खोजेर लैजानुपऱ्यो ।'

प्रधानमन्त्री प्रचण्डले सञ्चारकर्मीलाई उक्त भेटवार्ताको विषयवस्तु सुनाएनन्, तर सहज नभएको स्पष्ट रूपमा सन्देश दिए । भेटवार्तापछि साँझ नेपाली राजदूतावासद्वारा आयोजित कार्यक्रममा जाँदा प्रधानमन्त्रीले आफ्नो अनुहार उज्यालो नभएको सुनाए । 'बीचमा जटिलता आउने हो कि भन्ने थियो, तर कुल मिलाएर राम्रो भयो,' प्रधानमन्त्री प्रचण्डले डोभाल र क्वात्रासँगको भेटलाई संकेत गर्दै भने । तर, उनले जटिलता के-के विषयमा कसरी आउन लागेको थियो भन्ने स्पष्ट पारेनन् ।

समकक्षी मोदीसँग एकान्त संवाद तीनपटक भएको र त्यसले परिस्थिति सहज बनाएको प्रचण्डको भनाइ थियो । 'मोदीजीसँग मेरो तीनपटक एक्लाएक्लै कुराकानी भयो । पहिला २०-२५ मिनेट कुराकानी भयो । त्यसपछि बीचबीचमा पाँच-सात मिनेट/पाँच-सात मिनेट एकान्त कुराकानी भयो । हाम्रोबीचमा सहमतिको वातावरण बनाउन मोदीजीले नै पहल गर्नुभयो,' प्रधानमन्त्री प्रचण्डले सुनाए ।

प्रधानमन्त्री प्रचण्डको भनाइमा मोदीको ध्यान नेपालको स्वच्छ नवीकरणीय ऊर्जामा थियो । हाइड्रोजन ऊर्जाका लागि पनि स्वच्छ ऊर्जा आवश्यक रहेको तथा भविष्यमा नेपाल र भारतबीच सहकार्य हुन सक्ने प्रधानमन्त्रीको विश्वास छ ।

प्रधानमन्त्रीको भ्रमणबारे भारतीय दैनिक पत्रिकाले शुक्रबार प्रमुखताका साथ समाचार दिएकोमा पनि प्रधानमन्त्री प्रचण्ड प्रसन्न थिए । 'भारतको मेनलाइन मिडियाले कुनै पनि प्रधानमन्त्रीको भ्रमण यति महत्त्वसाथ कभर गरेको हुन्थ्यो, यसपटक भयो,' प्रधानमन्त्री प्रचण्डले भने ।

लो अल्टिच्युड हवाई प्रवेश बिन्दु भारतले नेपालगन्जबाट दिने सहमति भएको प्रचण्डले सुनाए । 'हामीले हाई अल्टिच्युडमा महेन्द्रनगरबाट हवाई रुट दिन भन्यौं । अहिले लो अल्टिच्युडमा सहमति भयो । बाँकी कुरा सकारात्मक छ,' प्रचण्डको भनाइ थियो ।

सीमाबारे मोदीकै प्रस्ताव, विकल्पमा छलफल

प्रधानमन्त्री प्रचण्डले सधैं सीमाको विषय नेपालले उठाउँदै गरेकोमा यसपटक मोदीले सधैंका लागि यो विषय समाधान गर्नुपर्ने बताउनु आफैंमा 'ब्रेक थ्रु' भएको टिप्पणी गरे । 'कहिल्यै पनि सीमाका विषयमा मोदीजीले आफ्नो मुखबाट भन्नुभएको थिएन, हामीहरूले नेपालमा भन्दै आएका थियौं,' प्रचण्डको भनाइ थियो, 'अहिले उहाँ आफैंले सधैंका लागि यो विषय समाधान गर्नुपर्छ । संवाद सुरु गरौं भन्नुभयो, यो पनि ब्रेक थ्रु नै हो ।'

प्रधानमन्त्रीले नेपाल-भारत सीमा समस्या समाधानका लागि विकल्पमा छलफल भएको पनि सुनाए । भारत र बंगलादेशबीच २०१५ जुन ६ मा भएको सीमा सम्झौताको एउटा मोडल नेपाल-भारत सीमा समस्या समाधानका लागि उपयुक्त हुन सक्ने प्रधानमन्त्रीको भनाइ थियो । 'हामीलाई बंगलादेश पुग्ने सीधा बाटो चाहिएको छ । विज्ञहरूले यो विषय उठाउँदै आएका छन् । यो पनि विकल्प हुन सक्छ । अथवा त्यहीं (कालापानी, लिम्पियाधुरा)मै केही विकल्प हुन सक्छ । जे होस् विकल्पबारे सोच्न सुरु भयो,' प्रधानमन्त्रीले सुनाए, 'सीमाको विषय राखिराख्यो भने सम्बन्ध सहज हुँदैन भन्ने कुरा भयो । विकल्प हुन सक्छन् । त्यसमा जानुपर्छ वा त्यहीं पनि केही हुन सक्छ । हाम्रोबीचमा सिर्जनात्मक बहस सुरु भयो ।'

इपिजी : विवादतिर लागिएन

प्रधानमन्त्री प्रचण्डले नेपालमा इपिजीको प्रतिवेदनबारे बढी गम्भीरतापूर्वक लिइएको, तर यसमा अहिले विवाद गर्नु नपर्ने बताए । मोजीसँग कुराकानी सहज बनाउन इपिजीको प्रतिवेदनबारे कुराकानी नगरेको उनले बताए । 'कन्स्ट्रक्टिभ कुरा गरौं भन्ने थियो । यो विषय (इपिजीको प्रतिवेदन) राखेर नेपाल-भारत सम्बन्ध राम्रो हुँदैन भने किन गर्ने भन्ने भयो । यसमा छलफल भएन,' प्रधानमन्त्रीले भने, 'यो विषय उठाएर माहोल बिगार्न लागिएन । यो विवाद गर्ने विषय पनि होइन ।'

तीन वर्षयता रोकिएको गोर्खा भर्तीबारे मोदीसँग अनौपचारिक कुराकानी भएको प्रधानमन्त्रीको भनाइ थियो । तर, यसबारे भएको संवादबारे प्रधानमन्त्रीले थप बताएनन् । 'यसबारे अनौपचारिक रूपमा कुराकानी भएको छ । पछि तपाईंहरूलाई यसबारे बताउनेछु,' प्रधानमन्त्रीको टिप्पणी थियो ।

पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाको डिपिआर निर्माणमा तल्लो शारदा ब्यारेजको पानी विवादमा अवरोध हुँदै आएको छ । तर, अहिले पञ्चेश्वरको बहस नयाँ रूपमा प्रवेश गरेको उनको भनाइ छ ।

नागरिकता विधेयक प्रमाणीकरणमा संविधानको उल्लंघन भयो : एमाले

नयाँ पत्रिका

प्रमुख प्रतिपक्ष दल एमालेले प्रधानमन्त्रीको भारत भ्रमणको केही घन्टाअघि नागरिकतासम्बन्धी विधेयक प्रमाणीकरण गरेर सरकार र राष्ट्रपति कार्यालयले नागरिकताको सवाललाई बाह्य चासोको विषयका रूपमा स्थापित गर्न खोजेको टिप्पणी गरेको छ । केन्द्रीय सचिवालयको शुक्रबारको बैठकले सरकार र राष्ट्रपतिको कदमले नागरिकता बाह्य चासोको विषय हो भन्ने गलत नजिरको आशंकालाई बलियो बनाएको निष्कर्ष निकालेको हो ।

'प्रधानमन्त्रीको विदेश भ्रमणको केही घन्टाअगाडि संविधान र विधि-प्रक्रियाविपरीत गरिएको यस प्रमाणीकरणले सरकार र राष्ट्रपति कार्यालय नागरिकताको विषय नेपालको आन्तरिक मामिला होइन, बाह्य चासोको विषय हो भन्ने गलत नजिर स्थापित गर्न चाहेको आशंकालाई बलियो बनाएको छ,' बैठकमा पारित प्रस्तावमा छ । १७ वैशाखमा प्रधानमन्त्री भारत भ्रमण जाने केही घन्टाअघि राष्ट्रपतिले नागरिकता विधेयक प्रमाणीकरण गरेका थिए ।

एमालेले विधेयक प्रमाणीकरणबाट संविधानको ठाडो उल्लंघन भएको र संसद्को अपमान गरेको जनाएको छ । विधेयक प्रमाणीकरणसम्बन्धी राष्ट्रपति कार्यालयको वक्तव्य नेपालको संविधान, प्रचलित कानुन एवं स्थापित संसदीय मान्यताविपरीत रहेको एमालेको दाबी छ । 'मन्त्रिपरिषद्ले विधेयक प्रमाणीकरणको सिफारिस गर्ने र राष्ट्रपतिबाट प्रमाणित गर्नु संसद्को अपमान हो भन्ने कुरामा दुविधा छैन,' एमालेको प्रस्तावमा छ ।

कुनै पनि नेपाली नागरिक नागरिकताबाट वञ्चित नहून् र कुनै पनि गैरनागरिकले नागरिकता प्राप्त गर्ने स्थिति नबनोस् भन्ने कुरामा हाम्रो पार्टी स्पष्ट रहेको भन्दै अहिलेको विधेयकले दीर्घकालीन रूपमा नागरिकता समस्याको समाधान नगर्ने निष्कर्ष पनि निकालेको छ । बैठकपछि उपमहासचिव प्रदीप ज्ञवालीले भने, 'असंवैधानिक प्रक्रियाबाट अगाडि बढाउन खोजिएको यस कदमले नागरिकता समस्याको कुनै दिगो समाधान दिन सक्दैन ।'

गणतन्त्र दिवसका अवसरमा टीकापुर घटनाका दोषी रेशम चौधरीलाई आममाफी दिएर रिहा गरिएकोमा गम्भीर आपत्ति प्रकट गर्दै एमालेले त्यसबाट कानुनलाई चुनौती दिने गरी दण्डहीनतालाई संस्थागत गरेको जनाएको छ ।

१३ जना केन्द्रीय सदस्य मनोनीत

बैठकले विभिन्न पार्टीबाट एमालेमा प्रवेश गरेका र जिम्मेवारी दिन बाँकी रहेका १३ जनालाई केन्द्रीय कमिटी सदस्यमा मनोनीत गरेको छ । एकीकृत समाजवादीबाट प्रवेश गरेका मुकुन्द न्यौपाने, भागवत विश्वासी, चूडामणि जंगलीलगायत केन्द्रीय सदस्य मनोनीत भएका छन् । त्यस्तै, प्रेमबहादुर सिंह, हेमराज राई, ठम्बर विष्ट, उमाशंकर अरगरिया, अजय गुप्ता, एकवाल मियाँ, गणेश खनाल, प्रेम तामाङ, यमबहादुर परियार र सुरेन्द्र मानन्धर पनि मनोनीत भएका छन् । अन्य प्रवेशीलाई पनि केन्द्रीय कमिटी र केन्द्रीय विभागमा जिम्मेवारी दिने गरी पार्टीले परामर्श गरिरहेको उपमहासचिव ज्ञवालीले बताए ।

बैठकले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलसहित पदाधिकारी, स्थायी समिति, पोलिटब्युरो र केन्द्रीय सदस्यहरूको कार्यविभाजन गरेको छ । सचिव रघुवीर महासेठले मिसन ग्रास रुट अभियानको समीक्षा र अनुभवका आधारमा सचिवालयले नयाँ कार्यविभाजन गरेको बताए । उनका अनुसार अधिकांश स्थायी समिति सदस्यलाई केन्द्रीय विभाग, पोलिटब्युरो सदस्यलाई जिल्ला इन्चार्ज र केन्द्रीय सदस्यलाई पालिकाको जिम्मेवारी तोकिएको छ ।

जसअनुसार योजना र नीतिसँग जोडिएको विभागको संयोजनमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, पूर्वाधार निर्माण र विकाससँग जोडिएका विभागको संयोजनमा सुरेन्द्र पाण्डे, कृषि तथा उद्यमशीलतासँग जोडिएको विभागको संयोजनमा रामबहादुर थापा, सामाजिक विकाससँग जोडिएका विभागको संयोजनमा अष्टलक्ष्मी शाक्य, मानव स्रोतसँग जोडिएका विभागमा युवराज ज्ञवाली, सुशासन र सेवा प्रवाहसँग जोडिएका विभागमा सुवास नेम्वाङ, संगठन, प्रशिक्षण र प्रचार विभागको संयोजनमा विष्णुप्रसाद पौडेललाई जिम्मेवारी तोकिएको छ ।

त्यस्तै, प्रदेशहरूको इन्चार्जको जिम्मेवारी पनि हेरफेर गर्दै सचिवहरूलाई तोकेको छ । जसअनुसार सुदूरपश्चिम प्रदेशमा छविलाल विश्वकर्मा, कर्णाली प्रदेशमा लेखराज भट्ट, लुम्बिनी प्रदेशमा पद्मा अर्याल, गण्डकी प्रदेशमा गोकर्ण विष्ट, मधेस प्रदेशमा योगेश भट्टराई, कोसी प्रदेशमा रघुवीर महासेठलाई जिम्मेवारी तोकेको छ भने बागमती प्रदेशको कामको संयोजन केन्द्रीय कार्यालयले नै गर्ने गरी जिम्मेवारी तोकेको छ । त्यस्तै, संगठन विभाग प्रमुख काशीनाथ अधिकारी, प्रचार तथा प्रकाशन विभागमा राजेन्द्र गौतम तोकिएका छन् भने स्थायी कमिटी र पोलिटब्युरो सदस्यलाई जिल्लाको इन्चार्ज र केन्द्रीय सदस्यहरूलाई पालिका नै तोकेर भूगोलकेन्द्रित जिम्मेवारी दिइएको छ । यसबाहेक कामका तीन क्षेत्र स्कुलिङ, प्रचार र जनसंगठन समन्वय गर्ने गरी सातवटा प्रदेशमा केन्द्रीय सदस्यहरूलाई जिम्मेवारी तोकिएको छ ।

एकपछि अर्को सहकारीमा सञ्चालकको ठगी धन्दा

निक्षेपकर्ताको पैसा मिटरब्याज र घरजग्गामा, ८ करोड डुब्यो

काठमाडौं / बुढानीलकण्ठस्थित एक सहकारीका सञ्चालकले निक्षेपकर्ताको पैसा मिटरब्याज तथा घरजग्गामा लगानी गरेर डुबाएका छन् । एकताबद्ध बचत तथा ऋण सहकारी संस्थाका सञ्चालकले सर्वसाधारणको आठ करोड रुपैयाँभन्दा धेरै रकम डुबाएका हुन् ।

सहकारीमा जम्मा गरिएको रकम हिनामिना गरी डुबाउने कार्यकारी अध्यक्षसहित ६ जनालाई पत्राउ गरी केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले अनुसन्धान थालेको छ । अध्यक्ष भानुकुमार शर्मा, उपाध्यक्ष प्रमोदकुमार न्यौपाने, सचिव सोमलाल श्रेष्ठ, कोषाध्यक्ष रामकुमार श्रेष्ठ, सञ्चालका सदस्य वीरबहादुर तामाङ र व्यवस्थापक शम्भु कार्की प्रहरी नियन्त्रणमा छन् । उनीहरूविरुद्ध एक सय ७७ जनाको उजुरी परेको ब्युरोका एसपी सञ्जयसिंह थापाले जानकारी दिए । उजुरीमा बचतकर्ताको आठ करोड १८ लाख ८९ हजार सात सय ९५ रुपैयाँ संस्थाले फिर्ता नगरेको उल्लेख छ ।

अनुसन्धानका क्रममा रकम हिनामिनामा अध्यक्ष शर्मा र व्यवस्थापक कार्कीको मुख्य भूमिका देखिएको प्रहरीले जनाएको छ । अनुसन्धानमा आबद्ध सिआइबीका एक अधिकारीका अनुसार संस्थाको पैसा निकालेर अध्यक्ष शर्माले मिटरब्याजमा लगानी गरेका थिए । केही जग्गामा लगाएका थिए । दुवै लगानी डुबेपछि संस्थाको पैसा फिर्ता हुन सकेन । जसकारण निक्षेपकर्ताले आफ्नो बचत फिर्ता पाउन सकेनन् । संस्थाको पैसा नियमविपरीत व्यक्तिगत नाफाका लागि लगानी गर्दा सहकारी डुबेको हो । सहकारी हाल बन्द छ । नियमविपरीत संस्थाको पैसा सञ्चालकद्वारा दुरुपयोग हुँदा पनि नियमन नभएकाले सर्वसाधारणको पैसा फिर्ता हुन नसकेको प्रहरी अधिकारीहरूको भनाइ छ ।

यसैबीच एक लाखभन्दा धेरै सर्वसाधारणलाई ठगी गरेको शिव शिखर बहुउद्देश्यीय सहकारी संस्थाका १० जनाविरुद्ध शुक्रबार जिल्ला अदालत भक्तपुरमा मुद्दा दायर भएको छ । तीनजना पत्राउ परेकोमा थप सातजनालाई फरार प्रतिवादीका रूपमा केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले मुद्दा दायर गरेको हो । भक्तपुरका निक्षेपकर्ताको जाहेरी लिई अनुसन्धान गरेर सरकारी वकिलमार्फत मुद्दा दायर गरिएको सिआइबीले जनाएको छ । भक्तपुरका एक हजार चार सय ३९ जनाले सिआइबीमा जाहेरी दिएका थिए । ७५ करोड ३२ लाख रुपैयाँको जाहेरी प्रहरीमा परेको छ । यद्यपि, भक्तपुरस्थित केन्द्रीय कार्यालय र शाखा कार्यालयमा सदस्य रहेकाहरूको एक अर्ब ७१ करोड निक्षेप देखिएकाले त्यसलाई समेत माग दाबीका रूपमा अदालतमा मुद्दा दायर भएको छ ।

कांग्रेसका भ्रातृ...

पृष्ठ १ बाट क्रमशः

नयाँलाई मान्यता दिने निर्णय गरेसँगै पछिल्लो अद्यावधिक विवरणअनुसार कांग्रेसमा १३ भ्रातृ र २६ शुभेच्छुक संस्था अस्तित्वमा छन् । तर, अस्तित्वमा रहेका कुनै पनि भ्रातृ संस्थाको अधिवेशन समयमा हुन सकेको छैन ।

लामो समय महाधिवेशन नहुँदा भ्रातृ संस्थाबाट लिन सक्ने लाभसमेत कांग्रेसले गुमाएको छ । प्रतिस्पर्धी राजनीतिक दलका भ्रातृ संस्थाको तुलनामा कमजोर देखिएको कांग्रेसकै नेता बताउँछन् । निष्क्रिय भ्रातृ तथा शुभेच्छुक संस्थाको नेतृत्वको मनोबल कमजोर हुँदा यसले पार्टी निर्माणसँगै निर्वाचनसम्म प्रभावित हुने गरेको नेताहरू बताउँछन् ।

तरुण दल अध्यक्ष विद्वान गुरुङ समयमै नेतृत्व हस्तान्तरण हुन नसक्दा युवा नेतृत्वले अवसर पाउन नसकेको गुनासो गर्छन् । 'केही दिनमै केन्द्रीय समितिलाई पूर्णता दिने तयारीमा छौं । समयमा महाधिवेशन नहुँदा निर्वाचन र राष्ट्रिय राजनीतिका मुद्दामा अपेक्षाकृत सक्रिय हुन सकिएको छैन,' उनी भन्छन्, 'कांग्रेसका युवा अवसरबाट पनि वञ्चित हुनुपऱ्यो । पार्टीले पाउने लाभ पनि लिन सक्ने अवस्था रहेन । केन्द्रको अधिवेशनको टुंगो लागेपछि संघीय संरचनाअनुसार तीनै तहमा संरचना बनाउनेछौं ।'

महिला संघकी पूर्वअध्यक्ष तथा केन्द्रीय सदस्य डा. डिला संग्रौला पार्टीका मेरुदण्डका रूपमा रहेका भ्रातृ संस्था कुँजो बनाएर राख्दा पार्टी चलायमान हुन नसकेको बताउँछिन् । ' भ्रातृ संस्था कुँजो बनाएर राख्दा पार्टी चलायमान हुन सकेको छैन । नेतृत्वले छिटोभन्दा छिटो पूर्णता दिएर चलायमान बनाउनुपर्छ । भ्रातृ संस्थाको नेतृत्व विकासले पार्टीमा नेतृत्व विकासको प्रक्रिया ठप्प बनाएको छ । अब ढिला गर्ने छुट कांग्रेसलाई छैन,' उनी भन्छिन् ।

किसान महासंघ, जनजाति महासंघ, तरुण दल, नेविसंघ र महिला संघबाहेकको तदर्थ समिति संयोजकसमेत तोकिएको छैन । यसले महाधिवेशन तयारीसमेत अनिश्चित बनाएको छ । नेपाल भूतपूर्व सैनिक संघका निवर्तमान महासचिव मेघराज टण्डन ३ फागुन ०७८ मा पार्टीले कार्यसमिति विघटन गरेपछि तदर्थ समिति पनि गठन हुन नसकेको र महाधिवेशन तयारी गर्न नपाएको बताउँछन् । 'तदर्थ समिति पनि छैन । त्यसैले महाधिवेशनका लागि केही गर्ने अवस्थै भएन,' उनले भने ।

कांग्रेसमा भ्रातृ संस्था चलायमान बनाउन महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापालगायतका युवा नेताले जोडबल गरेका छन् । तर, उनीहरूको हस्तक्षेप पुगेको छैन । नेविसंघ पूर्वअध्यक्ष तथा कांग्रेस केन्द्रीय सदस्य प्रदीप पौडेल सबै समस्या मूल नेतृत्वकै कारण आएको र नेतृत्व परिवर्तन नभएसम्म सुधारको अपेक्षा गर्न नसकिने जिकिर गर्छन् ।

'भ्रातृ संस्थामा स्वतःस्फुर्त नेतृत्व चयन गर्न सक्ने अवस्था हुनुपर्छ । अहिलेको नेतृत्वले आफूअनुकूलका दास र भक्त मात्रै उत्पादन गर्न चाहेको छ । अहिलेको मूल प्रश्न कांग्रेसमा कस्तो तरिकाले नेतृत्व विकासको प्रक्रिया तयार गरिएको छ भन्ने हो,' उनी भन्छन्, 'चाकरहरूलाई मात्रै अवसर दिँदा भ्रातृ संस्थाले वर्गीय कुरा गर्न सक्दैन र मुद्दामा रहेर पार्टीलाई खबरदारी पनि गर्न सक्दैन । मुख्य समस्या नेतृत्वको हो । यो परिवर्तन नभएसम्म सुधारको अपेक्षा गर्न सकिँदैन ।'

कांग्रेसले १६ साउन ०७७ मा केन्द्रीय कार्यसमिति बैठकबाट निर्णय गरी तरुण दल, विद्यार्थी संघ, प्रजातन्त्र सेनानी संघ, किसान संघ, दलित संघ, आदिवासी जनजाति संघ, लोकतान्त्रिक अपांग संघ, नेपाल तामाङ संघ र नेपाल ठाकुर समाजको म्याद ६ महिना थप गरेको थियो । तर, थप भएको समयभित्र कुनै पनि भ्रातृ संस्थाको अधिवेशन हुन सकेन ।

निर्धारित समयमा अधिवेशन हुन नसकेपछि १३ माघ ०७७ मा केन्द्रीय समिति बैठकमार्फत पुनः ६ महिना म्याद थप्ने निर्णय गरेको थियो । तर, दोस्रोपटक थपिएको अवधिमा पनि अधिवेशनको प्रक्रिया अगाडि बढ्न सकेन ।

तत्पश्चात् ३० साउन ०७८ मा केन्द्रीय समिति बैठकले विद्यार्थी संघ, तरुण दल, प्रजातन्त्र सेनानी संघ, किसान संघ, दलित संघ, आदिवासी जनजाति संघ, राष्ट्रिय लोकतान्त्रिक अपांग संघ, तामाङ संघ र नेपाल ठाकुर समाजको पदावधि फेरि ६ महिना थप गर्ने निर्णय भएको थियो । जसको अवधि गत माघ मसान्तमा सकियो ।

३ फागुन ०७८ मा कांग्रेस कार्यसमिति बैठकले महाधिवेशन हुन नसकेका १० भ्रातृ संस्थाको कार्यसमिति विघटन गर्दै फागुन मसान्तभित्र तदर्थ समिति बनाउने निर्णय गऱ्यो । यसको जिम्मा सभापति शेरबहादुर देउवालाई दिइयो ।

तर, देउवाले ९ चैतमा मात्रै तरुण दल र नेविसंघको संयोजक तोके । तीनै तहको निर्वाचन परिणाम आएको तीन महिनाभित्र महाधिवेशन सम्पन्न गर्ने र समयमा सम्पन्न गर्न नसके कार्यसमिति स्वतः विघटन हुने केन्द्रीय समितिको निर्णय थियो । तर, यस अवधिमा कुनै पनि भ्रातृ संस्थाको अधिवेशन हुन सकेन ।

निर्वाचन सकिएको ६ महिनासम्म पनि कुनै संस्थाको महाधिवेशन हुन सकेको छैन । तिनै कार्यसमिति अस्तित्वमा छन् । यसबीचमा कांग्रेसले भ्रातृ संस्थाका विधानमा एकरूपता दिने र नयाँ विधानअनुसार महाधिवेशन गर्ने गृहकार्य थालेको थियो । पछिल्लो समय वैशाख मसान्तभित्र महिनापछि तयारी गरियो, तैपनि हुन सकेन । तदर्थ समिति गठन भएकाहरूको पनि कांग्रेसभित्रको किचलोका कारण केन्द्रीय समिति विस्तार हुन सकेको छैन ।

कस्तो अवस्थामा छन् भ्रातृ संस्था ?

- **नेपाल विद्यार्थी संघ** : ०७३ पछि महाधिवेशनको साढे दुई वर्षपछि पनि महाधिवेशन हुन नसकेपछि अध्यक्ष नैनसिंह महरले राजीनामा दिए । १६ माघ ०७६ मा राजीव ढुंगानाको संयोजकत्वमा तदर्थ समिति बन्यो, तर महाधिवेशन भएन । केन्द्रीय सदस्य बनेपछि पनि ढुंगानाले विधानको व्यवस्थाविपरीत जिम्मेवारी सम्हाले । ९ चैत ०७८ मा दुजाङ शेर्पाको संयोजकत्वमा तदर्थ समिति बनाइयो । पटक-पटक तदर्थ समितिको म्याद थप भयो । अझै तदर्थ समितिको कार्यसमितिले पूर्णता पाउन सकेको छैन । महाधिवेशन अनिश्चित छ ।
- **नेपाल तरुण दल** : ०७३ पछि नियमित अधिवेशन हुन सकेको छैन । महाधिवेशनबाट निर्वाचित समयमा अधिवेशन नभएपछि जितजंग बस्नेत नै १४औं महाधिवेशबाट केन्द्रीय सदस्य निर्वाचित भएपछि समेत विधानको व्यवस्थाविपरीत जिम्मेवारी सम्हाले । ९ चैत ०७८ मा सभापति देउवाले विद्वान गुरुङलाई तदर्थ समितिको अध्यक्ष बनाए । केन्द्रीय समितिसमेत अपूर्ण छ ।
- **नेपाल महिला संघ** : ०७३ पछि महाधिवेशन भएको छैन । महाधिवेशन नहुँदा अध्यक्ष बनेकी उमा रेग्मी पार्टी जिम्मेवारीमा पुगेपछि पनि लामो समयसम्म जिम्मेवारीमा रहिन् । गत २६ साउनमा उषा राउत मिश्रको संयोजकत्वमा तदर्थ समिति बन्यो । तर, महिला संघको पनि केन्द्रीय समितिले पूर्णता पाउन सकेको छैन ।
- **नेपाल प्रजातन्त्र सेनानी संघ** : ०६४ मा महाधिवेशन भयो । ०६९ मा महाधिवेशनको तयारी अन्तिम अवस्थामा रोकियो । त्यसयता महाधिवेशन हुन सकेको छैन । यसअघि टंकप्रसाद शर्मा कँडेल सभापति थिए । कँडेलका अनुसार अहिले तदर्थ समितिसमेत अस्तित्वमा छैन ।
- **नेपाल किसान महासंघ** : ०६४ पछि महाधिवेशन हुन सकेको छैन । समयमा महाधिवेशन नहुँदा भानुभक्त सिग्देलको संयोजकत्वमा तदर्थ समिति बन्यो । पछिल्लो समय तत्कालीन संघलाई महासंघ बनाइएको छ । १० असारमा गणेशचन्द्र तिमल्सिनाको संयोजकत्वमा दोस्रो तदर्थ समिति गठन भएको छ । कार्यसमितिमा १७ सदस्य थप भएका छन् । अध्यक्ष तिमल्सिनाका अनुसार तदर्थ समितिमा १७ जना मनोनीत भएका छन् । एक वर्षभित्र महाधिवेशन सक्ने तयारी छ ।
- **नेपाल दलित संघ** : ०६९ पछि महाधिवेशन हुन सकेको छैन । मीन विश्वकर्मा पार्टीको केन्द्रीय सदस्यको जिम्मेवारीमा पुगेपछि तदर्थ समितिसमेत अस्तित्वमा छैन । जिल्ला अधिवेशन सकिएर ७ चैत ०७८ मा केन्द्रीय महाधिवेशनको निर्देशन पाएको संघमा पछिल्लो समय महाधिवेशनको चर्चा छैन ।
- **नेपाल भूतपूर्व सैनिक संघ** : निवर्तमान महासचिव मेघराज टण्डनका अनुसार २३ जेठ ०७३ पछि महाधिवेशन भएको छैन । ३ फागुन ०७८ मा कार्यसमिति विघटन भएपछि तदर्थ समिति पनि गठन भएको छैन । 'पार्टीले कार्यसमिति विघटन गरेपछि तदर्थ समिति पनि बन्न सकेको छैन । तदर्थ समिति भए महाधिवेशनका लागि केही न केही काम गर्न सकिन्थ्यो, त्यो अवस्था पनि छैन,' उनले नयाँ पत्रिकासँग भने ।
- **नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासंघ** : ०६४ बाट महाधिवेशन हुन सकेको छैन । यसअघिको संघलाई नै लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ बनाइएको छ । महासंघमा भ्रातृ संस्थाहरू राष्ट्रिय तामाङ संघ र तामाङ संघ तथा शुभेच्छुक संस्थाहरू लोकतान्त्रिक शेर्पा संघ, नेपाल कुमाल संघ र लोकतान्त्रिक नेवाः खललाई आबद्धता दिइएको छ । हालसम्म मगर संघबाहेकको अधिवेशन हुन सकेको छैन ।
- **राष्ट्रिय लोकतान्त्रिक अपांग संघ** : ०६६ मा मान्यता पाएको संघको अधिवेशन नै हुन सकेको छैन । पछिल्लो समय तदर्थ समिति पनि बनेको छैन । निवर्तमान अध्यक्ष भोजराज श्रेष्ठ पटक-पटक महाधिवेशन तयारी गरिएको भए पनि पार्टीकै कारण सम्भव नभएको बताउँछन् ।
- **नेपाल मुस्लिम संघ** : ०७५ वैशाखमा महाधिवेशन भएको थियो । संघको पनि तदर्थ समिति बन्न सकेको छैन ।
- **नेपाल ठाकुर समाज** : महासचिव मेघराज ठाकुरका अनुसार ०७९ साउनमा महाधिवेशन भएको थियो । तर, केन्द्रीय समितिले विघटन गरेपछि अनिरुद्धप्रसाद ठाकुरको संयोजकत्वमा तदर्थ समिति बनेको छ । महाधिवेशनबारे छलफल भइरहेको छ । महाधिवेशनअघि विवादका कारण केन्द्रीय समितिले पूर्णता पाउन सकेको थिएन ।

नेपाल थारू संघ र नेपाल लोकतान्त्रिक खेलकुद संघ :०७९ साउनमा केन्द्रीय समितिबाट नयाँ मान्यता पाएका यी संस्थाको तदर्थ समितिको संयोजकसमेत ठुंगो लागेको छैन । तदर्थ समितिसमेत नबन्दा महाधिवेशनको तयारी नै सुरु भएको छैन ।

तराईमा चल्यो...

पृष्ठ १ बाट क्रमशः

नहुँदा गर्मी बढेको हो । प्रिमनसुनको अवधि समाप्त हुने र मनसुन प्रवेश गर्ने समय नजिकिँदै जाँदा वर्षा हुन नसकेको हो, यसलाई मौसमी संक्रमणकालीन अवस्था पनि भनिन्छ ।

'सामान्यतया लगातार तीन दिन वा त्योभन्दा धेरै समयसम्म असामान्य रूपमा तापक्रम बढ्दा लु चल्न थाल्छ । मौसमविद्हरूका अनुसार तराई क्षेत्रमा अधिकतम तापक्रम ४० डिग्रीहाराहारी भए पनि चर्को गर्मी छ, कारण लामो समयदेखि वर्षा नहुँदा जमिन पनि तातिएर हो । 'तापक्रम धेरै हुँदा पनि हावा चल्यो भने धेरै गर्मी महसुस हुँदैन, तर अहिले पहाडी क्षेत्रबाहेकमा हावा चल्न सकेको छैन,' मौसमविद् महर्जनले भनिन्, 'यसले गर्मी बढाएको हो ।' तर, कुन क्षेत्रमा कति डिग्री तापक्रम पुग्दा लु चलेको मानिन्छ भनेर छुट्टै मापदण्ड छैन । गर्मीसँगै लु चल्दा चर्को गर्मी महसुस हुने गरेको छ । दिउँसोको समयमा यहाँ हिँडडुल गर्नेको संख्या एकदमै न्यून छ ।

मध्यतराईमा विषम लु

जल तथा मौसम विज्ञान विभागका अनुसार पछिल्लो पाँच दिनदेखि मध्यतराईका बारा, पर्सा, सिराहा, रौतहट, धनुषा, रुपन्देहीलगायत जिल्लामा अधिकतम तापक्रम चेतावनीको स्तर पार गरेर विषम लु चल्न थालेको छ । पछिल्लो २४ घन्टामा सबैभन्दा बढी तापक्रम रौतहटको गौरमा ४२.६ डिग्री मापन भएको छ । त्यहाँ सोमबार ४१.३, मंगलबार ४२.३, बुधबार ४३.३ र बिहीबार ४२.६ डिग्री मापन भएको थियो । जनकपुर


नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालबाट झ्याँ
शनिबार २० जेठ ०८०
nayapatrikaofficial @naya_patrika

...त्यसपछि खैलाबैला भयो- बिपीको भतिज कम्युनिस्ट बन्यो



कमल कोइराला

संस्मरण



उता बुबा (मातृकाप्रसाद कोइराला) प्रधानमन्त्री हुनुहुन्थ्यो, यता म उहाँविरुद्धको जुलुसमा गएँ। पक्राउ परेँ, कम्युनिस्ट भएँ।

१४ वर्षमा एसएलसी पास गरेँ। त्यसपछि २०११ मा सालमा त्रिचन्द्र क्याम्पसमा आइए पढ्दै थिएँ। १६ वर्षको उमेर थियो। सरकारले सभा र मिटिङहरू गर्न नपाइने गरी निषेधाज्ञा जारी गरेको थियो। मेरो बुबा (मातृकाप्रसाद कोइराला) प्रधानमन्त्री हुनुहुन्थ्यो त्यतिवेला। हामी विद्यार्थी न थियौँ, 'थैट ! यस्तो पनि कहीँ हुन्छ ?' भन्दै निषेधाज्ञाको विरोधमा गतिविधि थाल्यौँ। एकदिन साथी मक्बुल साह निषेधाज्ञा उल्लंघन गर्दा पक्राउ पऱ्यो। ऊ कलेजदेखि नै कम्युनिस्ट कहलिएको थियो। किलागलमा उसको घर थियो। उसलाई नख्खु जेलमा राखिएको थियो। परीक्षा फर्म खुल्यो। जेल परे पनि कमसेकम जाँच त नछुटोस् भनेर म उसको घरमा आमालाई फर्म बुझाउन गएँ।

मक्बुलको भाइले 'तीस-बत्तीसजना जति दाइका साथी चोकमा जम्मा भएका छन्। हेर्न जाने ?' भन्यो। म पनि जाऊँ न त भनेर गएँ। जाँदा त निर्मल लामाहरू जुलुसको तयारी गर्दै रहेछन्। उहाँलाई म केटाकेटी छँदैबाट चिन्थेँ। उहाँ नेपाली कांग्रेसको अफिस सेक्रेटरी भएर वनारसमा बस्नुभएको थियो। उहाँ दार्जीलिङतिरको मान्छे। त्यसवेला जहाँसुकैको नेपाली भए पनि राष्ट्रियता अरू केही चाहिँदैनथ्यो। जुलुसमा अरबिन्दनाथ रिमाल पनि हुनुहुन्थ्यो। रिमाल त अहिले पनि हुनुहुन्छ। लामा त अब हामीमाझ हुनुहुन्न। म उहाँको शवयात्रामा पनि गएँ।

मलाई देखेपछि निर्मल लामाले भन्नुभयो, 'अरे ओ बाफ्रे बाफ तिमी पनि यहाँ ? जुलुस निस्किन लागेको छ, तिमी पनि त्यही जुलुसमा जाने हो कि क्या हो ?' उहाँले केटाकेटीदेखि नै कमल भनेर बोलाउनुहुन्थ्यो, तिमी नै भन्नुहुन्थ्यो। म त खासमा हेर्न मात्रै गएको थिएँ। उहाँले जिस्काएर सोध्नुभएको थियो। मैले पनि हाँस्दै भनेँ, 'तपाईं भन्नुहुन्छ भने ठिक छ त जाउँला नि !' उहाँले भन्नुभयो, 'ल त ल आज कमल हामीसँगै जान्छ। भोलि त अखबारमा छ्यापछ्याप्ती नाम छापिन्छ। कोको जाने चारजना भन्डा बोक्न तयार होऊ। यिनले लिड गर्छन्।' अरविन्दरनाथ रिमालले असनको डबलीमा बोल्न को-को चढ्ने र के-के बोल्ने भनेर तयार गर्नुभयो। १६ वर्षकै उमेरमा त त्यति धेरै गम्भीर चिन्तन त हुँदैन नि। चारजना भन्डा बोकेर हिँड्यौँ।

त्यो जुलुसमा मक्बुलको भाइ पनि सँगै थियो। ऊ त भर्खर १२-१३ वर्षको मात्रै थियो। म डबलीमाथि चढेँ र सम्बोधन गर्न थालेँ। मेरो जीवनको पहिलो सार्वजनिक आमसभा त्यहीँ थियो। असनबाट हनुमानढोका टाढा थिएन। दौडिँदै पुलिस आए। च्यापचुप समाइहाले। दुईतिर काखीमुनि हात राखेर 'जाऊँ प्रधानमन्त्रीकै अर्डर छ, निषेधाज्ञा उल्लंघन गर्नेलाई पक्रन' भनेर मलाई हनुमानढोका पुऱ्याए। जुलुसमा प्रधानमन्त्रीको छोरो पनि छ भनेर कसैले कल्पनै गरेको थिएन। जुलुसमा जान्छु, पक्राउ पर्छु भनेर मैले पनि कहाँ कल्पना गरेको थिएँ र !

दौडिँदै पुलिस आए। च्यापचुप समाइहाले। दुईतिर काखीमुनि हात राखेर 'जाऊँ प्रधानमन्त्रीकै अर्डर छ, निषेधाज्ञा उल्लंघन गर्नेलाई पक्रन' भनेर मलाई हनुमानढोका पुऱ्याए। जुलुसमा प्रधानमन्त्रीको छोरो पनि छ भनेर कसैले कल्पनै गरेको थिएन। जुलुसमा जान्छु, पक्राउ पर्छु भनेर मैले पनि कहाँ कल्पना गरेको थिएँ र !

पक्राउको हल्ला सुनेपछि केही घन्टामै हनुमानढोकामा सबै जम्मा भए। केटाकेटीदेखि दौँतरीसम्म मलाई भेट्न आइपुगे। त्रिचन्द्र साइन्स सेक्सनका मदन रेग्मी पनि मलाई भेट्न आए। तर, भेट्न दिएन। मदनका बुबा डिल्लीरमण रेग्मी बुबाको (मातृकाप्रसाद कोइराला) क्याबिनेटको गृहमन्त्री हुनुहुन्थ्यो। भेट्न नपाएपछि 'म पनि आउँछु' भनेर हात हल्लाएर गएका थिए। कहाँ पुगेर भाषण गर्न थालेछन्, उनलाई पनि पक्राउ गरेर ल्यायो। त्यस दिन तीसभन्दा धेरै मानिस पक्राउ परे। मक्बुलको भाइ पनि त्यो मेसोमा पक्राउ परेको थियो। ऊसहित केहीलाई परिवारको जिम्मा लगाएर पठाइयो। त्यसवेला नाबालक पक्राउ परे अभिभावक बोलाएर जिम्मा दिने गरिन्थ्यो। मेरो र मदनको त कोही आएर लाने भन्ने थिएन। जाडोको समय। रात पऱ्यो। हुनुमानढोकाको चिसो छिँडीमा वास भयो। ओड्ने बिछ्याउने केही पनि थिएन। जाडोले लुगलुग काम्न थालेपछि हामीले 'राजबन्दीको ज्यान मार्न पाइँदैन' भन्दै जोडतोडले नारा लगायौँ। त्यसपछि उनीहरूले आगोको व्यवस्था गरिदिए। त्यसैको सहारामा हामीले रात काट्यौँ।

भोलिपल्ट हामीलाई नख्खु कारागार चलान गरियो। नख्खुमा पुगेपछि मक्बुल, वासुदेव ढुंगाना, रमेश विकल, बटुकचन्द्र गौतमलगायतसँग भेट भयो। त्यसपछि त म दर्तावाल कम्युनिस्ट भइगएँ नि ! मदन कम्युनिस्ट पार्टीको सदस्य भएन। तर, कम्युनिस्टप्रति उनको शुभेच्छा रहिरहयो। सारा जिन्दगी कांग्रेस बनाउन लागिपरेको मेरो परिवार। त्यसमाथि म बहालवाला प्रधानमन्त्रीको छोरो, बिपी कोइरालाको भतिज। मैँ कम्युनिस्ट बनेपछि सबैतिर खैलाबैला मच्चियो। मदन र मलाई जोडेर भनियो- प्रधानमन्त्रीको छोरो पनि कम्युनिस्ट, गृहमन्त्रीको छोरो पनि कम्युनिस्ट !

ooo

ठूलो अभियोग थिएन, सात-आठ दिनपछि हामी छुट्यौँ। तर, बुबाको विरोधमा गएपछि घर जाने कुरा त आएन। अनि मदन र म प्युखामा रहेको ईश्वर मानन्धरको घरमा गयौँ। हामी बसेको पत्ता लगाएर आमाले बुबाको प्राइभेट सेक्रेटरी तीर्थ नेपाललाई लिन पठाउनुभयो। जाऊँ आमाले बोलाउँदै हुनुहुन्छ भन्नुभयो। मदनको त सामुन्ने नै घर थियो। तर, पनि उनी जान मानेनन्। लिन आउन पनि चासो देखाएनन्। मदनलाई पनि मैले सँगै जाऊँ भनेँ। त्यसवेला प्रधानमन्त्री निवासका लागि कान्ता भवन भाडामा लिइएको थियो। अहिलेको शिखहरू रहेको गुरुद्वार रहेको ठाउँ हो त्यो। एकै घरमा एक महिनासम्म बस्दा पनि बाबासँग मेरो आँखा जुधेन। मदनसँग चाहिँ बाबाको बोलचाल हुन्थ्यो।

त्यसवेला कम्युनिस्ट थोरै थिए। एकअर्कालाई भेट्यो कि अंकमाल गर्ने, हात मिलाउने, जोसै अर्को

थियो त्यसवेला। म पनि जहाँ जान्छु, मान्छेले हात मिलाउन आउँथे, बधाई दिन्थे।

राजनीतिमा लागेपछि मेरो पठाइ बिग्रियो। दोस्रो वर्षको परीक्षा दिएँ। सबै विषयमा पास तर, लजिकमा फेल। फेल भएपछि विराटनगर गएँ। विराटनगर जाँदा त झन् कम्युनिस्टहरूले मलाई देख्नै नहुने भयो। कंग्राचुलेसन भन्ने, नेता आयो भन्ने गर्न थाले। ०१२ सालमा कम्युनिस्ट पार्टीको मोरङ जिल्ला कमिटी सचिव हरिहरप्रसाद उपाध्याय र जिल्ला सदस्य तुलाराम विश्वकर्मा (टिआर)को सिफारिसमा मलाई १७ वर्षकै उमेरमा पार्टी सदस्यता दिइयो। त्यसवेला कम्युनिस्ट बन्न उमेर खोजिँदैनथ्यो। यसरी म हुलमुलमै कम्युनिस्ट बन्न पुगेँ।

अल्लारे उमेर, त्यसवेला कम्युनिस्ट बन्छु र बन्दा के हुन्छ, कसो हुन्छ भन्ने चेत ममा थिएन। माहोलले नै कम्युनिस्ट बनेँ। यसमा बुबाले केही पनि प्रतिक्रिया जनाउनुभएन। जे हुन्थ्यो, आमाका माध्यमबाट हुन्थ्यो। पढ्ने भए पढोस्, राजनीति गर्ने भए गरोस् भनेर आमामार्फत बुबाले मलाई भन्नुभएको थियो। मलाई लाग्छ, मेरो आमाबुबा कम्युनिस्ट बन्यो भन्दा पनि कमसेकम यसले त राजनीति गऱ्यो भन्नेमा खुसी हुनुहुन्थ्यो।

जिन्दगीभर हामी एउटै घरमा बस्यौँ। दाजुभाइ आ-आफ्नो व्यवस्था गरेर छुट्टिए। तर, आमाबुबासँग म अलग बसिनँ। त्यसपछि म राजनीतिसँगै वकालतमा लागेँ, पत्रकारिता गरेँ। ०५१ मा सांसद भएँ। राज्य व्यवस्था समितिको सभापति बनेँ र दक्षिण कोरियाको राजदूत बनेँ। पार्टीका विभिन्न जिम्मेवारीमा पनि रहेँ। मलाई कांग्रेसको राजनीतिमा किन लागिनँ भन्ने कहिल्यै सोच आएन। बुबा र काकाबाट पनि कुनै प्रश्न र दबाब आएन। कोइराला परिवारमा एउटा चलन पहिलेदेखि छ- पोलिटिकल रिलेसन र पर्सनल रिलेसनलाई कहिल्यै पनि मिक्स गरिँदैन। बिपी र मेरो बुबाकै राजनीति पनि फरक पऱ्यो। बुबा राष्ट्रिय प्रजा पार्टी खडा गरेर दोस्रोपटक पनि प्रधानमन्त्री बन्नुभयो। कहिले लाग्छ, म त कम्तीमा कम्युनिस्ट नै बनेर आजसम्म एउटै बाटोमा छु। पोलिटिक्समा दल बदलीलाई नराम्रो मानिन्छ। मैले त्यो कुरालाई सधैँ मनमा लिइरहेँ। सके आफ्नै पार्टीलाई रिफर्म गर्नुपर्छ। कि त छाडेर अर्को पार्टी ज्वाइन गरे पनि हुन्छ।

ooo

एमालेले पाँचौँ महाधिवेशनबाट मदन भण्डारीले प्रस्ताव गरेको जबजलाई अँगाल्यो। बुहदलीय जनवाद भनेको निरंकुशता र सशस्त्र संघर्ष दुवैको परित्याग थियो। हामीले प्रजातन्त्रलाई स्वीकार गरेका थियौँ। त्यसमा भनिएको थियो, 'हामी जनताको मतले सत्तामा जान्छौँ र जनताले मत दिएनन् भने सत्ताबाट बाहिरिन्छौँ।' त्यो कुरा त कति एसेप्टेबल कुरा थियो। यो मलाई धेरै राम्रो लाग्यो। हुन त मलाई थाहा छ कम्युनिजमको सिद्धान्त मरिसक्यो। यसको आइडोलोजिकल डेथ भइसक्यो। तर, मान्नेहरू त मान्छन् नि, कमसेकम कम्युनिस्टहरू त अझै कम्युनिस्ट नै हुँ भन्छन्। कमसेकम ब्रान्ड त बिकिरहेकै छ ! सोभियत संघको पतन भइसकेको छ। चाइनाले मार्केट इकोनोमी अपनायो। भियतनामले पनि मार्केट इकोनोमी अपनाइरहेको छ। सिद्धान्त मरे पनि, धर्म मरे पनि मान्छेले आफूलाई त्यो हुँ भन्न छाड्दैनन् नि !

०५१ मा सांसदका लागि मोरङ ५ बाट निर्वाचन लडेँ। कांग्रेसको गढ क्षेत्र थियो। तर, त्यसवेला कांग्रेसीहरूले भित्रभित्र भोट पनि दिए, निर्वाचनमा आर्थिक सहयोग पनि गरे। त्यसवेला श्यामलाल ताबेदार कांग्रेसका उम्मेदवार थिए। ताबेदार पहिला पनि जितेका थिए। तर, उनीसँग त्यहाँ असन्तुष्टि थियो। अर्को मान्छेलाई चुनाव लडाओस् भन्ने कांग्रेसीहरूले चाहेका थिए। तर, गिरिजाप्रसाद कोइरालाले उनैलाई टिकट दिए। कांग्रेसीहरूमा फुट आयो र दुईजना बागी उम्मेदवार उठाए। कांग्रेसको चुनाव क्षेत्रमा कांग्रेस फुट्दा फाइदा मलाई भयो। राजाको शासनकाल, कांग्रेस फुटेर शेरबहादुर देउवा प्रधानमन्त्री भएको समय थियो। मन्त्री बन्न मलाई पार्टीबाटै कुरा आयो। तर, म आफैँले राजा ज्ञानेन्द्रको नियन्त्रणमा शेरबहादुर छन्, शेरबहादुरको 'अन्डर'मा हामी सरकारमा जान हुँदैन भनेर आन्दोलन छेडेँ।

ooo

म आफैँले राजदूतमा रहर गरेको थिएँ। मलाई चीन पठाउने कुरा पनि भएको रहेछ। तर, मैले यही देशमा भनेर भनेको थिइनँ। ०६४ मा दक्षिण कोरियाको राजदूत भएँ। कोरिया गएपछि नेपालीकै माध्ययमबाट बुद्ध भारतमा जन्मिएको भनेर पाठ्यक्रममा नै झुटो ज्ञान बाँडिएको छ भन्ने थाहा पाएँ। ०६७ तिरको कुरा हो, कोरियामा बुद्ध धर्मसँग सम्बन्धित लोटस ल्यान्टन फेस्टिभल मनाइन्छ। त्यसमा नेपालीहरूले कोरियनलाई बुझाउन छोटोमा बुद्ध-नेपाल !, बुद्ध-नेपाल ! भन्दै नारा लगाएका रहेछन्। मैले त्यसवेला मेरो प्रोटोकलले दिन्छ-दिँदैन केही सोचिनँ। त्यो भिडमा सामेल भएर नारा लगाएँ। उनीहरूले मलाई डाइरेक्ट कोरिया सरकारलाई पत्र लेख्न सुझाव दिए। मैले आफैँले पत्रको ड्राफ्ट गरेँ। 'लुम्बिनी भन्ने ठाउँ भारतको सीमाभन्दा २० किलोमिटर वर पर्छ। जुन सत्य तपाईंहरूलाई थाहा छ। किन भविष्यका कर्णाधारलाई तपाईंहरू गलत इतिहास पढाइरहनुभएको छ ?' पत्रमा उल्लेख गरेको थिएँ। राष्ट्रपतिको हातमा पुग्नुअघि पत्रबारे कोरियाबाटै प्रकाशित अंग्रेजी अखबार 'कोरिया टाइम्स'को फ्रन्टपेजमा त्यो पत्र छापियो। यसपछि राष्ट्रपति आफैँले चासो राखेर पत्रबारे सोधखोज गरेछन्।

त्यसवेला एउटा राजदूतले राष्ट्रपतिलाई डाइरेक्ट पत्र लेखेर तिमीहरूको पुस्तकमा त्रुटि छ भनेर लेख्यो भनेर चर्चा पनि भएको थियो। अखबारमा आएपछि राष्ट्रपति आफैँले चासो राखेर तत्काल शिक्षा र संस्कृतिमन्त्री बोलाई रिपोर्ट मागे। रिपोर्टमा भनियो- 'राजदूतको पत्रको व्योहोराअनुसार बुद्ध जन्मेको नेपालमा भएको सत्य हो। हजारौँ वर्षको इतिहास नेपालमा छ।' त्यसपछि त्यस वर्षको शैक्षिक सत्रको पाठ्यक्रम वितरण भइसकेकाले अर्को वर्ष सच्याउन राष्ट्रपतिबाट जानकारी आयो। र, त्यहीअनुसार परिवर्तन पनि भयो। मलाई लाग्छ, जिन्दगीमा मान्छे राजनीतिबाट छुट्दैन। यो त मायादयाजस्तै कुरा हो। राजदूतबाट फर्किएपछिको समयमा पनि हरेक चुनावमा विराटनगरमा भोट हाल्न जान्छु, प्रचार पनि गर्न जान्छु। त्यो पनि राजनीति नै त हो।

अघिल्लो चुनावमा लालबाबु पण्डितलाई भोट दिएँ। यसपालि गठबन्धन थियो। शेखर कोइरालालाई दिएँ। सकेसम्म पार्टीका गतिविधि र सामाजिक आन्दोलनमा सहभागी हुने गरेको छु। तपाईं पार्टीको पदाधिकारी नहुनुहोला, केन्द्रीय कमिटीमा नरहनुहोला। तर, राजनीति छुट्छु भन्ने कुरा उही दालभात छाडेजस्तै हो। राजनीति नछुट्ने लत रहेछ।

(केशवप्रसाद पाण्डेसँगको कुराकानीमा आधारित)

सारा जिन्दगी कांग्रेस बनाउन लागिपरेको मेरो परिवार। त्यसमाथि म बहालवाला प्रधानमन्त्रीको छोरो, बिपी कोइरालाको भतिज। मैँ कम्युनिस्ट बनेपछि सबैतिर खैलाबैला मच्चियो। मदन रेग्मी र मलाई जोडेर भनियो- प्रधानमन्त्रीको छोरो पनि कम्युनिस्ट, गृहमन्त्रीको छोरो पनि कम्युनिस्ट !

समाचार बन्न नसकेका विभेदका ती घटना



पछिल्लो समय सामाजिक सञ्जालमा दलितमाथि हुने आक्रमणले पनि दलितहरू विभेदविरुद्ध खुल्न सक्दैनन् । सामाजिक सञ्जालले पीडकलाई नै प्रश्रय दिइरहेको छ । जसका कारण शिक्षित दलितहरूले पनि आफूमाथि भएको विभेदको अपराध बाहिर ल्याउन सकेका छैनन् ।

सन्दर्भ : जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस



चिरञ्जीवी घिमिरे
chiran.ghimire7@gmail.com

पत्रकारिताका दौरान भेटेका-भेटिएका कैयौं सूचना समाचार बनेनन् । धेरैजसो सूचना समय अन्तरालमा क्रमशः बिर्सिएँ । तर, केही बिर्सिनै नसक्ने त्यस्ता सूचना पनि थिए, जुन समाचार बनाउन नसकेकोमा वेलावेला सम्झिँदा पछुतो हुन्छ । समाचार बन्न नसकेका ती सबै सूचना 'सेल्फ सेन्सरसिप'को फन्दामा परे त ? त्यसो पनि होइन । पक्कै पनि 'सामाजिक सद्भाव' बिथोलिन सक्ने त्रासमा परे ।

यो संस्मरणमा उधिन्न खोजेको विषय के भने, जातीय हिंसाबाट पीडित दलितहरू आफूमाथिको विभेद र तिरस्कारलाई कतिसम्म सहन बाध्य छन् भन्ने हो । उनीहरू कथित समाजको डरमा आफूमाथिको अपराध कसरी सहेर बस्छन् भन्ने हो । दलित समुदायमाथि विभिन्न समयमा भएका हिंसा र अपराधलाई समाचारको रूपमा 'एक्स्पोज' गर्न नपाउँदा या नसक्दा आफू पनि यो जघन्य मानवीय अपराध ढाकछोप गर्न साक्षी बसेर्भै लाग्छ ।

आज म एउटा संस्मरण लेख्दै छु । संस्मरणमा ती घटना समेटिएका छन्, जुन सूचना पाएर पनि मैले समाचार लेख्न सकिनँ ।

सबैभन्दा बढी जातीय विभेद कसलाई हुन्छ ? यसको सहज जवाफ आउँछ- नेपाली समाजको संरचनागत रूपमा पिँधमा पारिएका दलितलाई । 'शिक्षित' अधिकांश नेपाली समुदायले तर्क गर्छ दलितलाई आर्थिक रूपमा सम्पन्न र शिक्षित बनाउन सके विभेद आफैं मासिएर जान्छ । तर, यो तर्कको कुनै तुक छैन । आर्थिक रूपमा जति नै मजबुत र शिक्षित किन नहोस् दलितमाथिको विभेद उही र उस्तै छ । मात्रै विभेदको स्वरूप फेरिएको छ ।

'दलित' भन्न पनि नरुचाउने आफूलाई धनाढ्य र शिक्षित ठान्ने कतिपय 'शुद्र'हरू आफूमाथिको विभेद बाहिर ल्याउन पनि हच्किन्छन् । किनकि तिनलाई समाजको डर छ । आर्थिक रूपले सम्पन्न र शिक्षित परिवारका एक दलितमाथिको हालैको एउटा जातीय विभेदको घटना हेर्दा लाग्यो, दलितहरू समाजसँग किन यति धेरै त्रस्त बनेका होलान् । जातीय सद्भाव बिथोलिन्छ भनेर हो या किन हो ?

हालैको एक घटना जोड्न चाहिँ । त्यो घटनाले अहिले पनि मेरो मथिंगल हल्लाइरहेको छ । जातीय विभेदमा परेको परिवार शिक्षित र आर्थिक रूपले सम्पन्न थियो । त्यो परिवारले आफ्नो परिचय गोप्य राख्न खोजेकाले मैले यहाँ उनको परिचय उल्लेख गर्न चाहिनँ । तर, घटना भने जस्ताको तस्तै उल्लेख गर्छु ।

०००

एक हप्ताअघि मोरङको एक पालिकामा राष्ट्रिय दलको पदाधिकारीमा रहेका एक दलित परिवारमाथि जातीय विभेद भएको सूचना आयो । दलित अधिकारकर्मीमार्फत आएको सूचनालाई पछ्याउँदै पीडित (भनिएका)सम्म पुगें । मलाई सूचना दिने ती दलित अधिकारकर्मीले उत्साहित हुँदै सुनाएका थिए, 'शिक्षित र आर्थिक रूपमा सम्पन्न परिवार छ । यो परिवार विभेदविरुद्धको लडाइँमा उदाहारण बन्छ ।'

घटनाको प्रारम्भिक विवरण सुनाएपछि दलितमाथि भएको त्यो अपराधमाथि समाचार लेख्नैपर्छ भन्ठानें । पीडितलाई र स्रोतलाई भेट्न करिब तीन घन्टा पर्खनुपऱ्यो । भेटपछि घटनाबारे जानकारी लिएँ । गाउँमा कथित उच्च जातको घरमा पुराण रहेछ । त्यहाँ त्यो दलित परिवारलाई पनि बोलाइएकोरहेछ । तर, पूजा गर्ने वेला 'तिमीहरूका लागि पूजा गर्ने ठाउँ होइन, पूजाको थाल दे म गरेर ल्याइदिन्छु' भन्दै पूजा सामग्री खोसेर अपमान गरिएको रहेछ । शिक्षित परिवारले तत्कालै प्रहरीमा जातीय तथा अन्य छुवाछुत तथा भेदभाव (कसुर र सजाय) ऐनअनुसार जाहेरी पनि दिएका रहेछन् । पीडक घरमै हुँदा पनि प्रहरीले पक्राउ गरेको रहेनछ । अघिल्लो दिनसम्म प्रहरीले पक्राउ नगरेको दुखेसो गर्ने त्यो दलित परिवार समाजको डरले पछि हटिसकेका रहेछन् । झन्डै तीन घन्टा पर्खाएका ती पीडितले करिब ५० जनाको संख्याले परिवारलाई घेरेर बाहिर निस्कन नदिएको जानकारी दिए । केहीबेरपछि आइपुगेका पीडित र उनको श्रीमान् मुद्दालाई कमजोर बनाउने योजनामा पुगिसकेछन् । घरमा आएर पीडकले माफी मागेकाले माफी दिएको ती पीडित परिवारले बताउँदै थिए । बरु उल्टै मुद्दा कमजोर बनाउन के प्रक्रिया अपनाउनुपर्छ भनेर सोध्दै थिए । यद्यपि, माफी दिनुको कारण भने समाजको डर नै थियो ।

ती पीडित महिला भन्दै थिइन्, 'भोलि समाजमा एक्लै बनाए भने ? नानीहरू एक्लै छाडेर हिँड्नुपर्छ । भोलि त्यही समाजमा बस्नुपर्छ । समाजको डर लागेर माफी पो दियौं ।' अब समाचार नबनाउन हामीलाई उनीहरूले नै आग्रह गरे । उनीहरू भन्दै थिए, 'समाचार बनेपछि त सामाजिक सञ्जालमा हामीमाथि गालीको वर्षा हुन्छ । त्यसको कसरी सामना गर्ने ? पहिला-पहिलाको केसमा कस्तो भएको थियो ?'

यो त भयो ताजा घटना । एक वर्षअघि झापाको दमकमा अर्को यस्तै प्रकृतिको घटना भयो । दलितसँग अन्तर्जातीय विवाह गरेकी एक महिलालाई चिना हेराउँदा दलितसँग विवाह गरेको भन्दै ज्योतिषले ती महिलालाई तथानाम गालीगलौज गरेर पठाएछन् । महिलाको परिवारसँग सम्पर्क गरेँ । पीडित परिवार आर्थिक रूपले सम्पन्न थियो । बोल्न सक्नेले यस्ता कुरा बाहिर ल्याएमा बोल्न नसक्ने दलितमाथिको विभेद पनि कम हुन सक्थ्यो । हामीले आग्रह गऱ्यौं । बल्लतल्ल मुद्दा दर्ता गर्न उनीहरू राजी भए । तर, समाचार लेख्ने वेलामा भने उनीहरू पन्छिए । उनीहरूको भनाइ थियो, 'समाचारमा आयो भने हामीलाई फेसबुकमा गाली गर्नेछन् ।'

> समाचार नबनाउन पीडितहरूले नै आग्रह गरे । उनीहरू भन्दै थिए, 'समाचार बनेपछि सामाजिक सञ्जालमा हामीमाथि गालीको वर्षा हुन्छ । त्यसको कसरी सामना गर्ने ? पहिला-पहिलाको केसमा कस्तो भएको थियो ?'

पछिल्लो समय सामाजिक सञ्जालमा दलितमाथि हुने आक्रमणले पनि दलितहरू विभेदविरुद्ध खुल्न सक्दैनन् । सामाजिक सञ्जालले पीडकलाई नै प्रश्रय दिइरहेको छ । जसकारण, शिक्षित दलितहरूले पनि आफूमाथि भएको विभेदको अपराध बाहिर ल्याउन सकेका छैनन् ।

दलितलाई समाजको डर छ । तर, वर्षौंदेखि दलितलाई विभेद र दलनमा राखेको यो समाज दलितमाथि अपराध गर्नुलाई 'गर्व' ठान्छ । दलितले थिचोमिचो सहँदा शान्त रहेको समाज, दलितले 'चोट लाग्यो, ऐया' भन्दा भड्किन्छ । आफूमाथि विभेद भयो भन्दा समाजको एकतामा खलल पुगेको ठानिन्छ । के यो समाजको एकताको ठेक्का दलितले मात्र लिएका छन् ? समाजको एकताका लागि दलितले अपमानित भएर र विभेद सहेर बस्नुपर्ने हो ? यी दुई घटनाले मेरो दिमागमा यही प्रश्न उब्जायो ।

जातीय विभेदलाई कानुनले दण्डनीय अपराध मानेको छ । जातीय विभेद अन्त्य गर्न संसद्ले जातीय तथा अन्य छुवाछुत तथा भेदभाव (कसुर र सजाय) ऐन बनाएको छ । यो सरकारवादी मुद्दा पनि हुन्छ । तर, जातीय विभेदको मुद्दालाई कमजोर बनाउन राज्य नै लाग्छ । पहिलो कुरा त जातीय विभेदको जाहेरी दर्ता गर्न पीडितलाई निकै सकस हुन्छ । दर्ता भए पनि उल्टै अभद्र व्यवहारको जाहेरी दर्ता गरेर मुद्दा चलाइन्छ । अदालतले साक्षी खोज्छ । विभेदमा परेको दलितको पक्षमा साक्षीको बयान दिन कोही तयार हुँदैनन् । यसको एउटा उदाहरण हुन्, मोरङको पथरी शनिश्चरे- ४ का डिमोने कामी । डिमोनेको न्यायको पर्खाइमा २५ माघ ०७७ मृत्यु भयो । न्यायको पर्खाइमा अशक्त शरीरले जातीय विभेदविरुद्धको लडाइँ लडे । अदालतबाट पनि न्याय नपाएपछि उनी निराश थिए । न्याय नपाई डिमोनको मृत्यु भयो । ०७६ असोजमा दलित भएकै कारण होटेलमा चिया पिउनबाट वञ्चित गरिएको थियो, डेमोनेलाई । नजिकै टलकबहादुर पाण्डेले सञ्चालन गरेको होटेलमा सधैं चिया खान जाने डिमोनेलाई त्यस दिन भने 'होटेलभित्र ठूला जातिकाहरू मात्रै बसेर खाने' भन्दै उनलाई बाहिर बसेर खान बाध्य पारिएको थियो । होटेलका टलकबहादुर पाण्डे र चिया खान आएका रुद्रबहादुर कटुवालले हातपात गर्दै 'यहाँ बाहुनहरूले खाने हो, कामी त बाहिर बसेर खानुपर्छ' भन्दै निकाले । त्यसपछि उनी मुद्दा दर्ता गर्न इलाका प्रहरी कार्यालय पथरी पुगे । प्रहरीले बल्लतल्ल जातीय विभेदको मुद्दा त दर्ता गऱ्यो, तर उनले उल्टै दुःख पाए । उनलाई अभद्र व्यवहारको मुद्दा लगाएर पाँच दिन हिरासतमा थुनियो । पछि जिल्ला प्रशासन कार्यालयले एक हजार धरौटीमा छाड्यो ।

जातीय रूपमा गालीगलौज गर्दै होटेलबाट लखेटिएका डिमोनेको मुद्दालाई जिल्ला अदालत मोरङले जातीय विभेद नभएको भन्दै खारेज नै गरिदियो । अर्थात्, पीडकले सफाइ पाए । नशाको बिरामले थलिएका डेमोनेले मृत्युको एक वर्षअघि रिर्पोटिङका लागि पुगेको सन्दर्भमा मसँग भनेका थिए, 'गरिब र सानो जातको हुनुजतिको पीडा त अरू केही नहुनेरहेछ । न्याय माग्न जाँदा पनि उल्टै हिरासतमा हालियो ।'

डेमोने ओछ्यानमा थलिएर पनि न्याय खोजिरहेका थिए । तर, जातीय विभेदको मुद्दामा प्रहरी संवेदनशील नहुँदा न्यायको सपना पूरा नहुँदै डेमोनेको जीवन सकियो । प्रहरीले भएको मुद्दा नष्ट गर्दा, पीडितविरुद्ध उल्टै मुद्दा चलाउँदा उनको मुद्दा कमजोर भएको थियो । डेमोनेको यो पीडा सुन्दा दलितमाथि हुने हिंसा र अपराधलाई प्रहरीले नै वैधानिकता दिएको भान हुन्थ्यो । मिलेर बसेको समाजलाई भड्काएको आरोपमा वरिपरिका गाउँलेले डेमोनेसँग मृत्युको अन्तिम स्वाससम्म बोलेनन् । डेमोनेमाथि जातीय विभेद हुँदा प्रत्यक्षदर्शी धेरै थिए । तर, सबै गैरदलित । उनीहरूले डेमोनेको पक्षमा चुइँक्क बोलेनन् । बरु उल्टै उनीविरुद्ध दर्ता भएको अभद्र व्यवहारको मुद्दाको साक्षी बने । जसकारण, डेमोने न्याय नपाई यो 'पापी' संसारबाट बिदा भए ।

मुद्दा दर्ता गर्न गएका शिक्षित दलित पनि यो घटनादेखि सचेत छन् । मैले सुरुमा प्रस्तुत गरेको उदाहरणका पीडित शिक्षित थिए । तर, उनीहरूलाई डेमोनेलाईझैं अभद्र व्यवहारमा मुद्दा दर्ता गराएर उल्टै हिरासतमा कोच्ने पो हुन् कि भन्ने डर थियो । घरमा माफी माग्न आएका पीडकले माफी नदिए पूजा नै भाँडेको आरोपमा अभद्र व्यवहार गरेको आरोपमा मुद्दा दर्ता गर्ने गाइँगुइँ हल्ला चलाइएको पीडित सुनाउँदै थिए । पीडित महिला भन्दै थिइन्, 'मलाई नै मुद्दा दर्ता गर्ने भन्दै थिए । त्यसैले माफी दिएँ । बरु अब दर्ता भएको मुद्दा कसरी कमजोर बनाउन सकिन्छ । त्यतातर्फ छलफल गरौं न !'

गणतन्त्र स्थापनापछि देशमा विभेदविरुद्ध कानुन बन्यो । विभेदलाई राज्यले फौजदारी अपराध मान्यो । मुद्दा पनि सरकारवादी हुने भयो । तर, व्यवहारतः कानुन कार्यान्वयन हुन सकेन । पीडित अहिले पनि समाजको डरले प्रहरीसम्म पुग्न सकेको छैन । पुगेका घटनालाई पनि प्रहरीले संवेदनशील रूपमा हेर्दैन । जातीय विभेदका मुद्दामा प्रहरी प्रमाण संकलनमा चुकेका उदाहरणहरू पत्रकारिताका दौरानमा धेरै देखेको छु ।

यस्तो अवस्थामा २१ जेठ अर्थात् आइतबार जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस मनाइँदै छ । नवराज विकहरूले अन्तर्जातीय विवाह गरेकै कारण मर्नुपर्ने, दलितले मन्दिर पसेर पूजा गरेका कारण, धारा छोएका कारण र दलित भएकै कारण विभेद र अपमानित भएर बाँच्नुपर्ने यो गणतान्त्रिक व्यवस्थामा भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवसको शुभकामना !



दिपेन्द्र ढुंगाना
ddip2052@gmail.com

फोटो कथा



कला उत्सव : म, मेरो देश र मेरो सिर्जना

यसपटकको कला प्रदर्शनीमा सातै प्रदेशका ६ सयभन्दा धेरै कलाकार सहभागी छन् । उनीहरूका सात सय कलाकृति राजधानीका दुई स्थान (बबरमहल र नक्साल)मा हेर्न सकिनेछ । यी कलाकारहरूले देशका विभिन्न स्थानबाट आफ्ना कला प्रदर्शनीका लागि लिएर आएका हुन् ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको आयोजनामा राजधानीमा कला प्रदर्शनी जारी छ । 'राष्ट्रिय ललितकला प्रदर्शनी- २०८०' नाम दिइएको प्रदर्शनीको मुख्य विषय रहेको छ, 'म, मेरो देश र मेरो सिर्जना ।' यही महिनाको जेठ १५ गते गणतन्त्र दिवसको दिनबाट सुरु भएको कला प्रदर्शनी जेठ ३० गते जारी रहने प्रतिष्ठानका सदस्यसचिव देवेन्द्र थुम्केलीले जानकारी दिए ।

प्रदर्शनी राजधानीको दुई स्थान (नक्सालको बालमन्दिरमा रहेको प्रतिष्ठानको हलमा र बबरमहलस्थित नेपाल आर्ट काउन्सिल)मा जारी छ । प्रदर्शनी प्रतिष्ठानले हरेक वर्ष आयोजना गर्दै आएको छ । प्रदर्शनीमा लोककला, मूर्तिकला, हस्तकला, वास्तुकला, पर्फर्मेन्स आर्ट, कार्टुन, डिजिटल कला, व्यंग्य चित्रलगायतका कलाहरू हेर्न सकिन्छ । सदस्यसचिव थुम्केलीका अनुसार यसपटकको कला प्रदर्शनीमा सातै प्रदेशका ६ सयभन्दा धेरै कलाकार सहभागी छन् । उनीहरूका सात सय कलाकृति हेर्न सकिनेछ । यी कलाकारहरूले देशका विभिन्न स्थानबाट आफ्ना कला लिएर आएका छन् । थुम्केली भन्छन्,'यो प्रदर्शनीको उद्देश्य नेपालका सीमान्तमा रहेका कला र कलाकारहरूलाई मूलधारमा जोड्नु हो ।' यो प्रदर्शनीबाट नेपालका ललितकला विधाले फड्को मार्ने थुम्केलीको भनाइ छ ।

व्यस्त राजधानीमा कलाका पारखीहरू प्रदर्शनीस्थलसम्म पुगेर कला हेरिरहेका बाक्लै भेटिन्छन् । नयाँ-पुराना सबै पुस्ताका कलाप्रेमी प्रदर्शनी हेर्न पुगेको देख्न सकिन्छ । थुम्केली भन्छन्, 'दुईवटै स्थानमा दैनिक १२ सयदेखि १५ सयजना भिजिट गर्न आइरहेका छन् । यो भनेको निकै राम्रो उपस्थिति हो ।'

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले उद्घाटन गरेको उक्त प्रदर्शनीमा चार स्रष्टालाई सम्मान तथा पुरस्कार पनि वितरण गरिएको थियो ।



संविधान र संविधानवाद बुझ्न



नारायण शिवाकोटी
nomadnarayan@gmail.com

समीक्षा

नागरिक नै राज्यका संस्थापक हुन् । संविधान, सरकार, प्रशासन नागरिकका इच्छाका परिणाम हुन् । नागरिकका इच्छाकै कारण संविधान, सरकार, कानुन आदिले वैधता प्राप्त गर्ने हुन् । यो वैधताको स्रोत हो- नागरिकको 'स्वतन्त्र (अवाधित) इच्छा' । सिद्धान्तमा नागरिक केन्द्रमा छ, तर व्यवहारमा नागरिक किन संविधानको केन्द्रमा छैन ? किनकि राज्य स्वेच्छाचारी र निर्मम हुन्छ र संविधानलाई केवल शासनको स्रोतका रूपमा अभ्यास गरिएको छ । नागरिकका हक-अधिकार सुनिश्चित गर्ने, विधिको शासन स्थापित गर्ने र न्यायपूर्ण एवं समतामूलक समाजको निर्माणलाई संविधानको अभीष्ट बनाइएको हुन्थ्यो भने सरकार निरंकुश, बेपर्वाह, जनविरोधी, भ्रष्ट हुन पक्कै पाउने थिएन । सिद्धान्ततः नेपालको संविधान ०७२ मा संविधानवादलाई आत्मसात् त गरिएको छ, तर राज्य अर्थात् शासकहरूको मनोदशा अहिले पनि 'मैं हुँ प्राधिकार' भन्ने खालको हुँदा संविधान एक अर्थमा निष्फल हुन पुगेको छ । किन ? उत्तरका लागि 'संविधानवाद र संविधान : सैद्धान्तिक विश्लेषण र प्रारम्भिक समीक्षा' नामक पुस्तक गहन स्रोत हुन सक्छ ।

नेपालजस्ता मुलुकमा आवधिक निर्वाचनसमेत केवल सत्ताको भ्याडमा सीमित छ, सरकारको परीक्षा हुन पाएकै छैन । शासनमा दशकौंदेखि असफल नेताहरूकै रजगज छ । यसलाई कुलीनतन्त्र भन्दा फरक पर्दैन । राजनीतिक दलहरू विचार निर्माणका लागि नभई तहगत रूपमा श्रेणीबद्ध छन् । अर्थात् नेताहरू भनेका ठूलाबडा, ज्ञानका स्रोत, सम्मान एवं सत्ताका हकदार र आमनागरिक उनीहरूका अरन-खटन मान्ने कारिन्दा वा दास । त्यसैले हरेक तह र तप्कामा या त ठूलो मान्छे भेटिन्छ, या सानो मान्छे, समान मानिस भेटिँदै भेटिँदैन । समान हुने चाहना पनि राखिँदैन । त्यसैले, सत्ता-केन्द्र बालुवाटारको जग्गा हिनामिना गरेर पनि स्वछन्द हुन पाएको छ । नागरिक वनमा दाउरा, घाँस काटेको आरोपमा जेल पुग्छन् । अझै मारिन्छन् नै । यसले राज्यको दोहोरो मापदण्डलाई उजागर गर्छ । र, यो संविधानमा संविधानवादको अभावको द्योतक हो ।

सामान्यतः देशको मूल कानुनलाई संविधान भनिन्छ । जुनसुकै प्रकृतिको शासन र व्यवस्थामा पनि संविधान त हुन सक्छ, तर संविधानवाद नहुन सक्छ । किनकि संविधान र संविधानवाद फरक विषय हुन् । मूलतः संविधानवाद संविधानको गुण, दोष र आदर्शसँग सम्बन्धित हुन्छ । जनतालाई नै शासकीय शक्तिको स्रोतका रूपमा स्वीकार गर्ने, जनताका हक-अधिकार प्राप्तिका लागि त्यो शक्तिको स्थापना र अभ्यास गरिने अनि राज्यशक्तिको अभ्यासमा नागरिक सहमति र सहकार्यलाई वैधानिकताको आधारका रूपमा ग्रहण गर्ने अवधारणा नै संविधानवाद हो । राज्य व्यवस्थासँग सम्बन्धित सबै कानुन र व्यवस्था आफैंमा संविधानवाद होइनन् ।

संविधान राजनीतिक आवश्यकता वा शक्ति बाडँफाँडको विषय मात्र पनि होइन । यो कसैको एकलौटी प्रभुत्व अन्त्य गर्ने साधनका साथै नयाँ सम्भावना, नयाँ प्रणाली र सभ्यताको सिर्जना गर्ने वैधानिक माध्यमसमेत हो । मूलतः यो राज्यको चेतनाको प्रतिबिम्ब हो । यसैकारण, समयक्रमसँगै संविधानको अर्थ र महत्त्वमा परिवर्तन हुँदै आएको देखिन्छ ।











लामो समय संविधानलाई शासकको इच्छाका रूपमा बुझियो । पहिलो यो शासनको माध्यमका रूपमा आयो र शासकका लागि महत्त्वपूर्ण देखापऱ्यो । लोकतन्त्रको उदयपश्चात् राजनीतिक प्रणालीसँग सम्बन्धित दस्ताबेज वा प्रथाका रूपमा रहन गयो । यो मानवीय चेतनाको विकास र सभ्यताको प्रमाण पनि हो । त्यसपछि, नागरिकको, बाँच्ने, हेर्ने, बोल्ने, सोच्ने, हिँड्डुल गर्नेजस्ता आधारभूत अधिकारको सर्जक सरकार होइन, तर राज्यशक्तिका कारण सरकारले निमेषभरमै व्यक्तिका जीवन, सम्पत्ति, स्वतन्त्रता र समानतालाई नष्ट गरिदिन सक्ने भएकाले जनताका नैसर्गिक हक-अधिकार प्रत्याभूत गर्ने छन् । पहिलो सरकारका मुख्य अंगको तर्जुमा र शक्तिको व्यवस्थापन । दोस्रो, देशको स्थायी र दिगो राजनीतिक एवं कानुनी संरचनाको निर्धारण । तेस्रो, संक्षिप्त र लिपिबद्ध कानुन । चौथो, त्यस्तो कानुन मौलिक र सर्वोच्च प्रकृतिको हुन्छ । पाँचौँ, संविधानविपरीतका कामकारबाही र विधायकसमेत अयोग्य र बदर गर्न सक्ने स्वतन्त्र र सक्षम न्यायालयको व्यवस्था । छैटौँ, सहजै परिवर्तन हुन नसक्ने । सातौँ, संविधानले नागरिकका लोकप्रिय भावना र सर्वस्वीकृत मूल्य एवं मान्यतालाई समेत प्रतिनिधित्व गरेको हुनुपर्ने ।

सरकार वा राजनीतिलाई मात्र महत्त्व दिइनु संविधानको एउटा पक्ष मात्र हो । रोग निको पार्न नसक्ने औषधिको अर्थ नभएजस्तै नागरिक स्वतन्त्रताबाट विमुख व्यवस्था समाजवाद, साम्यवाद वा लोकतन्त्र जेसुकै भनिए पनि त्यसको कुनै औचित्य हुँदैन ।

हरेक संविधानको सर्जक समाज स्वयंलाई मानिन्छ । किनकि यो एकाएक उत्पन्न भएको विषय नभई मानवीय सभ्यतासँगै विकास भएको उपाय र अवस्था हो । र, यो समाजको स्वार्थ र स्वभावबाट अलगिएर पनि रहन सक्दैन । नागरिक इच्छा प्रतिबिम्बित नभएको संविधान नेपालको ००४ सालमा जारी 'नेपाल सरकारको वैधानिक कानुन'जस्तो हुन पुग्छ । नागरिकका इच्छा प्रतिबिम्बित भएका हुन्थे भने सात दशकमा सात संविधान फेरिने थिएनन् । यसर्थ, संविधान नागरिकको गाँस, वास र कपाससँग सम्बन्धित विषय हो । संविधानले राजनीतिक आवश्यकतालाई मात्र सम्बोधन र उद्बोधन गर्ने नभई मानवीय जीवनका विविध पक्षलाई प्रभाव पारिरहेको हुन्छ । नागरिकका आवश्यकता पूरा गर्नुपर्ने सरकारको दायित्व भएकाले यो आर्थिक सरोकारबाट पनि पर रहन सक्दैन ।

संविधानवादको अभाव नै अलोकतान्त्रिक संविधान हो भने लोकतन्त्रको सबल पक्ष नै संविधानवाद । स्वस्थ र आवधिक निर्वाचनबाट सरकारको संपरीक्षण यसको विशेषता हो । संविधानवादले मौलिक हकको वर्चस्वलाई आत्मसात् गर्छ । संविधानवादको साध्य असल र जनउत्तरदायी शासन व्यवस्था हो । लोकतान्त्रिक प्रणालीमा जननिर्वाचित सरकार पनि अनेकौँ परिस्थिति र कारणले अलोकतान्त्रिक बन्न सक्छ । विधिशास्त्री फ्रान्सिस राज्यशक्तिको उद्दण्डताबाट सिर्जना हुन सक्ने दुष्परिणाम रोक्ने पूर्वउपाय नै संविधानवाद भएको तर्क गर्छन् । राज्य अथवा शासक स्वभावैले अविवेकी, विभेदी र स्वेच्छाचारी हुन्छ । आमनागरिकले आफ्नो पसिनाले कमाएको आम्दानीबाट गाँस कटाएर तिरेको राजस्व, करलाई शासक (नेतागण) ले आफ्नो मानसम्मान, सुरक्षा, स्वस्थ्योपचार र ऐसोआराममा खर्चिन्छ । नागरिककै पैसा खर्चिएर नागरिकमाथि दमनमा उत्रिन्छ । शासकीय निकम्मापन हामीले दिनहुँ साक्षात्कार गरेकै विषय हुन् । संविधानवादले शासकलाई उत्तरदायी र जवाफदेही बनाउँछ र तिनलाई विवेकी हुन सिकाउँछ । संविधानवादले शासकको स्वेच्छाचारितामा कसरी लगाम लगाउँछ र जनकल्याणलाई बढावा दिन्छ भन्ने प्रश्नको जवाफ पुस्तकमा पाइन्छ ।

संविधान नागरिकका हक-अधिकारका लागि लेखिने दस्ताबेज हो, शासनका लागि होइन भन्ने नवीन मान्यता छ । यसैकारण, वितरित न्यायको वकालत गर्ने जोन रावलसमेत सामाजिक भलाइका नाममा समेत व्यक्तिगत हक-अधिकारमा कटौती गर्न नसकिने तर्क गर्छन् । संविधानवादले व्यक्तिको हक-अधिकारलाई सर्वोपरी ठान्छ । समतामूलक समाजको निर्माण नै संविधानवादको पछिल्लो स्वरूप हो ।

विधिशास्त्री एवं त्रिविका उप-प्राध्यापक कमलराज थापाले लेखेको यो पुस्तकमा संविधान के हो ? संविधानको क्रमिक विकास कसरी हुँदै आयो ? संविधानवाद के हो ? यो किन आवश्यक छ ? जस्ता यावत् प्रश्नको जवाफ पाउन सकिन्छ । विधिशास्त्रको गहिरो ज्ञान भएका थापाको यस पुस्तक कानुनका जिज्ञासु, विधायकहरू, राजनीतिकर्मीलगायत नागरिकका हक-अधिकारप्रति चासो राख्ने आमपाठकका लागि समेत उत्तिकै उपयोगी छ । तर, यसका लागि अंग्रेजी र नेपाली दुवैमा राम्रो दख्खल आवश्यक पर्नेछ । अंग्रेजीका भरमार उद्धृतांशहरू पुस्तकमा उपयोग गरिएका छन् । सानरव प्रकाशनले प्रकाशित गरेको यस पुस्तकको मूल्य ४९५ रुपैयाँ रहेको छ ।



विधिशास्त्री एवं त्रिविका उप-प्राध्यापक कमलराज थापाले लेखेको यो पुस्तकमा संविधान के हो ? संविधानको क्रमिक विकास कसरी हुँदै आयो ? संविधानवाद के हो ? यो किन आवश्यक छ ? जस्ता यावत् प्रश्नको जवाफ पाउन सकिन्छ ।

महिलाका मसिहा बन्न तम्सिनेका नाममा



सहयोगी र मुक्तिदाताबीच रहेको पातलो रेखालाई ठम्याउन नसकी निर्माण भएका यस्ता भाष्य न्यायका पक्षधर त पक्कै होइनन् । महिलावादी तथा समतामूलक सिद्धान्तमा निर्मित चलचित्र, पात्रचयन, प्रतिनिधित्वको विषय अझै उठान हुन आवश्यक छ ।

अहिले नेपालमा गौशाला- २६ ले आफ्ना न्यायका लागि लडिरहँदा गर्नुपरेको संघर्ष र राज्यबाट पाइरहेको थप यातनासँग मेल खाने गरी बनेको चलचित्र 'सिर्फ एक बन्दा काफी है' को सर्वत्र चर्चा भइरहेको छ । चलचित्रमा वकिलको भूमिका निर्वाह गरेका मनोज बाजपेयीलाई सबैले 'अबला' महिलाका मसिहाका रूपमा वर्णन गरिरहेका छन् ।

राज्यव्यवस्थाद्वारा सीमान्तकृत बनाइएका समुदायलाई बचाउन वा तिनका पक्षमा वकालत गरी आफ्नो पोर्टफोलियो बलियो बनाउन लागिपरेका यस्तै पात्रलाई समाज तथा चलचित्रले 'मुक्तिदाता' बनाउने प्रवृत्ति पहिलेदेखि नै देखिँदै आएको हो । ती नहुने हुन् भने महिला तथा सीमान्तकृत समुदायका लागि सामाजिक न्याय असम्भव नै हुन्छन् भनी यस्ता थुप्रै चलचित्रले गलत सन्देश प्रवाह गरिरहेका छन् ।

अहिले 'सिर्फ एक बन्दा काफी है' चलचित्र हेरेर मनोज बाजपेयीको जय मनाइरहेकालाई यो पनि हेक्का रहोस्, यी तिनै बाजपेयी हुन् जो 'द फेमिली म्यान' नामको शृंखलामा कस्मिरी मुसलमान र तमिल समुदायका व्यक्तिलाई आतंककारी घोषित गरी भारतमा विद्यमान साम्प्रदायिक द्वन्द्व वरपर निर्मित भाष्यलाई बढवा दिइरहेका थिए । भारतको संविधानको अनुच्छेद ३७० खारेज भएसँगै चर्किएको द्वन्द्व र उक्त शृंखला रिलिज भएको समय लगभग एकै थियो । अहिले सामाजिक सञ्जाल प्रयोगकर्ताले महिलाका मसिहाको तक्मा भिराइदिएका बाजपेयी केही समयअघिसम्म मात्र मुस्लिमद्वेशी पात्रको भूमिकामा देखिएका थिए ।

सेभियर कम्प्लेक्सबाहेक यस चलचित्रलाई महिलावादी चलचित्र मान्नु नपर्ने अन्य कारण पनि छन् । उता अदालतमा नाबालिगका तर्फबाट लडिरहेका मुख्य पात्र घरमा भने आमाको वस्तुकरण गर्नसमेत पछि पर्दैनन् । बलात्कारपश्चात् १६ वर्षे सभाइबरलाई भन्दा बढी पीडा मनोज वाजपेयीलाई भएको देखाइएको छ । र त्यसैलाई सत्यका रूपमा स्थापना गर्न विभेदकारी हिन्दू प्रतीकको प्रचुर प्रयोगसमेत भएको छ ।

चलचित्रको अन्त्यमा छिमेकका सबै महिला भेला भएर वाजपेयीका लागि हर्षबढाइँ गर्छन्, फूलको वर्षात् हुन्छ । उता सर्भाइबरले महसुस गरिरहेको पीडा चित्रित गर्नेतर्फ भने कसैको ध्यान जाँदैन । हामीलाई कानुनी र सामाजिक न्याय होइन, उच्चजातीय पुरुष मुक्तिदाता चाहिएको छ भन्नेजस्ता आपत्तिजनक भाष्य स्थापना गर्न यस्तै चलचित्रले सघाएका छन् ।

यसरी नै जुन विभेदकारी संस्थाले यस्ता अपराध गरिरहेको छ, त्यसैभित्रका केही प्रतिनिधि पात्रलाई उद्धारकर्ताका रूपमा उभ्याई समाजका केही वर्चस्वशाली समुदायले आखिरमा विभेद र हिंसालाई नै बढवा दिइरहेको हुन्छ ।

सन् २०१९ मा आएको बलिउड चलचित्र 'आर्टिकल १५' मा एक सम्पन्न उच्चजातीय परिवारबाट आएका अयान रञ्जन भारतको उत्तर प्रदेशको लालगाउँमा प्रहरी अधिकारीका रूपमा काम गर्न जान्छन् । गाउँमा काम गर्न जानुअगाडिसम्म जात-व्यवस्थाबारे केही थाहा नभएका र आफ्नो जातबारे त भन्नै ज्ञात नभएका रञ्जनको भूमिका आयुष्मान खुरानाले निर्वाह गरेका छन् । उत्पीडक जातका व्यक्तिलाई आफ्नो जात र त्यससँगै आएको विशेषाधिकारबारे थाहा नहुनु प्रगतिशील हुनुको मानक नभई समाजमा विद्यमान विभेदबारे अनभिज्ञ हुनु हो र त्यस्ता विभेदलाई मलजल गर्न तिनको पनि प्रत्यक्ष-अप्रत्यक्ष भूमिका रहेको छ भन्ने तथ्य बुझ्न निर्देशक अनुभव सिन्हा चुकेका छन् । एक उच्चजातीय त्याचलैंगिक पुरुषका अभावमा महिला तथा दलितको मुक्ति सम्भव नरहेको देखाउन यिनले हरसम्भव प्रयास गरेको देख्न सकिन्छ ।

हलिउड चलचित्रको नश्लवादी निर्माणलाई लिएर सन् २०१२ तेजु कोलले द एटलान्टिकमा लेखेको 'द ह्वाइट सेभियर इन्डस्ट्रियल कम्प्लेक्स'मा यसलाई विशेषाधिकारप्राप्त समाजले आफूसँग भएका अधिकारबारे निकैपछि ज्ञात भएका अवस्थामा 'भावनात्मक बोझ' उत्पन्न हुने र त्यसैलाई चलचित्रका माध्यमबाट देखाइने कुरा लेखेका छन् । यस्तो हुँदा शक्तिसम्पन्न समुदायलाई अरूका भोगाइभन्दा आफ्ना भावनात्मक अनुभवको मूल्य बढिरहेको भान हुन्छ । 'आर्टिकल १५' मा पनि आयुष्मान खुरानालाई त्यही भएको हो । त्यसैले त चलचित्रमा दलित महिलाको निर्ममतापूर्वक हत्या भए पनि एक ब्राह्मण पुरुषले गरेको अनुभवको पीडा धेरै हुने देखाइएको छ ।

अर्को चलचित्र 'चन्दीगढ करे आशिकी'मा आफूमा रहेको पारलैंगिक महिलाप्रतिको द्वेश कम गर्दै लगेर अन्त्यमा एक पारलैंगिक महिलासँग प्रेमसम्बन्ध कायम गर्ने आयुष्मान खुरानाका 'संघर्ष' देखाइएको छ । शिक्षा, स्वास्थ्य, रोजगार, समान व्यवहारका लागि हरेक दिन लडिरहेका, मरिरहेका समुदायका तुलनामा सोही समुदायको कसैसँग प्रेम गरी आफूलाई प्रगतिशील देखाउने र अर्को व्यक्तिले जीवनभर भोगेको विभेद र त्यससँग लड्न गरेको संघर्षलाई भने चलचित्रले कहींकतै समेटेको छैन ।

अंग्रेजीमा यस्तो प्रवृत्तिलाई 'सेभियर कम्प्लेक्स' भनिन्छ । आयुष्मान खुरानाका पछिल्ला केही चलचित्र हेर्ने हो भने महिला तथा दलितका सेभियरका रूपमा यिनले अभिनय गरेका छन् । सीमान्तकृत समुदायका हातबाट माइक छिनी तिनलाई चुप लगाएर आफ्ना कुरा अगाडि राख्ने यस्ता सेभियर पात्र अधिकांश ब्राह्मण पुरुष नै हुन्छन् र समाजले पनि तिनलाई हिरोका रूपमा हेर्न कहिल्यै छाड्दैन ।

एउटै समाजले उत्पीडक र सेभियर जन्माउँछ, त्यसैले दुवैलाई प्रश्रय दिन्छ । सन्दीप लामिछाने, पल शाह, आशाराम बापु, आयुष्मान खुराना र 'सिर्फ एक बन्दा काफी है'का मनोज बाजपेयी यही व्यवस्थाका उपज हुन् । यी सबलाई आफू नभई समाज अघि बढ्न नसक्ने भ्रम छ । यी सबका प्रशंसक यिनका विरुद्ध आएका आलोचनात्मक प्रश्नलाई बलपूर्वक चुप लगाउन ज्यान दिएर लागिपर्छन् ।

सन् २०१६ मा आएको र 'नो मिन्स नो'जस्ता प्रभावशाली वाक्यलाई धेरैमाझ पुऱ्याउन सफल भएको 'पिंक' नामको चलचित्र पनि यस्तै सेभियर कम्प्लेक्सले भरिपूर्ण छ । यौनिक हिंसा र त्यसपश्चात् मानसिक विचलन भोगेका तीन महिलालाई न्याय दिलाउन अमिताभ बच्चनलाई ल्याइन्छ । निर्देशकले चतुऱ्याइँपूर्ण तरिकाले ती महिलाका अनुभवभन्दा बढी महत्त्व अभिताभ बच्चनका यस्तै 'वान लाइनर'लाई दिएका छन् । महिलाका यौनिकता र सहमतिलाई पुरुषका दृष्टिकोणले हेरी अदालतीय प्रक्रियाका क्रममा महिला पात्रको यौनजीवनबारे सार्वजनिक रूपमा प्रश्न गर्ने र यौनहिंसामा परेका महिलालाई समानुभूतिका साथ हेर्नुका साटो तिनको भोगाइलाई सनसनीपूर्ण तरिकाले प्रस्तुत गर्ने ध्येय यस चलचित्रको रहेको छ । वकिलका रूपमा बच्चन नआइदिएका भए ती महिलाले जीवनभर न्याय नपाउने भनी देखाउने प्रयाससमेत यस चलचित्रमा भएको छ । केही विषम लैंगिक घटकलाई अगाडि सार्दै महिलालाई न्याय दिलाउँछु भन्दै तम्सिने पुरुषले आफैंले आफैंलाई कहिले प्रश्न गर्लान् ?



विभु लुइँटेल
bibhu.blog@gmail.com

सिनेमा

> कथा कसको हो, भोगाइ कसको हो भन्दा पनि ठाउँ ओगटेर कसले बोल्यो भनी नियाल्ने कुरामा हामी निकै पछि परिरहेका छौं । नभए भोग्नेको व्यथा दोस्रो व्यक्तिलाई कसरी बढी थाहा हुन्छ ? यसले नायकत्वको अपेक्षालाई दर्शकमाझ तीव्र बनाई अन्यायलाई बढवा दिइरहेको तथ्य नकार्न सकिँदैन ।

कथा कसको हो, भोगाइ कसको हो भन्दा पनि ठाउँ ओगटेर कसले बोल्यो भनी नियाल्ने कुरामा हामी निकै पछि परिरहेका छौं । नभए भोग्नेको व्यथा दोस्रो व्यक्तिलाई कसरी बढी थाहा हुन्छ ? यसले नायकत्वको अपेक्षालाई दर्शकमाझ तीव्र बनाई अन्यायलाई बढवा दिइरहेको तथ्य नकार्न सकिँदैन । 'प्याडम्यान'मा महिनावारीको पीडा राधिका आप्टेभन्दा बढी अक्षय कुमारलाई हुनु, देशका लागि मेडल ल्याउन प्रेरणा दिने भन्दै महिला हकी खेलाडीमाथि हात उठाउने 'चकदे इन्डिया'का शाहरूख खानलाई महिला सशक्तीकरणको प्रतीक मान्नु, 'लगान'मा दलित समुदायका अपांगता भएका कचरा (नेपालीमा फोहोर) नामका पात्रलाई छोएर उच्चजातीय भुवनले जात-व्यवस्थाको अन्त्य भएको घोषणा गर्नु, 'सोलवा साल' नामको चलचित्रमा देव आनन्दले वाहिदा रहमानलाई असहज हुने गरी पछ्याउँदै, सताउँदै गाएको गीतलाई रोमान्सको पर्याय मान्नु, धेरै चलचित्रमा श्रीमानूले श्रीमतीमाथि हात उठाएका दृश्य देखाउँदा त्यसलाई मायाको संज्ञा दिनु, राष्ट्रवाद र धर्म जोगाउने पुरुषले गरेका यौनिक हिंसाका घटनाले माफी पाउनु, अनि उत्पीडन तथा हिंसाका घटना हुँदा सम्पूर्ण तवरले विशेषाधिकार प्राप्त पुरुषलाई मसिहाका रूपमा उभ्याउनु ! यी सब दृष्टान्तले हाम्रो सामाजिक चेतबारे के भन्छ ? शक्ति, साहस, बुद्धिमत्ता, तीक्ष्णताजस्ता गुणले भरिपूर्ण यस्ता हिरो पात्रका अभावमा समाजमा सकारात्मक फेरबदल आउन नसक्ने कुरा देखाइरहँदा त्यही हिरोकै सामाजिक पुँजीका कारण समाजमा विभेद, द्वन्द्व तथा सीमान्तकृत समुदायका जीवनमा प्रतिकूल परिस्थिति निम्तिने गरेको तथ्य सम्प्रेषण गर्ने चलचित्र कति बनेका होलान् ?


सहयोगी र मुक्तिदाताबीच रहेको पातलो रेखालाई ठम्याउन नसकी निर्माण भएका यस्ता भाष्य न्यायका पक्षधर त पक्कै होइनन् । महिलावादी तथा समतामूलक सिद्धान्तमा निर्मित चलचित्र, पात्रचयन, प्रतिनिधित्वको विषय अझै उठान हुन आवश्यक छ ।

स्पेनमा खसेका ती अमेरिकी आणविक बम

५७ वर्षअघि स्पेनिस तटमा चार अमेरिकी आणविक बम खसेका थिए, जसको असर दशकौँ देखियो



स्पेनमा दुर्घटना भएको अमेरिकी बमवर्षक जहाजको भग्नावशेष।



दुर्घटनापछि सकुशल भेटिएका यी बम हाल प्रदर्शनीमा राखिएका छन्।

इतिहास

● क्रिस्टोफर वुडी, ली फेरान, डेभ फिलिप्स

सन् १९६६ जनवरी १६ को एकाबिहानै अमेरिकाको नर्थ क्यारोलिनास्थित 'सेमोर जोन्सन एयर फोर्स बेस'बाट बी-५२ स्ट्र्याटोफोट्रेस बमवर्षक विमान युरोपका लागि उड्यो। विमान 'अप्रेसन क्रोम डोम'अन्तर्गत चारवटा बी२८ हाइड्रोजन बम बोकेर सोभियत संघको सिमानानजिकको युरोपेली आकाशमा गस्ती गर्न जाँदै थियो। सन् १९६१ मा बर्लिनको पर्खाल खडा भएपछि अमेरिका र सोभियत संघबीचको प्रतिद्वन्द्विता चुलिएको थियो। दुई मुलुकबीच जुनसुकै वेला युद्ध भड्किने डर थियो। अमेरिकी सेनाले यसैलाई मध्यनजर गर्दै अकस्मात युद्ध भड्किएको अवस्थामा प्रयोग गर्न सकिने गरी आकाशमा आणविक बम हरसमय तैनाथ राख्ने अप्रेसन क्रोम डोम कार्यक्रम ल्याएको थियो। मुख्यतः युद्धको सुरुमै अमेरिकाका मुख्य आणविक केन्द्र सोभियत मिसाइल निसानामा पर्दा युद्धमा प्रयोग गर्न मिल्ने हतियारको जोगाड थियो, त्यो। यस परियोजनाअन्तर्गत सोभियत सीमानजिक युरोपेली आकाशमा आणविक हतियार बोकेका बमवर्षक विमान तैनाथ राखिन्थे। जनवरी १६ मा उडेको बी-५२ स्ट्र्याटोफोट्रेस यसै अभियानअन्तर्गत आफ्नो पालो दिन उडेको थियो।

भोलिपल्ट अमेरिका फर्किँदा विमानले स्पेनको आकाशमा इन्धन भर्ने विशेष विमान केसी-१३५ ट्यांकरबाट इन्धन भर्ने कार्यसूची थियो। अमेरिकी सरकारले स्पेनसँग यस प्रयोजनको लागि उसको आकाश प्रयोग गर्ने अनुमति दिन छुट्टै सम्झौता पनि गरेको थियो। त्यस दिन सो बमवर्षकको कमान्ड सम्हालिरहेका वायुसेनाका २९ वर्षीय पाइलट क्याप्टेन चार्ल्स वेन्डोर्फले इन्धन भर्ने समयका लागि आफ्ना स्टाफ पाइलट मेजर ल्यारी मेसिंगरलाई विमानको नेतृत्व हस्तान्तरण गरे। १७ जनवरीको बिहान १० बजेको समयतिर दक्षिणपूर्व स्पेनको आकाशमा ३१ हजार फिटको उचाइमा बमवर्षक विमान इन्धन भर्ने जहाजको नजिक पुग्दै थियो। तर, बमवर्षक विमान र इन्धन जहाज नजिकिरहँदा मेसिंगरले केही गडबड महसुस गरे।

'हामी इन्धन भर्ने ट्यांकरको पछाडितर्फ थियौँ। हाम्रो जहाजको गति इन्धन जहाजको भन्दा बढी भएछ, जसले गर्दा इन्धन भर्ने विमानतर्फ हुत्तियौँ,' पछि अमेरिकी हेरिटेज पत्रिकासँगको कुरा गर्ने क्रममा मेसिन्जरले सम्झिए। 'इन्धन भर्दा निश्चित प्रक्रिया अपनाइन्छ, यदि बुम अपरेटरलाई दुई विमान धेरै नजिक पुगेको लाग्यो भने उनीहरूले खतरनाक संकेत गर्दै टाढिन भन्छन् तर त्यो दिन त्यस्तो केही संकेत आएन। त्यसैले विमानहरू टक्कर नखाएसम्म कसैले पनि खतराको महसुस गरेन,' मेसिंगरले भने।

बी-५२ इन्धन भर्ने जहाजसँग ठक्कर खाएपछि केसी-१३५ मा रहेको इन्धन छचल्किँदा ठूलो आगलागी भयो। दुवै हवाईवाहन विस्फोट भयो, इन्धन ट्यांकर-विमान जलेर पूरै खरानी भयो, र त्यसमा सवार सबै चारजनाको तत्कालै ज्यान गयो। बमवर्षक विमानका पछाडि भागमा रहेका तीनजना मानिस मारिए भने चालक दलका चारजना भने विमानमा जडित विशेष प्रविधिमार्फत विस्फोटअघि नै उम्किए।

दुर्घटना नटर्ने अवस्थाका लागि लडाकु विमानमा, पाइलट बस्ने प्यारासुटजडित सिट नै उछिट्टिने प्रविधि राखिएको हुन्छ। यही प्रविधिको प्रयोग गरेर बमवर्षक विमानका पाइलट दलका सदस्यहरू, क्याप्टेन इभेन्स बुकानन, वेन्डोर्फ र लेफ्टिनेन्ट रिचर्ड र मेसिंगर विस्फोटअघि नै उम्किन सफल भए। उनीहरू प्यारासुटको सहारामा समुद्र तटछेउको स्पेनी भूमिमा झरे। आकाशमा ठूलो विस्फोट र आगोका लप्का झरेको केही माइल पर माछा मारिरहेका स्पेनिस माझीले पनि देखेका थिए। एकजना माझीले जलेको भग्नावशेषसँगै पाँचवटा प्यारासुट पनि देखेका थिए। उनले पछि सुरक्षाकर्मीलाई जानकारी गराएअनुसार पाँचमध्ये तीनवटा प्यारासुटका मानिस जिउँदाजस्ता देखिएका र अरू दुई प्यारासुटमा भने 'मरेका शव' थिए।

हतारमा सरसफाइ टोली

दुर्घटनाको केही समयपछि, स्पेनमा पहिलेदेखि रहेको अमेरिकी हवाई फौजको आधार शिविरमा साइरन बज्न थाल्यो। सेनाका शीर्ष अधिकारी त्यस समय आधार क्षेत्रमा रहेका भेट्न सकिने जति सबै तल्लो तहका फौजी जम्मा गरेर घटनास्थलमा जाने तयारी गर्न थाले। त्यस क्रममा आधार क्षेत्रमा भेटिएको मान्छे, क्लर्क र संगीतकारसमेत प्रारम्भिक उद्धार र सरसफाइ अभियानका लागि सहभागी गराइएका थिए। उनीहरू केही समयभित्रै दक्षिणपूर्वी स्पेनको तटीय कृषि गाउँ पालोमेरेस पुऱ्याइए। सुरुमा सरसफाइ टोलीको संख्या केही दर्जन भएकोमा पछि यो संख्या ६ सयसम्म पुगेको थियो। तिनको बसोवासका लागि टेन्टको बस्ती नै बनाइएको थियो।

'हामी सुरुमा पुग्दा सबै भद्रगोल थियो। भग्नावशेष यत्रतत्र पालोमेरेसको गाउँभरि नै छरिएको थियो। बमवर्षकको ठूलो हिस्सा गाउँको विद्यालयको आँगनमा खसेको थियो,' त्यस दिन दुर्घटनास्थलको अवस्था सम्झिँदै तत्कालीन सैन्य प्रहरी जोन गार्मनले भने। जनवरी १७ को साँझसम्म भग्नावशेष कहाँ-कहाँ खसे भन्ने लगभग पहिचान भइसकेको थियो। कुनै पनि गाउँलेलाई चोटपटक नलागेको पनि खुल्यो। तर, भग्नावशेष खसेको स्थानको पहिचान मात्र तिनको उद्देश्य थिएन। दुर्घटनाग्रस्त बमवर्षकमा चार शक्तिशाली आणविक बम थिए, तिनको खोज अमेरिकी अधिकारीको पहिलो प्राथमिकता थियो।

लामो खोज

चारवटा आणविक बम। प्रत्येक १.४५ मेगाटन विस्फोटक क्षमताका थिए, जुन हिरोसिमामा खसालिएको बमभन्दा ७० गुणा बढी शक्तिशाली हो। तथापि तिनमा राखिएका सुरक्षा व्यवस्थाले आणविक विस्फोटलाई रोक्न सफल भएको थियो। अर्थात् बममा जडित सुरक्षा प्रणालीले प्लुटोनियमको परमाणु विस्फोटलाई रोक्न सफल भएकाले ठूलो विपत्ति टरेको थियो। यदि त्यसो हुन नसकेको भए एकपछि अर्को आणविक विस्फोटको प्रलय सामना गर्नुपर्ने थियो। 'ठूलो भाग्यले त्यो दिन पालोमारेस क्षेत्रका जनसंख्या महाप्रलयबाट बचेका थिए,' घटनाको रिपोर्ट गर्ने एक सोभियत अधिकारीले त्यस वेला बताएका थिए। आणविक बमको विस्फोटन दुई चरणमा हुने गर्छ। बममा राखिएको ठूलो परिमाणका परम्परागत बारुद विस्फोट भएर उत्सर्जित हुने उच्च तापले बमको केन्द्रमा राखिएको रेडियोधर्मी पदार्थमा आणविक प्रतिक्रिया सुरु गराएपछि मुख्य आणविक विस्फोट हुन्छ।

> सन् १९६१ मा बर्लिनको पर्खाल खडा भएपछि अमेरिका र सोभियत संघबीचको प्रतिद्वन्द्विता चुलिएको थियो। दुई मुलुकबीच जुनसुकै वेला युद्ध भड्किने डर थियो। अमेरिकी सेनाले यसैलाई मध्यनजर गर्दै अकस्मात युद्ध भड्किएको अवस्थामा प्रयोग गर्न सकिने गरी आकाशमा आणविक बम हरसमय तैनाथ राख्ने अप्रेसन क्रोम डोम कार्यक्रम ल्याएको थियो।

सुरुमा भेटिएको बम जस्ताको त्यस्तै भेटिएको थियो। बाँकी दुई बम भने तिनमा राखिएको परम्परागत विस्फोटक पदार्थ भने पड्किएको अवस्थामा फेला परे। रेडियोधर्मी सामग्री बाली र खेतबारीमा छरिएका थिए। तीबाट रेडियोधर्मी विषाक्तता फैलिने सम्भावना उच्च थियो। कैयौँ दिनको खोजीपछि पनि चौथो बम फेला पर्न सकिरहेको थिएन, जुन अमेरिकाका लागि अन्तर्राष्ट्रिय लज्जाको विषय बनिरहेको थियो। त्यस्तै त्यस क्षेत्रका मानिसका लागि सम्भावित खतरा थियो। चौथो बम हराएको स्थानको विश्लेषण गर्न अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले न्यू मेक्सिकोको सान्डिया नेसनल ल्याबोरेटरिजका इन्जिनियरलाई बोलायो। तिनले हराएको बम झरेको सम्भावित स्थान निर्धारण गर्न उपलब्ध सबै सम्भावनाबारे विचार-विमर्श गरे। दुर्घटनाको परिस्थिति र बमको खसाइमा प्रभाव पार्ने हावाको गतिदेखि अन्य चरहरूको विश्लेषणपछि चौथो बम समुद्रमा खसेको हुन सक्ने देखियो। तर, समुद्रको कुन भागमा खसेको भन्ने पहिचान गर्न कठिनाइ भइरहेको थियो।

यस्तोमा बमवर्षकका चालक दलका पाँच सदस्यलाई समुद्रमा अवतरण गरेको देख्ने माझीको कुरामा फेरि सैनिक विश्लेषकको ध्यान गयो। उसले देखेको 'मृत मानिस' खासमा चौथो बम थियो। त्यो जानकारीलाई ध्यानमा दिएर चौथो बमको खोजीका लागि ल्याइएका इन्जिनियरले समुद्री भेगमा नयाँ खोज क्षेत्र सिफारिस गरे। नौसेनाले समुद्री पिँधमा बम खोज्न सयजनाको गोताखोर समूह तयार पाऱ्यो। खोजीकै लागि फेब्रुअरी ११ मा नौसेनाले १३ टन वजनको २२ फिट लामो, आठ फिट चौँडा पनडुब्बीसमेत प्रयोगमा ल्याएको थियो। समुद्रमुनिको खोजमा यसअघि कहिल्यै पनि यो स्तरको प्रयास भएको थिएन। हुन पनि अमेरिकाका लागि जोखिम उच्च थियो। बम हराएको समुद्री क्षेत्र वरपर अमेरिकाको प्रतिद्वन्द्वी सोभियत जहाज देखिन थालेका थिए। पछि जारी गोप्य कागजातअनुसार सोभियत दल बम खोजेर भेटिएमा आफ्नो देश लाने गोप्य योजनाअनुसार त्यहाँ थिए। त्यसैले अमेरिका निकै तनावमा थियो।

खोजमा तैनाथ पनडुब्बीमा एक पाइलट र दुई पर्यवेक्षक बस्न मिल्थ्यो। त्यसअतिरिक्त खोजमा सघाउन त्यसमा धेरै क्यामेरा र एक पानीभित्र भेटिएको सामान च्याप्ने उपकरण पनि थियो। ६ हजार फिटको गहिराइसम्म जान सक्ने यस पनडुब्बी पुरानो प्रविधिको थियो, जसले गर्दा खोज निकै सुस्त गतिमा भइरहेको थियो। मार्च १ सम्म बमको संकेतसमेत फेला परेन। तर, सो दिन पर्यवेक्षकले समुद्र पिँधमा केही धर्सोजस्तो देखे। सो क्षेत्रवरपर थप दुई हप्ताको खोजपछि बम फेला पऱ्यो। माझीले जुन ठाउँमा मरेको मानिस खसेको भनेका थिए, लगभग त्यही समुद्री भागको दुई हजार ५५० फिटमुनि बाँकी तीन बम खसेको समुद्र तटबाट करिब पाँच माइल बम सकुसल भेटिए। तर, सुरु (अप्रिल २)मा बम निकाल्ने प्रयास सफल भएन। बमनजिक पुगेको उपकरण त्यसको प्यारासुटमा अड्कियो। पछि अप्रिल ७ मा बल्ल कठिन मिहिनेतले बम समुद्र पिँधबाट निकालिएपछि ८१ दिनका खोज सकिएको थियो। समुद्री खोजमा संलग्न पर्यवेक्षक एकाएक अन्तर्राष्ट्रिय नायक बने, तर घटनाको प्रभाव भने त्यही दिन समाप्त भएन।

दुर्घटनापछि उच्च विकिरण प्रदूषण

घटनापछि सो क्षेत्रमा पुगेका आणविक विज्ञहरूले परम्परागत विस्फोटक पदार्थ पड्केपछि उछिट्टिएका प्लुटोनियमको खेतबारी र गाउँका केही भागमा पत्र लागेको बताएका थिए। यस समस्यामा अमेरिकी सरकारले भौतिक रूपमा जग्गा खाली गर्ने र ती जग्गाधनीलाई क्षतिपूर्ति दिने कदम मात्र उठायो। रेडियो विकिरण फैलिएको आशंकामा अमेरिकी सैनिकले पालोमेरेस क्षेत्रका करिब ६०० एकड क्षेत्रमा लगाइएका बाली किनेका थिए। 'हामीले त्यहाँ लगाइएका धेरै टमाटर खेत किन्नुपरेको थियो,' पूर्व वायुसेना अधिकारी माल्कम स्ट्रिंगरले सान्डियापछि राष्ट्रिय प्रयोगशालाद्वारा निर्मित भिडियोमा भनेका थिए। जमिनमा खसेका तीनवटा बम भेटिएको केही हप्ताभित्रै अमेरिकी सेनाले वरपरका विकिरणले दूषित वनस्पतिहरू ट्रकका ट्रक खनेर तिनको क्याम्पमा लगे। जहाँ ती सामग्री जलाइएका थिए।

विषाक्त माटोसमेत खनेर ड्रममा राखी नौसेनाको जहाजबाट अमेरिकाको जर्जियास्थित आणविक विकार भण्डारणमा लगिएको अमेरिकी सेनाको सन् १९७५ को रिपोर्टमा उल्लेख छ। सोही प्रतिवेदनमा अविश्वसनीय रूपमा स्थानीय वा अमेरिकी खोजकर्तामध्ये कसैले पनि विकिरणको नकारात्मक स्वास्थ्य प्रभाव भोग्नु नपरेको उल्लेख छ। यद्यपि एक स्थानीय युवकलाई घटनाको ६ वर्षपछि 'रक्त क्यान्सर'बाट बितेको लेखेको छ। तर, अमेरिकी सेनाको आधिकारिक रिपोर्टविपरीत पालोमेरेस क्षेत्रमा सबै ठिक भइसकेको थिएन। पचास वर्षपछि गरिएको अनुसन्धानमा समेत केही भाग विकिरणयुक्त पाइएका थिए। यो कुरा अमेरिका र स्पेनबीचका सन्धि-सम्झौताले पनि स्पष्ट गर्छ।

यसैकारण सन् २०११ मा तत्कालीन अमेरिकी विदेशमन्त्री हिलारी क्लिन्टनले पालोमेरेसलाई 'दीर्घकालीन विरासत मुद्दा'का रूपमा उल्लेख गरेकी थिइन्। सन् २००६ मा विकिलिक्सले लिक गरेको अमेरिकी विदेश मन्त्रालयका दस्ताबेजअनुसार अमेरिकाले यस घटनाका लागि हरेक वर्ष लगभग तीन लाख डलर खर्चिने गरेको र त्यस बिन्दुसम्म जम्मा १.२ करोड डलर लागेको खुलासा गरेको थियो। यीमध्य ठूलो खर्च त्यस क्षेत्रको अनुगमनका लागि स्पेनी सरकारलाई अनुदान र स्थानीयको 'स्वास्थ्य निगरानी'मा खर्च भएको पनि उल्लेख छ। विकिलिक्सको लिकको एक दशकपछिसमेत पालोमेरेसको घटना अमेरिका र स्पेनका सम्बन्धमा मुद्दा रहेको देखिएको थियो। जब सन् २०१५ मा तत्कालीन विदेशमन्त्री जोन केरी र उनका स्पेनिस समकक्षी जोसे म्यानुयल गार्सिया-मार्गेल्लोले अमेरिका र स्पेनबीचको ५० वर्षदेखि पालोमेरेस सफाइलाई टुंगोमा पुऱ्याउने योजनामा 'जति सक्दो चाँडो छलफल गर्ने' सहमतिपत्रमा हस्ताक्षर भयो।

स्वास्थ्यमाथि चरम लापरबाही

यस घटनाबाट सबैभन्दा नराम्ररी प्रभावित दुर्घटनापछि बमको खोजी र खोजीमा सरिक अमेरिकी सैनिक र घटनास्थल वरपर बस्ने स्पेनी नागरिक भए। उनीहरू दुर्घटना भएको यति लामो समयपछि त्यसको असर बोकेर बसिरहेका छन्। दुर्घटनापछि पालोमेरेका खेतका माटो खनेर अमेरिका लगिएको भए पनि पूर्णस्तरको सरसफाइ नगरिएको पाइएको छ। सन् १९९० को दशकमा भएको परीक्षणहरूले गाउँमा त्यस समय आणविक विकिरण निकै उच्च रहेको पाइएको थियो। थप परीक्षणले त्यहाँको ५० हजार घनमिटर माटो रेडियोधर्मी रहेको पाइयो। स्पेन सरकारको दबाबबीच सन् २०१५ मा अमेरिकाले गाउँमा बाँकी रहेको प्रदूषणलाई सफा गर्न सहमत जनायो। यता खोजमा संलग्न अमेरिकी कैयौँ पूर्वसैनिकहरूले प्लुटोनियम विषाक्तताका कयौँ समस्यासँग जुधिरहेका छन्। हुन त विकिरणमा एक पटककै साक्षात्कारलाई क्यान्सरसँग जोड्न असम्भव छ, तर त्यस समय खोजमा सरिक धेरैमा क्यान्सर हुनुको कारणमा कुनै अध्ययन भएको छैन।

सन् २०१६ मा द न्युयोर्क टाइम्सले यस विषयमा रिपोर्ट तयार गर्ने क्रममा पालोमेरेस सरसफाइमा संलग्न ४० जना पूर्वसैनिक वा तिनको परिवारलाई भेटेको थियो। तीमध्ये २१ जनालाई क्यान्सर लागेको थियो। नौजनाको क्यान्सरकै कारण मृत्यु भइसकेको थियो। धेरैले आफूहरूको समस्याका लागि वायुसेनालाई जिम्मेवार ठहऱ्याए। विशेषतः उच्च रेडियो विकिरण रहेको आफूहरूलाई जानकारी नदिइएको र जानकारी भएका अधिकारीले आवश्यक सुरक्षा पहिरन र उपकरण नदिएको तिनको आरोप छ। एक सैन्य प्रहरी अधिकारीका अनुसार उनीहरूलाई भग्नावशेषका टुक्राटाक्री जम्मा गर्न साधारण प्लास्टिकको झोला दिइएको थियो। तिनले खुला हातले ती रेडियोधर्मी टुक्रा उठाएका थिए।

'मेरो क्यान्सर त्यो समयको सरसफाइका कारण भएको महसुस गर्ने मलाई धेरै समय लाग्यो,' पालोमेरेस सरसफाइमा सहभागी पूर्वसैनिक आर्थर किन्डलरले भने। सरसफाइको क्रममा उनको शरीर नै प्लुटोनियमका कणले ढाकिएले सैनिक अधिकारीले उनलाई समुद्रमा धोई-पखाली गर्न भनेका थिए। त्यसको चार वर्षपछि उनलाई टेस्टिकुलर(अण्डकोष) क्यान्सर र फोक्सोको दुर्लभ संक्रमण भयो। ती रोगको त जसोतसो उपचार भयो, तर फेरि उनमा लिम्फ नोड्समा क्यान्सर देखियो। यो तेस्रोपटक बल्झिसकेको छ। 'हामीलाई विकिरणबारे केही थाहा थिएन र उनीहरूले हामीलाई सबै कुरा सुरक्षित रहेको बताएका थिए। हामी भर्खरका ठिटा थियौँ। विश्वास गर्यौँ तर तिनले झुट बोलेका रहेछन्। आखिर तिनले किन त्यसो गरे ?,' किन्डलरले भने।

'हामीलाई बमको खोजीमा लगिदाँ आणविक विकिरण वा प्लुटोनियम वा अरू कुनै खतराबारे केही बताइएको थिएन,' त्यसवेला २२ वर्षका सेनाका खेलाडी रहेका फर्याङ्क बी थम्पसनले पछि द न्युयोर्क टाइम्ससँग भने। थम्पसन र त्यहाँ खोजमा लगिएका सुरक्षाकर्मीले कुनै सुरक्षात्मक उपकरण वा परिहनविनै कैयौँ दिन ती विकिरणले प्रदूषित क्षेत्रमा बिताएका थिए। 'उनीहरूले हामीलाई डराउनुपर्ने अवस्था नरहेको, सबै सुरक्षित रहेको बताएका थिए। हामीलाई केही थाहा थिएन, त्यसैले विश्वास गर्नुबाहेक अरू विकल्प थिएन,' थम्पसनले भने। अमेरिकी हवाई आधार शिविरमा संगीतकर्मी रहेका थम्पसनसँग न्युयोर्क टाइम्सले कुराकानी गर्दा उनी ७२ वर्षका थिए। त्यस समय उनी कलेजो, फोक्सो र मिर्गौलाका क्यान्सरबाट पीडित थिए।

आफूलाई लागेको रोगको उपचारका लागि थोम्पसनले मासिक २२०० डलर खर्च गरिरहेका थिए। यदि एयर फोर्सले उनलाई विकिरणपीडितको पहिचान दिएको भए यो उपचार भूपू-सैनिकसम्बन्धी अस्पतालमा निःशुल्क हुने थियो। तर, अमेरिकी सेनाले ठोस तथ्यका बाबजुद घटनास्थलका सरसफाइकर्मी कुनै रेडियो विकिरणको सिकार नभएको दाबी गर्दै आएको छ। उसले विकिरणको उपस्थिति स्विकार्दा पनि त्यसको मात्रा नगण्य रहेको बताउने गरेको छ। तर, न्युयोर्क टाइम्सका अनुसार त्यस समय विकिरणको मात्र यति उच्च थियो कि तिनको अनुगमन गर्ने उपकरणको सबै नाप्ने उपकरणको सबै अंक पार गरेको थियो। फौजीहरूले महिनौँसम्म त्यहाँको विशाक्त माटो साभेलको साहाराले पन्छाएका थिए, सामान्य पहिरनमा। सरसफाइकर्मीका परीक्षणमा डरलाग्दो गरी उच्च प्लुटोनियमको मात्रा देखिँदा सेनाले ती परिक्षण नै 'अमान्य' भन्ने गर्थ्यो। 'हामी सबै छिटै मर्नेछौँ अनि उनीहरू यो सबै कुरा लुकाउन सफल हुनेछन्,' पालोमेरेस सरसफाइमा संलग्न पूर्वसैनिक होवेलले भने। न्युयोर्क टाइम्ससँगको संवादका क्रममा ७१ वर्ष पुगेका होवेले त्यसको केही समयअघि मात्र शल्यक्रियामाथि उनको मस्तिष्कमा देखिएको ट्युमर हटाएको थियो।

(बिजनेस इन्साइडरका लागि क्रिस्टोफर वुडी, एबिसी न्युजका लागि ली फेरान र न्युयोर्क टाइम्सका लागि डेभ फिलिप्सले तयार पारेको रिपोर्टमा आधारित यो लेख श्रवण उप्रेतीले अनुवाद गरेका हुन्।)

आगो बोल्ने आँखाहरू



संगीत मगर
magarmanjhari@gmail.com

कविता

हरेक साल
जसरी वनमारा फुलेर
सेताम्मे भएको छ
यतिवेला म उनलाई सम्झिन्छु

हरेक साल नै उनी
मेरो कल्पनाको दुनियाँमा
उसैगरी आउँछिन्
फुत्त मेरो घरअगाडिको वनमाराको झाडबाट।

गोल्डस्टार जुत्ता अनि कम्ब्याक्ट लगाएकी
उनका गाजलविनाका आँखाहरू आगो बोल्दथे
हातमा हतियार बोकेर हिँडेकी उनको मनमा
गुराँस फुल्दथ्यो।

यस्तो लाग्थ्यो,
कलम समाउँदा झुक्किएर बन्दुक समाउन पुगिन्।

उनको बेदाग अनुहारमा
उमेरका रहरलाग्दा रहर भेटिँदैनथे
भेटिन्थे केवल
टाढा कतै हेरिरहने चिम्सा आँखा।

यौवनको पहिलो खुड्किलामा
यो कस्तो जिन्दगी खोज्दै हिँडेकी छिन् उनी ?
के उनी जान्दछिन् क्रान्ति के हो ?
के उनी जान्दथिन् यो हतियारले के गर्छ ?

उनको यो ख्याउटे शरीरले
कसरी थेग्छ माइलको यात्रा ?
बेदाग छ अनुहार र निरस छन् आँखाहरू
त्यहाँ केवल आगो बलिरहेछ

यो दनदनी आगो केका लागि ?
राज्यसत्ताको निराशा हो ?
या हो व्यक्तिगत आवेग र प्रतिशोध ?

मैरामा बसिरहेकी उनको छेउमा
जब पुरुष कमरेड सुस्तरी गए
उनी किन तर्सिइन बेस्सरी ?
किन हेरिरहन्छिन् उनी
आबैले मलाई कपाल बाटिदिएको ?
किन हेरिरहन्छिन्
भित्तामा टाँसिएको स-परिवारको तस्बिरमा ?

उनी मौन थिइन्
तर उनको मौनता धेरैथोक बोल्थ्यो।

एक रातपछिको अर्को दिन
छपक्कै छोप्ने गरी बाँधेर
आफ्नो सानो निधारमा रातो फेटा
उनी उकाली लागिन् कमरेडहरूसँगै।
उसैगरी- जसरी आएकी थिइन्।

वर्षौं बितिसक्यो
थाहा छैन मलाई
उनी कहाँ होलिन् ?
उनका आँखाहरूमा
आजभोलि गाजल होला कि आगो ?

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार २० जेठ ०८०

कोरियाका लागि उत्कृष्ट स्रोतमुलुक बन्दै नेपाल

कोटा प्रणाली हटाएपछि बढे कोरिया जाने नेपाली कामदार



■ नेपाली श्रमिकको कोटा बढाउँदै कोरिया

२०२३ का लागि कोटा प्रणाली हटाएको कोरियाले आगामी वर्ष यसलाई निरन्तरता दिन्छ वा कोटा तोक्छ निश्चित छैन । कोरिया सरकारले कोटा तोक्ने अवस्थामा श्रमिकका लागि बढाउने भएको छ । हाल कोरियामा जारी नेपाल र कोरिया सरकारबीचको छलफलमा कोटा बढाउने विषयमा छलफल भएको श्रम मन्त्रालयका सचिव एकनारायण अर्यालले बताए । छलफलमा सहभागी अर्यालका अनुसार कोरियाले आफ्ना स्रोतमुलुकमध्ये नेपाललाई प्राथमिकता दिएको छ । 'कोरियाले इपिएस प्रणालीबाट श्रमिक लैजाने प्रणालीको विषयमा पहिलोपटक छलफल आयोजना गरेको हो । छलफलमा कोरियाले पहिलो चरणमै नेपालसँग छलफल गरेको छ । यसले पनि कोरिया नेपालीप्रति बढी प्रभावित भएको देखिन्छ,' उनले भने । दक्षिण कोरिया सरकारको मानव स्रोत व्यवस्थापन सेवाको आयोजनामा १२ जेठदेखि इपिएस प्रणालीको विषयमा छलफल भइरहेको छ, जुन १९ जेठसम्म चल्छ ।

मुना कुँवर / नयाँ पत्रिका

कोरियाका लागि नेपाल उत्कृष्ट आप्रवासी श्रमिक स्रोतमुलुक बन्ने भएको छ । कोरियाले खुला कोटा प्रणालीमार्फत श्रमिक भित्र्याउने प्रक्रिया सुरु गरेपछि नेपालबाट सबैभन्दा धेरै कामदार कोरिया पुगेका छन् ।

नेपालसहित विश्वका १६ मुलुकबाट रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत आप्रवासी कामदार भित्र्याउने गरेको कोरियाले प्रत्येक मुलुकलाई श्रमिकको कोटा छुट्याउने गरेकोमा सन् २०२३ मा भने हटाएर आफ्नो क्षमताअनुसार श्रमिक पठाउन सक्ने बाटो खोलिदिएको छ । खुला प्रणालीअनुसार यस वर्ष कोरियाले एक लाख २० हजार आप्रवासी श्रमिक माग गरेको छ । मे महिनासम्म नेपाली कामदार मात्रै नौ हजार तीन सय कोरिया पुगेको वैदेशिक रोजगार विभागको इपिएस शाखाका निर्देशक पुष्पराज कटुवालले बताए । जब कि अन्य मुलुकबाट अधिकतम चार हजार मात्रै गएका छन् । यस वर्षको अन्त्यसम्म करिब २० हजार नेपाली कोरिया पुग्ने कटुवालको अनुमान छ । विगतमा कोरियाले नेपालबाट वार्षिक पाँचदेखि ६ हजार युवा मात्रै लैजाने गरेको उनले बताए ।

नेपालले इपिएस प्रणाली चुस्त-दुरुस्त राख्न सकेकाले धेरै कामदार पठाउन सकिएको शाखा निर्देशक कटुवाल बताउँछन् । 'हामीले इपिएसको परीक्षा प्रणाली उत्कृष्ट बनाएका छौं । सबै कामलाई अनलाइन गरेका छौं,' उनले भने, 'परीक्षा दिएपछि कोरिया जाने समयमा मात्रै युवा इपिएस शाखा पुगे हुन्छ ।'

■ पानीजहाज निर्माणको क्षेत्रमा पनि नेपाली युवा लैजाँदै

कृषि र उत्पादनमूलक क्षेत्रमा मात्रै नेपाली श्रमिक लगेको कोरियाले अब विभिन्न निर्माण क्षेत्रका लागि पनि सीपयुक्त दक्ष युवा पनि लैजाने भएको छ । यसअन्तर्गत 'सिप बिल्डिङ' (पानीजहाज निर्माण) मा पनि श्रमिक लैजान लागेको इपिएस शाखाका निर्देशक पुष्पराज कटुवालले बताए । यो नेपालीका लागि नयाँ र पहिलो क्षेत्र हो ।

यो क्षेत्रमा २०२३ भित्र तीन हजार नेपाली युवा पठाउने समझदारी भएको छ । यसका लागि उत्पादनमूलक क्षेत्रको रोस्टरमा रहेका युवालाई प्राथमिकता दिइनेछ । हाल उत्पादनमूलक क्षेत्रको रोस्टरमा नौ हजार युवा छ, जसमध्ये सात सय २६ जनाले क्षेत्र परिवर्तन गरी पानीजहाज निर्माण क्षेत्रमा जान इच्छा जनाइसकेका छन् । उनीहरूको आगामी १९ देखि २३ जुनसम्म छनोट हुनेछ र जुलाई अन्तिम सातादेखि कोरिया जानेछन् । बाँकी युवाका लागि नयाँ आवेदन खुलाउने इपिएस शाखा निर्देशक पुष्पराज कटुवालले बताए । कृषि र उत्पादनमूलक क्षेत्रमा भन्दा सिप बिल्डिङमा बढी पारिश्रमिक र सेवा-सुविधा हुनेछ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

त्यस्तै, स्कार्फोल्ड, इन्सुलेसन, ग्रेन्डर, वेल्डिङ, पाइप मेसिनरी र इलेक्ट्रिक क्याबलिङजस्ता क्षेत्रमा काम गर्न पनि नेपाली युवा लैजान लागेको छ । कोरिया सरकारले श्रमिकलाई तालिम दिएपछि मात्रै यो क्षेत्रमा काममा लगाउने भएपछि नेपालीका लागि अवसर नै हुनेछ । 'हालसम्म कोरियाले नेपालबाट अदक्ष श्रमिक मात्रै लगेको छ । जसलाई कृषि र उत्पादनमूलक क्षेत्रमा मात्रै प्रयोग गरिएको छ । अब भने कोरियाले दक्ष श्रमिकलाई पनि लैजाने भएको हो,' कटुवालले भने ।

इपिएस परीक्षा उत्तीर्ण गरेका युवाको नाम शाखाले रोस्टरमा राख्नेछ । रोजगारदाताको मागअनुसार नै कुन युवा कुन क्षेत्रमा जानेछन् भन्ने निश्चित हुनेछ । कोरियास्थित रोजगारदाताको रोजाइमा नै सबै निर्धारण हुने शाखाका निर्देशक कटुवालले बताए ।

कोरियाले सन् २००८ मा नेपालबाट मत्स्यपालन, उत्पादन र कृषि तथा पशुपालन क्षेत्रमा श्रमिक लैजाने गरी सम्झौता गरेको थियो । तर, बीचमा मत्स्यपालन क्षेत्रमा नेपालीको माग नगर्ने निर्णय भएको थियो ।

कोरियाले सञ्चालन गरेको इपिएस प्रणालीलाई अझै प्रभावकारी बनाई सीपयुक्त श्रमिक कोरियामा लैजानका लागि कोरिया सरकार सकरात्मक रहेको श्रम मन्त्रालयका सचिव एकनारायण अर्यालले बताए ।

सचिव अर्यालका अनुसार यसका लागि कोरिया सरकारको स्वामित्वमा रहेको ग्लोबल इन्स्टिच्युट फर ट्रान्सफरिङ र नेपाल सरकारले सञ्चालन गरेको तालिम केन्द्रबीच सम्झौता हुनेछ । इन्स्टिच्युटले कोरियाको श्रम बजारको आवश्यकताअनुसार कोरिया जाने श्रमिकलाई तालिम दिनेछ । तालिममा प्रविधिलाई जोड दिइनेछ । तालिम प्राप्त नेपाली श्रमिकले उत्पादकत्व वृद्धिमा सहयोग दिने कोरियाली सरकारको धारणा रहेको श्रमसचिव अर्यालले बताए ।

त्यस्तै, कोरियामा रोजगारी गरेर नेपाल फर्कने कामदारको दिगो पुनर्स्थापनाका लागि पनि कोरिया सरकारले सहयोग गर्ने भएको छ । कोरियामा सिकेको सीपले नेपालभित्रै स्वरोजगार हुन् भन्ने कोरिया सरकारको तीव्र इच्छा रहेको समेत बताएका छन् ।

विद्युत् प्राधिकरणले एमसिएलाई करिब नौ अर्ब रुपैयाँ दिँदै

तर, एमसिसीबाट आउने पैसा सकिएपछि मात्रै खर्च गरिने



मिलन विश्वकर्मा / नयाँ पत्रिका

सरकारी स्वामित्वको नेपाल विद्युत् प्राधिकरणले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) अन्तर्गतको प्रसारण लाइन र सबस्टेसन निर्माणका लागि करिब नौ अर्ब रुपैयाँ दिने भएको छ । सबस्टेसनमा बेज थप्नेलगायत प्रयोजनका लागि प्राधिकरणले ६७ मिलियन डलर (आठ अर्ब ८४ करोड रुपैयाँ) दिने भएको हो ।

एमसिसीअन्तर्गत बन्ने परियोजनामा सरकारले पनि एक सय ३० मिलियन डलर दिने गरी सुरुमै सम्झौता भएको थियो । अहिले सरकारी स्वामित्वकै प्राधिकरणबाट एमसिसी परियोजनामा सोबराबरको रकम दिने पक्का भएको हो ।

सबस्टेसन र प्रसारण लाइनका लागि आवश्यक थप डिजाइन बनाएर निर्माण गर्नुपर्ने भएकाले प्राधिकरणले पैसा दिन लागेको एमसिए नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले जानकारी दिए । 'प्राधिकरणले प्रसारण लाइन र सबस्टेसन आफूलाई सहज हुने गरी बनाउन खोजेको छ । तर, त्यसका लागि बजेट पुग्ने सम्भावना न्यून थियो,' उनले भने, 'किनकि, यसअन्तर्गत बनाइने आयोजनाको खर्च अनुमान ०१६ मै गरेको हो । यसबीचमा महँगी बढेको हुँदा पहिलाकै लागतमा डिजाइन थप गरेर आयोजना बनाउन सकिँदैन । त्यसैले प्राधिकरण आफैंले पैसा थप्ने गरी परिमार्जित डिजाइनमा आयोजना बनाउन लागेका हौं ।'

त्यसमा १७ मिलियन डलर बुटवल-गोरखपुर अन्तदेशीय प्रसारण लाइनको नेपाल खण्डमा छुट्याइनेछ, उक्त खण्ड एमसिसीअन्तर्गत नै बन्दै छ । बाँकी ५० मिलियन भने अन्य प्रसारण लाइन र सबस्टेसनमा खर्च गरिनेछ ।

एमसिसीको पैसा सकिएपछि मात्रै खर्च गरिने

यो पैसा सुरुमै खर्च गरिनेछैन । यसअन्तर्गतका परियोजना बनाउन एमसिसीले पाँच सय मिलियन डलर अनुदान दिइरहेको छ । साथै, सरकारले पनि एक सय ३० मिलियन डलर यसमा खर्च गर्नेछ । उक्त पैसा खर्च भएर नपुगेको अवस्थामा प्राधिकरणबाट आएको पैसा खर्च हुनेछ । नभए उक्त रकम फिर्ता जाने विष्टको भनाइ छ ।

यस्तै, प्रसारण लाइन र सबस्टेसनको निर्माणमा सहकार्य गर्ने गरी मंगलबार प्राधिकरण र एमसिए नेपालबीच सम्झौता भइससकेको छ । आयोजना सहायता सम्झौतामा एमसिए नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्ट र प्राधिकरणका उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले हस्ताक्षर गरेका थिए ।

एमसिसीको ५० करोड डलर अनुदानबाट चार प्रसारण लाइन, तीन सबस्टेसन र पूर्व-पश्चिम राजमार्गको ९९ किमि सडकखण्ड मर्मत गर्ने गरी सेप्टेम्बर २०१७ मा अमेरिकासँग सम्झौता भएको थियो । जुन सम्झौता १५ फागुन ०७८ (२७ फेब्रुअरी २०२२) मा संसद् बाट अनुमोदन भएसँगै कार्यान्वयनको ढोका खुलेको थियो । यसमा प्रसारण लाइनको टेन्डर भरेका ६ कम्पनीको मूल्यांकन गर्ने काम भइरहेको छ । सबस्टेसन टेन्डर भइरहेको छ भने सडक मर्मतको बाँकी छ ।

कम्प्याक्टमा पनि परिमार्जन

एमसिए नेपालले प्राधिकरणबाट आउने पैसालाई आफ्नो कम्प्याक्टमा पनि राखेको छ । एमसिए नेपालका अनुसार यसलाई सरकारको योगदानका रूपमा लिइएको छ । साथै, कार्यान्वयन पत्रमार्फत कम्प्याक्टको सम्बन्धित अनुसूचीमा यससम्बन्धी परिमार्जन गरिएको एमसिए नेपालको भनाइ छ ।

प्रसारण लाइन निर्माणका लागि अपर्याप्त हुने अनुमानित खर्चका लागि परिमार्जित बजेटको व्यवस्था गरी अनुसूची परिमार्जन गरिएको छ । तीनवटा सबस्टेसनमा थप बेज जडान गरिने गरी अनुसूची परिमार्जित गरिएको छ । यसैगरी, सडक मर्मत आयोजनाको कार्यमा पनि केही परिवर्तन गरिएको छ । तर, यसले सडक मर्मतसम्बन्धी समग्र कार्यको बजेटमा कुनै प्रभाव नपार्ने बताइएको छ ।

सबस्टेसनमा बेज थपिने

प्राधिकरणले पैसा हाल्ने भएपछि यसअन्तर्गत बन्ने तीन सबस्टेसनमा पर्याप्त मात्रामा प्रसारण लाइन जोड्न मिल्ने गरी थप बेज (लाइन जोड्ने सिस्टम-बिएवाई) थपिने भएको छ । एमसिसीअन्तर्गत रातामाटे, बुटवल र दमौलीमा चार सय केभी क्षमताका एक-एकवटा अर्थात् तीनवटा सबस्टेसन बन्दै छन्, त्यसका लागि अन्तर्राष्ट्रिय रूपमा टेन्डर आह्वान भइरहेको छ । त्यसमा जुन ३० तारिखसम्मको म्याद छ । सोही क्रममा बेज थप्ने गरी डिजाइन थप्न लागिएको हो ।

सबस्टेसनको यसअघिकै डिजाइनमा प्रसारण लाइन जोड्ने सिस्टम (वेय) रहेको छ । तर, त्यो पर्याप्त थिएन । नयाँ विद्युत् आयोजना तथा प्रसारण लाइन थपिएमा नयाँ सबस्टेसन नै बनाउनुपर्ने बाध्यता आउँथ्यो । उता अहिले नै अन्य सबस्टेसनमा बेज थोरै हुँदा दुःख पाइरहेको प्राधिकरणले एमसिसीअन्तर्गत बन्ने सबस्टेसनमा पर्याप्त रूपमा यस्तो सिस्टम राख्न चाहन्थ्यो । त्यसका लागि एमसिसी कार्यान्वयन गर्ने निकाय एमसिए नेपाल र प्राधिकरणबीच निरन्तर छलफलसमेत भइरहेको थियो । तर, त्यसका लागि बजेट सुनिश्चित नहुँदा त्यसले पूर्णता पाउने थिएन । अहिले प्राधिकरण आफैंले लगानी थप गर्ने भएपछि थप डिजाइनमा सबस्टेसन बनाउने पक्का भएको हो । यसले सबस्टेसन निर्माणको आह्वान गरिएको टेन्डरमा कुनै असर नपर्ने एमसिए नेपालका कार्यकारी निर्देशक विष्टले बताए ।

'हामीले यसबारे पहिलादेखि नै छलफल गरिरहेका थियौं । त्यसैले टेन्डरमा यसबारे पहिला नै सम्बोधन भइसकेको छ । त्यसमाथि डिजाइन एन्ड बिल्डमै टेन्डर आह्वान भएको हो,' उनले भने, 'त्यसैले यसमा समस्या हुँदैन ।'

योसँगै अब उक्त सबस्टेसनलाई पर्याप्त मात्रामा सञ्चालन गर्न सकिने उनले बताए । 'सायद, पहिलाको डिजाइनअनुसार उक्त सबस्टेसनलाई पर्याप्त मात्रामा सञ्चालन गर्न सकिने थिएन होला । अब थप डिजाइनमा सबस्टेसन बनाउँदा उक्त आयोजनाहरूलाई पर्याप्त मात्रामा सञ्चालन गर्न सकिन्छ,' उनले भने, 'सबस्टेसनको क्षमताले पुग्नेसम्म प्रसारण लाइन थप्न सकिन्छ ।' पहिला यी तीनवटा सबस्टेसन बनाउन एक सय १४ मिलियन डलर खर्च हुने अनुमान गरिएको थियो ।

बजेटले बढायो सुनको भन्सार दर, मूल्यमा नयाँ रेकर्ड



काठमाडौं / बजेटपछि सुनको मूल्यमा नयाँ रेकर्ड कायम भएको छ । शुक्रबार सुनको मूल्य एक लाख १३ हजार तीन सय रुपैयाँ पुगेसँगै सुनको मूल्य अहिलेसम्मको धेरै पुगेको हो । बिहीबारको तुलनामा सुनको मूल्य आठ सय रुपैयाँले बढेको छ । बिहीबार सुनको मूल्य बढेर एक लाख १२ हजार पाँच सय पुगेको थियो । बजेट घोषणापछि बढ्न थालेको सुनको भाउ उकालो लागेको हो ।

बिहीबारको तुलनामा शुक्रबार सुनको मूल्य आठ सय रुपैयाँले बढेर एक लाख १३ हजार तीन सय रुपैयाँ पुगेको छ । यसरी एक हप्तामै नेपाली बजारमा सुनको मूल्य प्रतितोला पाँच हजार रुपैयाँले बढेको छ ।

बजेटले सुनको भन्सार दर १० प्रतिशतबाट १५ प्रतिशत पुऱ्याएकाले नेपालमा मूल्य उच्च दरले बढेको नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष मणिकरत्न शाक्यले बताए । उनले भने, 'अहिले मूल्य बढ्नुको मुख्य कारण भन्सार दर नै हो । त्यस्तै, अन्तर्राष्ट्रियस्तरमा देखिएको रुस र युक्रेनबीच द्वन्द्व, अन्तर्राष्ट्रिय बजारमा डलरमा आएको उत्तारचढावलगायत कारण पनि छन् ।'

त्यस्तै, चाँदी पनि प्रतितोला २५ रुपैयाँले बढेको छ । बिहीबार प्रतितोला एक हजार चार सय १० रुपैयाँमा कारोबार भएको चाँदीको मूल्य शुक्रबार एक हजार चार सय ३५ रुपैयाँ पुगेको छ ।

२३ प्रतिशतले बढ्यो गलैंचा निर्यात

काठमाडौं / नेपालको कुल निर्यात घट्दा पनि गलैंचा (कार्पेट)को निर्यात भने दोहोरो अंकले बढेको छ । चालू आर्थिक वर्ष ०७९/८० को १० महिनामा कार्पेटको निर्यात २३.२१ प्रतिशत बढेको हो ।



भन्सार विभागले हालै सार्वजनिक गरेको वैदेशिक व्यापारसम्बन्धी तथ्यांकअनुसार वैशाखसम्म नौ अर्ब ४९ करोड २२ लाख ९३ हजार रुपैयाँको कार्पेट निर्यात भएको छ, जुन गत आवको सोही अवधिको तुलनामा एक अर्ब ७८ करोड ८३ लाख रुपैयाँले बढी हो । गत आवको वैशाखसम्म नेपालबाट सात अर्ब ७० करोड ३९ लाख रुपैयाँको कार्पेट निर्यात भएको थियो ।

चालू आवमा नेपालको कुल निर्यात २४.४९ प्रतिशतले घटेको छ । गत आवको १० महिनामा एक खर्ब ७३ अर्बको निर्यात भएको थियो । तर, यसपालि त्यो एक खर्ब ३० अर्ब रुपैयाँमा झरेको छ । त्यो अवस्थामा पनि गलैंचाको निर्यात भने बढेको हो । तथ्यांकअनुसार कार्पेट निर्यात हुने देशमा अमेरिका अग्र स्थानमा देखिएको छ । यो १० महिनामा उक्त देशमा पाँच अर्ब ८७ करोड ८८ लाख रुपैयाँको कार्पेट निर्यात भएको छ । दोस्रो स्थानमा भने जर्मनी रहेको छ, त्यहाँ ७३ करोड ९४ लाख रुपैयाँको कार्पेट निर्यात भएको छ । यसैगरी, तेस्रो स्थानमा रहेको लन्डनमा ६३ करोड रुपैयाँको कार्पेट निर्यात भएको छ ।

नेपाल गलैंचा उत्पादक तथा निकासीकर्ता संघका अध्यक्ष तेन्जिङ शेर्पा भने अनुभूति हुने गरेरै कार्पेटको निर्यात नबढेको बताउँछन् । 'सरकारी तथ्यांकले कार्पेटको निर्यात बढेको देखायो । तर, हामीले भने कार्पेटको निर्यात बढेको अनुभूति गरेका छैनौं,' उनले भने, 'यद्यपि, पछिल्लो समय विश्व बजारमा नेपाली कार्पेटको माग भने बढ्दो क्रममा छ ।'

विशेष गरी सेलेब्रिटी तथा हाई प्रोफाइल व्यक्तिहरूका लागि ब्रान्डेड र गुणस्तरीय कार्पेट (गलैंचा)को माग हुने गरेको उनले बताए । सरकारले सहयोग गरेमा कार्पेटको निर्यात चार गुणासम्म बढाउन सकिने उनको भनाइ छ ।

अहिले गलैंचाका लागि चाहिने उनमा मात्रै भन्सार छुट छ । तर, अन्य कच्चा पदार्थमा भने भन्सार छुट छैन । जसले गर्दा लागत बढी भएको व्यवसायीहरू बताउँछन् ।

बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा
कोशी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०२/२०

यस कार्यालयबाट मिति २०८०/०१/१४ गते सूचना प्रकाशित गरी खरिद कार्यको लागि बोलपत्र आव्हान गरीएकोमा प्राप्त बोलपत्रहरु मध्ये तपशील बमोजिमको बोलपत्र न्युनतम मूल्यांकीत सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ (२) र (३) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि प्रकाशित गरीएको छ ।

खरीद कार्य नं.	खरिद योजनाको नाम	बोलपत्रदाताको नाम र ठेगाना	कवोल अंक (मु. अ. क. बाहेक)
10-BRM/ GOODS/079/80	Supply of Machinery and Equipment for Livestock	श्री रमा इन्टरप्राइजेज, विराटनगर-१, मोरङ्ग	रु. ४८,९७,५५०/-

प्रमुख प्रशासकीय अधिकृत

पशुपति सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

बचत रकम फिर्ता गर्ने सम्बन्धि सूचना

यस संस्थाको बचतकर्ता सदस्यहरूलाइ निम्न उल्लेखित मिति तथा तालिका अनुसार आंशिक नगद तथा जग्गा वितरण गरी हिसाव राफसाफ गरिने भएकोले वचतकर्ता सदस्यहरूले आफ्नो खाताको बचत रकम यकिन गरि संस्थाको कार्यालयमा सम्पर्क गर्नुहून अनुरोध गरिन्छ ।

आंशिक रकम तथा जग्गा वितरण गरिने तालिका

खातामा भएको रकम यकिन गर्ने मितिः २०८० अषाढ १ गते देखि १५ गते सम्म

वचत रकम रू. १ लाख सम्मको	मितिः २०८० असार १६ गते देखि
वचत रकम रू. १० लाख सम्मको	मितिः २०८० साउन १६ गते देखि
वचत रकम रू. १० लाख माथि	मितिः २०८० भदौ १ गते देखि

जग्गा वितरणः मितिः २०८० असार १ गते देखि शुरू

पशुपति सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
Pashupati Savings & Credit Co-Operative Ltd.

केन्द्रिय कार्यालयः ललितपुर महानगरपालिका वडा नं-११, शंखमुल आवास क्षेत्र, घर नं ८, शंखमुल, ललितपुर,
फोनः ०१-५२६१८७८, ५२६१८७९, इमेलः pashupatisaving@gmail.com,
वेवः www.pashupatisaving.com.np
सेवा केन्द्रः जमल, काठमाण्डौ, फोनः ०१-५३२२८६१, ५३२०६४९

का.जि.द.नं.१२८/७६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
शनिबार २० जेठ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

‘ए’ डिभिजन लिगमा छैनन् दर्शक

रमेश सुवेदी/नयाँ पत्रिका

बार्सिलोनाका लिजेन्ड जेरार्ड पिकेले सन्न्यास लिँदा घरेलु मैदान नोउ क्याम्पमा ९२ हजार ६ सय पाँच सय दर्शक उपस्थित थिए। बार्सिलोनाबाट ६ सय १६ खेलपछि पिकेले सन्न्यास लिँदा हजारौँ दर्शकसामु भावुक बने। नाउ क्याम्प मैदानमा सधैँ मैदान उत्रँदा समर्थकबाट माया पाएको र यही नै खेल जीवनको ठूलो उपलब्धि हासिल गरेको पिकेको भनाइ रह्यो। ‘जब हामी मैदानमा खेलिरहेका हुन्थ्यौँ, समर्थकको साथमा जति बलिया विपक्षीमाथि सहज जित निकाल्थ्यौँ,’ पिकेले भने।

यसैगरी, इंग्लिस खेलाडी स्टेफन जेरार्ड लिभरपुलका सदाबहार उत्कृष्ट खेलाडी हुन्। एनफिल्डका लिजेन्डलाई ‘लोकल हिरो’ भनिन्छ। लिभरपुलको सहरी प्रतिद्वन्द्वी एभर्टनविरुद्धको प्रतिस्पर्धामा सधैँ समस्या हुने जेरार्डको तर्क छ। जेरार्ड एभर्टनविरुद्ध मात्रै होइन, अबे खेल खेल्दाको परिस्थिति सधैँ नाजुक र खेल्न सहज नहुने प्रतिक्रिया दिन्छन्।

यी उदाहरणहरू विश्व फुटबलका समर्थक र दुई क्लबबीचको सम्बन्ध हो। अब, नेपाली खेल, खेलाडी र क्लबसँगै समर्थकको कुरा गरौँ। नेपालको फुटबलमा विश्व फुटबलको भन्दा ठीकविपरीत छ। अहिले दशरथ रंगशाला, च्यासल र सात दोबाटोको एन्फा कम्प्लेक्समा ‘ए’ डिभिजन लिग चलिरहेको छ। लिगमा १४ क्लब सहभागी छन्। लिगको क्लाइमेक्स आउने चरणमा छ। लिगको शनिबारदेखि २४औँ चरण खेल सुरु हुनेछ। यसपछि लिगमा तीन चरणका खेल बाँकी रहेछन्। यसै तीन चरण खेलबाटै च्याम्पियन र रेलिगेसन टोलीको छिनोफानो हुनेछ। मैदानबाहिर क्लबबीच निकै प्रतिस्पर्धा चलिरहेको छ। तर, मैदानमा भित्र भने खेल प्रतिस्पर्धात्मक बन्न सकेको छैन। लिगको अंकतालिका हेर्ने हो भने युरोपका शीर्ष पाँच लिगभन्दा यहाँको सहिद स्मारक कम छैन । शीर्षदेखि पुछारसम्म उत्तिकै प्रतिस्पर्धा छ। एक खेल जित र हारले शीर्ष, मध्य तथा पुछारको समीकरण नै तलमाथि हुन्छ।


फाइल तस्बिर

■ समर्थक नहुँदा खेल नै खल्लो

कुनै वेला दशरथ रंगशालामा श्री स्टार र मनाङ मर्स्याङ्दीबीचको खेल हुँदा दर्शक एक खुट्टाले उभिएर खेल हेर्थे। आर्मी र पुलिसको खेलमा पनि यस्तै हुन्थ्यो। एक-आपसका कट्टर क्लबबीचको प्रतिस्पर्धामा टोलका सबैजसो समर्थक रंगशाला पुग्थे। रंगशालाभित्र हजारौँ दुई क्लबका समर्थकबीचको चिच्च्याहटले खेलको माहोल नै फरक हुन्थ्यो। अहिले ठीक यसको विपरीत लिग चलिरहेको छ। दर्शकले लिग फुटबल रोमाञ्चक खेल हेर्ने बिर्सेको जस्तो छ। श्री स्टार र मनाङबीचको खेल हुँदा पनि दर्शकलाई हातले नै गन्न सक्ने अवस्था सिर्जना भएको छ।

मुख्य प्रायोजकबीच चलिरहेको लिगको सुरुदेखि नै दर्शकको उपस्थित नगण्य छ। यहाँ केवल सीमित दर्शक, अफसियल, पत्रकार र ग्राउन्ड स्टार्फ मात्र हुन्छन्। फुटबलकै मेरुदण्ड मानिने ‘ए’ डिभिजन लिग सुनसान र शान्त पाराले अगाडि बढिरहेको छ। समर्थक नहुँदा खेलाडीले बोलेका रणनीतिक र अपशब्द मज्जाले प्यारापिटमा सुनिन्छ। समर्थकको उपस्थितिले खेलको माहोल तातिने तर्क छ। चर्च ब्वाइज युनाइटेडका प्रशिक्षक बालगोपाल महर्जन यसलाई स्विकार्छन्।

‘लिगमा समर्थक मात्रै हुँदा खेलस्तर नै अर्को हुन्थ्यो, खेलाडीलाई खेल्न प्रेरित हुन्छ, तर समर्थक नै नभएपछि खेलमा कुनै रौनक छैन,’ खेलाडीका रूपमा हजारौँ दर्शकसामु खेलिसकेका महर्जन भन्छन्। समर्थकको बाक्लो उपस्थितिले खेलमा दुवै पक्षले दबाब लिँदै रोमाञ्चक बनाउने प्रयास हुने उनले बताए। ‘हिजोको दिनमा मैले क्लबबाट खेल्दा समर्थक थेग्न नसक्ने गरी रंगशालामा आउँथे, हामी त्यसवेला निकै दबाबमा हुन्थ्यौँ, अहिले हेर्दै भने राम्रा क्लबले खेलिरहँदा पनि समर्थक आइरहेका छैनन्,’ महर्जनले भने। श्री स्टार, रानीपोखरी कर्नर (आरसिटी) र मनाङ मर्स्याङ्दी क्लबका पूर्वमिडफिल्डर महर्जनले लिगमा कम दर्शकको उपस्थितिलाई प्रचार-प्रसारको कमी मान्छन्।

घरेलु फुटबलकै ‘एल क्लासिक’ भिडन्तका रूपमा हेरिएको लिगको ४९औँ खेलमा श्री स्टार र मनाङ मर्स्याङ्दी क्लबबीचको खेललाई दुई हजार आठ सय ३५ ले मात्र हेरेका थिए। १४औँ खेलमा साबिक विजेता मच्छिन्द्र फुटबल र साबिक उपविजेता त्रिभुवन आर्मी फुटबल क्लबबीचको खेलमा दुई हजार समर्थक उपस्थित भए। त्यसबाहेक अधिकांश खेलमा एक सय समर्थक मैदानमा पुग्याउन पनि एन्फालाई गाह्रो परेको छ। लिगका एक सय ६१ खेल सम्पन्न भइसकेका छन्।

> सहिद स्मारक ‘ए’ डिभिजन लिगमा अब तीन चरण मात्र बाँकी छन्, अहिलेसम्म एक सय ६१ खेल भइसकेका छन्, काठमाडौं र ललितपुरका मैदानमा सञ्चालित लिगमा दर्शकको उपस्थिति सन्तोषजनक छैन

■ काठमाडौं उपत्यकाकेन्द्रित लिग

‘ए’ डिभिजन लिगलाई काठमाडौं उपत्यकाकेन्द्रित मानिन्छ। काठमाडौंका आठ र ललितपुरबाट ६ क्लब शीर्ष डिभिजनमा छन्। ‘ए’ डिभिजन लिगमा मोफसलमा नभएको वर्षौं भइसकेको छ। काठमाडौंबाट आर्मी, पुलिस र एपिएफसँगै मच्छिन्द्र, मनाङ मर्स्याङ्दी, हिमालयन, न्युरोड टिम (एनआरटी) र संकटा छन्। चर्च ब्वाइज, जावलाखेल, फ्रेन्ड्स, श्री स्टार, खुमलटार र सातदोबाटो ललितपुरबाट प्रतिनिधित्व गर्छन्। प्रशिक्षक महर्जनले काठमाडौंमा धेरै क्लब भएका कारण समर्थकको उत्साह घटेको बताए। लिगमा स्थानीय खेलाडीको उपस्थित कम भएको उनको ठहर छ। ‘हामीसँग शीर्ष डिभिजनमा काठमाडौं र ललितपुरका क्लब मात्रै छन्।

एक-दुई किलोमिटरको दूरीमा दुईदेखि तीन क्लब भेटिन्छन्,’ उनी भन्छन्, ‘समर्थकले कुन टोलीलाई आफ्नो अपनत्व गर्ने भन्ने प्रश्न छ, अर्को महत्त्वपूर्ण पक्ष स्थानीय खेलाडी पनि भएनन्।’ स्थानीय समर्थक नै आफ्नो क्लबलाई समर्थन गर्न मैदान नपुगेको उनले जनाए। घरेलु फुटबललाई नजिकबाट नियालिरहेका काभ्रे पाँचखालका सीताराम दाहाल लिगलाई उपत्यकाबाहिर लैनाजुपर्ने तर्क गर्छन्। ‘हामीले लिगलाई काठमाडौंबाहिर पनि लगेर हेर्ने कि ? क्लबलाई पनि अभ्यास गर्न प्रशस्त मात्रामा मैदान उपलब्ध हुन्छ,’ दाहालले भने, ‘स्थानीयले क्लब आफ्नो भएको अपनत्व पाउँछन् र खेल हेर्न उपस्थित हुन्छन्।’ अघिल्लो सिजन एन्फाले पोखरामा समेत लिग आयोजना गर्दा मनाङका समर्थक त्यहाँ नै पुगेका थिए। पहिलो चरणको खेल चलिरहँदा श्री स्टारका प्रशिक्षक मेघराज केसीले ‘एन्फा फुटबल विकास गर्न लायक नभएको र लिगस्तरीय गर्न सक्ने क्षमता नभएको’ प्रतिक्रिया दिएका थिए।

स्टार खेलाडीको कमी

मुख्य प्रायोजक नहुनु, प्रचार-प्रसारको कमीसँगै नाम चलेका खेलाडी नहुँदा पनि लिगमा दर्शकको उपस्थिति कम भएको विज्ञहरू मान्छन्। एन्फाले आफ्नो एकेडेमीबाट खेलाडी उत्पादन गर्नेमा ध्यान छैन। आन्तरिक लडाइँ र संघर्षमै एन्फाको नयाँ कार्यसमितिको एक वर्ष बित्न लागेको छ। यस्तो मान्नेमा पूर्वखेलाडी र समर्थक छन्। चर्च ब्वाइजका प्रशिक्षक महर्जनले लिगमा स्टार खेलाडी नभएकाले पनि दर्शकको कमी आएको बताए। ‘लिगको विश्लेषण गर्दा स्टार खेलाडी नभएर पनि दर्शकको उपस्थितिमा ह्रास आएको जस्तो लाग्छ,’ महर्जन भन्छन्। स्टार खेलाडीमा विमल घर्तीमगर, अञ्जन विष्ट, अनन्त तामाङ, नवयुग श्रेष्ठ, पूजन उपरकोटी, मनीष डाँगी, आयुष घलान, विक्रम लामाजस्ता खेलाडी छन्। अहिले फुटबलभन्दा क्रिकेटको माहोल बढी छ। क्रिकेटले अन्तर्राष्ट्रिय क्रिकेटमा लगातार प्राप्त गरेको सफलताले समर्थक उतातिर मोडिएको भनाइ पनि छ।

साथै, धेरै नाम चलेका खेलाडी विदेश पलायनले समस्या आएको महर्जनले बताए। ‘४० भन्दा बढी खेलाडी अस्ट्रेलिया र संयुक्त अरब इमिरेट्स पुगेका छन्। धेरै खेलाडी विदेश पलायन भए। त्यसकारण दर्शकले पनि समर्थन गर्ने खेलाडी कम भएका हुन सक्छन्। अर्को कुरा खेलको स्तर पनि हदसम्म कम छ,’ महर्जन भन्छन्। आर्मीका प्रशिक्षक नवीन न्यौपानेले नाम चलेका खेलाडी नहुँदा टोलीको प्रदर्शन घटेको बताउँछन्।

खेल संक्षेप

एसियाडको सचिवालय सुरु

काठमाडौं/ चीनको होङ्झाउमा हुने १९औँ एसियाली खेलकुदको तयारीलाई थप प्रभावकारी बनाउन सचिवालयको कार्यालय सञ्चालनमा आएको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप)मा शुक्रबार खेलकुदमन्त्री डिगबहादुर लिम्बूले एसियाडको कार्यालय उद्घाटन गरेका छन्। मन्त्री लिम्बूले एसियाडमा नेपालको सहभागिता उपलब्धिमूलक बनाउन जिम्मेवार भएर अगाडि बढ्नुपर्नेमा जोड दिएका छन्। राखेपका सदस्यसचिव टंकलाल घिसिङले आगामी आर्थिक वर्षको बजेटमा पनि एसियाली खेलकुदको बजेट सम्बोधन हुनु सुखद पक्ष भएको जनाए।

राष्ट्रिय रिङ रेस्लिङ आज

काठमाडौं/ नेपाल रिङ रेस्लिङ संघको आयोजनामा चौथो राष्ट्रिय रिङ रेस्लिङ प्रतियोगिता शनिबार हुने भएको छ। प्रतियोगितामा पाँच स्पर्धामा प्रतिस्पर्धा हुने आयोजक संघकी महासचिव सुवर्ण श्रेष्ठले जानकारी दिइन्। हेभी वेट विजेताले एक लाख ५५ हजार, ट्रिपल थ्रेट म्याच विजेताले एक लाख २५ हजार, हार्डकोर म्याच विजेताले एक लाख, फिमेल म्याच विजेताले ८० हजार र लाइट वेट विजेताले ६५ हजार रुपैयाँ प्राप्त गर्नेछन्। नुवाकोटे टाइगर, डेभिड, चट्टान, साइन, टुपी ग्याङ, एक्स हिरो, सुजल, सिजे वर्ल्ड, आकृति, तनु र कम्ब्याट कर्मा रिङमा उत्रनेछन्।

हेराल्ड र ज्ञान भूमिको जित

काठमाडौं/ हेराल्ड र ज्ञान भूमिले प्रथम बिएमसिए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषमा शुक्रबार जित हात पारेका छन्। हेराल्डले ह्वाइट माउन्टेनलाई २५-२२ तथा ज्ञान भूमिले बूढानीलकण्ठ आश्रमलाई १७-१३ ले पराजित गरे। सिनियर महिलामा ग्रिनल्यान्डले साइपालेलाई ६८-४९ ले हरायो। टेरेसाले भद्रकालीलाई २५-२२ र एचएचसिएले मनास्लुलाई ३१-१९ ले हराए। सिनियर महिलामा ग्रिनल्यान्डले टेरेसालाई २५-१८ तथा पृथ्वीले मनास्लुलाई ४०-३१ ले पाखा लगाए। जुनियर पुरुषमा सेन्ट जोसेफले भद्रकालीलाई १४-१२ तथा वसुन्धरा नेसनल एकेडेमीले ग्रिनल्यान्डलाई १५-१४ ले पन्छाए।

पहिलो दिन नेपाललाई ६ स्वर्ण

काठमाडौं/ नवौं इन्डो नेपाल कराँते प्रतियोगिताको पहिलो दिन सबै ६ स्वर्ण नेपाली खेलाडीले जितेका छन्। पुरुष २० केजीमुनि तौलसमूहमा शिवपुरी डोजोका अरुण तामाङले स्वर्ण जिते। फाइनलमा उनले आइपिएसका सुसन तामाङलाई हराए। २५ केजीमुनि तौलसमूहमा शिवपुरीकै ड्यानियल तामाङले स्वर्ण हात पारे। ३० केजी तौलसमूहमा दी चाँदबाग स्कुलका आरोग्य पौडेलले फाइनलमा लुम्बिनी एकेडेमीका सौरभ चौधरीलाई हराए। पुरुषकै ४० केजीमुनि तौलसमूहमा मित्रपार्क डोजोका श्रीयश शाहीले उपाधि जिते।

अन्नपूर्ण म्याराथन आज

कास्की/ पदयात्राका लागि विश्वकै १० उत्कृष्टमध्ये एक मानिने अन्नपूर्ण पदमार्गमा शनिबार तेस्रो अन्नपूर्ण म्याराथन हुँदै छ। प्रतियोगितामा दुई विदेशी र ११ महिलासँगै ५६ धावकले प्रतिस्पर्धा गर्नेछन्। ३ जुनलाई अन्नपूर्ण आरोहण दिवसको अवसरमा आयोजना हुने म्याराथन अन्नापूर्ण आधार शिविरदेखि घान्द्रुकमा आएर सकिनेछ। म्याराथनको सम्पूर्ण तयारी पूरा भएको छ। प्रतियोगिताको पुरुषतर्फका विजेताले एक लाख ५० हजार रुपैयाँ पाउनेछन्। दोस्रोले एक लाख र तेस्रोले ७५ हजार रुपैयाँ हात पार्नेछन्। महिलातर्फ पहिलोले ७५ हजार रुपैयाँ जित्नेछिन्।

एसोसिएटलाई कमजोर बनाउँदै आइसिसी

आइसिसीको नयाँ रेभेन्यु प्रणालीअनुसार भारतले ३८.५ र एसोसिएट राष्ट्रले ११.११ प्रतिशत पाउने

दुबई/ अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले प्रस्ताव गरेको नयाँ रेभेन्यु प्रणालीले एसोसिएट राष्ट्र आर्थिक रूपमा कमजोर बन्ने देखिएको छ। हालै दुबईमा बसेको आइसिसीको कार्यकारी बैठकमा अन्तर्राष्ट्रिय क्रिकेटमा नयाँ रेभेन्यु प्रस्ताव प्रस्तुत भएको हो। यो प्रस्तावले सानाभन्दा ठूला क्रिकेट राष्ट्र लाभान्वित हुनेछन्। यसले क्रिकेट खेलको विकासलाई खतरामा पार्ने सम्भावना छ। आइसिसीले सन् २०२४-२०२७ का लागि भनी तीन वर्षीय चक्रका लागि नयाँ रेभेन्यु बाँडफाँट प्रणाली प्रस्ताव गरेको छ। दक्षिण अफ्रिकामा आगामी जुलाईमा बस्ने बोर्ड बैठकमा आइसिसीको पछिल्लो प्रस्तावमा मतदान हुनेछ।

नयाँ प्रणालीअनुसार भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बिसिसिआई)ले १०० मा ३८.५ प्रतिशत रेभेन्यु वार्षिक रूपमा आइसिसीबाट प्राप्त गर्नेछ। आइसिसीमा आबद्ध ९४ एसोसिएट राष्ट्रलाई समग्रमा ११.११ प्रतिशत मात्र रेभेन्यु प्रदान गरिनेछ। आइसिसीका अन्य ११ पूर्ण सदस्यीय राष्ट्रले वार्षिक रूपमा ५०.११ प्रतिशत रेभेन्यु प्राप्त गर्नेछन्।

तर, अन्तर्राष्ट्रिय क्रिकेट समाचार सम्प्रेषण गर्ने क्लिकइन्फोअनुसार आइसिसीले बिसिसिआईलाई विश्वकै शक्तिशाली क्रिकेट बोर्ड बनाउने योजनाअनुरूप नयाँ चक्र प्रणाली ल्याउने तयारी गरेको हो। आइसिसीका प्रबन्धक वासिम खानले नयाँ प्रस्तावित प्रणालीअनुसार अघिल्लापटकको तुलनामा यसपटक बढी रकम पाउने दाबी गरेका छन्।

पाकिस्तानको विरोध

आइसिसीको नयाँ प्रस्तावसम्बन्धमा पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी)ले विरोध जनाएको छ। पिसिबीले छिमेकी राष्ट्र भारतलाई बलियो बनाउने योजनाअनुरूप प्रस्तावित नयाँ प्रणाली लागू गर्ने तयारीमा आइसिसी रहेको आरोप लगाएका छन्। ‘हामीलाई यो नयाँ प्रस्ताव मान्य छैन, यो सरासर बिसिसिआईलाई थप धनी र शक्तिशाली बनाउने योजना हो,’ पिसिबीले भनेको छ, ‘यसमा हाम्रो पूर्ण असहमति छ।’ यसैगरी, आइसिसीको पूर्ण सदस्य नभएका राष्ट्रले पनि असन्तुष्टि पोखेका छन्। एसोसिएट सदस्यहरूको प्रतिनिधित्व गर्दै बोर्डका उपाध्यक्ष सुमोद दामोदरले आइसिसीको नयाँ प्रस्तावले एसोसिएट सदस्यको आवश्यकता पूरा नहुने जनाएका छन्। ‘अहिलेको प्रस्ताव लागू भयो भने एसोसिएट टोली कमजोर हुनेछन्,’ दामोदरले भने, ‘एसोसिएट सदस्यका लागि यो प्रतिशत अपुग छ।’

आइसिसीको दृष्टिकोण कमजोर

आइसिसीका पूर्वअध्यक्ष एहसान मानीले आइसिसीमा दृष्टिकोणको कमजोरी रहेको बताएका छन्। विश्व क्रिकेटमा भारतको मार्केट बलियो हुनु र आइसिसी नै बिसिसिआईप्रति निर्भर हुँदा भविष्यमा क्रिकेटका लागि खतरा रहेको बताएका छन्। पूर्वअध्यक्ष मानीले आइसिसीले आफ्ना सबै पूर्ण सदस्यलाई बराबर बाँड्नुपर्ने बताए।

‘वेस्ट इन्डिज, दक्षिण अफ्रिका, श्रीलंका, बंगलादेश र पाकिस्तानजस्ता राष्ट्रले बराबरी हिस्सा पाउनुपर्छ,’ उनले भने, ‘आयरल्यान्ड र अफगानिस्तानजस्तै जिम्बावेलाई पनि आर्थिक अभाव छ, आर्थिक अभावका कारण क्रिकेट प्रभावित बनिरहेको छ।’ एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेका एसोसिएट सदस्यलाई हाई परफर्मेन्स गर्न धेरै रकम चाहिने उनले बताए।

आर्मी र एपिएफ फाइनलमा

पोष्टराज अधिकारी/नयाँ पत्रिका
मकवानपुर, १९ जेठ

राष्ट्रिय पुरुष भलिबल प्रतियोगिताको उपाधिका लागि नेपाल आर्मी र नेपाल एपिएफ क्लब भिड्ने भएका छन्। हेटौंडामा शुक्रबार भएको सेमिफाइनलमा एपिएफले गण्डकी प्रदेशलाई हराएको थियो। आर्मीले नेपाल पुलिसलाई हराउँदै एपिएफसँगको उपाधि भिडन्त पक्का गऱ्यो। एपिएफले गण्डकीविरुद्ध उत्कृष्ट पुनरागमन गर्दै जित निकालेको हो। पहिलो दुई सेट १८-२५ र १५-२५ ले गुमाएको एपिएफले बाँकी तीन सेटमा लगातार जित निकाल्न सफल भयो। एपिएफले गण्डकीलाई अन्तिम तीन सेटमा २५-१९, २५-२३ र १५-१० ले हराउँदै फाइनल प्रवेश गरेको हो।

नेपाल आर्मीले नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा पराजित गऱ्यो। पहिलो सेट २५-१९ ले आफ्नो पक्षमा पारेको आर्मीले दोस्रो सेट २३-२५ ले गुमाएको थियो। दोस्रो सेट नेपाल पुलिसले जितेको थियो। आर्मीले तेस्रो र चौथो सेट सहजै आफ्नो पक्षमा पार्दै फाइनल यात्रा तय गरेको हो। आर्मीले तेस्रोमा २५-१३ र चौथो सेटमा २५-१५ ले आफ्नो पक्षमा पाऱ्यो ।उपाधि भिडन्त शनिबार हुने प्रतिष्ठानका महासचिव सुरेश श्रेष्ठले जानकारी दिए। प्रतियोगिताको उपाधि विजेताले दुई लाख र उपविजेताले एक लाख पाउनेछन्। सेमिफाइनलिस्टले जनही ५० हजार रुपैयाँ हात पार्नेछन्। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई १५ हजार र विधागत उत्कृष्ट हुने खेलाडीलाई जनही पाँच हजार रुपैयाँ प्रदान गरिने आयोजक केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठानका अध्यक्ष प्रताप विष्टले जानकारी दिएका छन्।

मेसीमाथि नजर राख्दै बेकह्याम



पेरिस/ अर्जेन्टिनी कप्तान लियोनल मेसीले पेरिस सेन्ट जर्मेन (पिएसजी) छाड्ने पक्का भएको छ। यस सिजनको अन्त्यसँगै मेसी र फ्रेन्च क्लब पिएसजीबीचको सम्झौता समाप्त हुँदै छ। पिएसजीले मेसीसँग सम्झौता नगर्ने पक्का छ। पिएसजीका प्रशिक्षक क्रिस्टोफ गाल्टियरले मेसीले सिजनको अन्त्यसँगै क्लब छाड्ने पुष्टि गरिसकेका छन्। ‘विश्वकै महान् खेलाडी मेसीले पिएसजी छाड्ने पक्का हो, पिएसजीसँगको सम्झौता लिगको अन्त्यसँगै सकिनेछ, उनको सम्झौता नवीकरण हुनेछैन,’ पिएसजीका प्रशिक्षक क्रिस्टोफले बिबिसीसँग भनेका छन्।

मेसीले पिएसजी जाँदा उनी कता जान्छन् भन्ने चासो छ। बार्सिलोना, साउदी अरेबिया तथा अमेरिकाको क्लबले उनलाई भित्राउन होडबाजी गर्ने बेलायती मिडियाहरूले जनाएका छन्। इंग्लिस फुटबलमा लिजेन्ड डेभिड बेकह्यामको स्वामित्वमा रहेको अमेरिकन क्लबले मेसीलाई नयाँ सिजनमा अनुबन्ध गर्न तयारी गरेको छ। पाँच वर्षअघि बेकह्याम स्वयंले आफ्नो क्लबमा क्रिस्टियानो रोनाल्डो र मेसीलाई सँगै खेलाउने योजना सुनाएका थिए।

अमेरिकामा मेसी भित्र्याउने योजना बेकह्यामको पाँच वर्ष पुरानो हो। अब बेकह्याम आफ्नो सपना पूरा गर्न लागेका छन्। यद्यपि, बेकह्यामले मेसीसँग अनुबन्ध गर्दा कति रकम खर्चने स्पष्ट पारेका छैनन्। तर, बार्सिलोनाको तुलनामा पक्कै इंग्लिसम्यानले धेरै रकम खर्चने छन्। यद्यपि, साउदी अरेबियन क्लबले एक महिनाअघि मेसीलाई विश्व फुटबलकै कीर्तिमानी रकम प्रस्ताव राखेका थिए। मेसी नयाँ सिजनमा कुन क्लबमा जाने भन्ने उनका एजेन्टले तय गर्नेछन्।

सन् २०२१ मा मेसी स्पेनिस क्लब बार्सिलोना छाड्दै पिएसजीसँग आबद्ध भएका थिए। बार्सिलोनासँगको १७ वर्षको साँठगाँठ तोड्दा मेसी निकै भावुक बनेका थिए। पिएसजीमा दुई सिजन बिताएका मेसीको ३ जुनमा अन्तिम खेल हुनेछ। पिएसजी त्यागे तयारी गरेका मेसीलाई बार्सिलोना र अमेरिकन क्लबले भित्र्याउने तयारी गरेका छन्।

> इंग्लिस फुटबलका लिजेन्ड डेभिड बेकह्यामको स्वामित्वमा रहेको अमेरिकन क्लब मेसीलाई नयाँ सिजनमा भित्र्याउने कसरतमा



दुई वर्ष पिएसजीमा मेसी

मेसीले दुई वर्ष पिएसजीमा बिताए। उनको अन्तिम खेल ३ जुनमा हुनेछ। मेसीले पिएसजीबाट क्लेरमोन्टविरुद्ध खेल्ने तय भएको छ। मेसीले चालू सिजन फ्रेन्च लिग वानमा १६ गोल र १६ असिस्ट गरेका छन्। दुई वर्षभित्र मेसीले फेन्च लिग वान उपाधि जितेका छन्। युरोपियन फुटबलमा मेसीले क्लबस्तरीय फुटबल प्रतियोगितामा सर्वाधिक गोल गर्ने रोनाल्डोको कीर्तिमान गत साता भंग गरेका थिए।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com